५०

# अमर ज्योति

साहित्यिक त्रैमासिक



विद्युतकर्मी साहित्यिक समाज

जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : १८, पूर्णाङ्क ५०
(२०७७ चैत–०७८ जेठ)

**संरक्षक**
हितेन्द्रदेव शाक्य

**प्रधान सम्पादक**
कृष्णदेव रिमाल 'शब्दसेना'

**कार्यकारी सम्पादक**
विष्णुप्रसाद आचार्य 'अतृप्त'

**सम्पादक समिति**
रमेश सागर
आविष्कार कला
रीता चालिसे
यादवराज घले

**व्यवस्थापक**
सङ्गीता अधिकारी
शारदा पोखरेल
बलराम पुडासैनी

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत मातृदास

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
चतुर्भुज गौतम, मकवानपुर
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

**प्रकाशक**
विद्युतकर्मी साहित्यिक समाज
नेपाल विद्युत् प्राधिकरण

**सम्पर्क**
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea.org.np
फोन नं. : ०१–४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौँ ०१–४२४४५९७ द्वारा मुद्रित

# असार : कर्मयोगको गीत गाउँदै सिर्जनाको फूल सार्ने महिना

यतिखेर जेठको अन्तिम साता चल्दै छ । बन्दाबन्दीको कारण दैनिक जीवन निसासिँदो अवस्थाबाट गुज्रँदै छ । कोरोनाको अदृश्य विषाणु मान्छेका रगत-रगतमा विष घोल्न उद्धत देखिन्छ । यसैबीच सरकारी आँकडाले कोभिडको दोस्रो भेरियन्ट बिस्तारै निष्क्रिय हुन थालेको जनाउ दिएकाले जनमनमा थोरै आशाको सञ्चार हुन थालेको आभास पनि मिल्दै छ ।

यस्तै विषम परिस्थिति र परिस्थितिले जन्माएको सोचाइशून्य अलमलका कारण 'अमरज्योति' साहित्यिक त्रैमासिकको चैत्र-वैशाख-जेठ अङ्क प्रकाशनमा केही बियाँलो हुन गएको छ । लामो प्रसवजन्य सकस र रस्साकस्सीपछि असारको पूर्वसन्ध्यामा आएर 'अमरज्योति' को ५० औँ अङ्क तपाईं-हाम्रो हातहातमा आइपुग्न सम्भव भएको छ ।

असार कर्मयोगको गीत गाउँदै सिर्जनाको फूल सार्ने महिना हो । हामीले चित्त बुझाए पनि, नबुझाए पनि विकासे बजेटले भौतिक पूर्वाधारको रूप धारण गर्ने महिना पनि असार नै हो आखिर । असारे गीतले लेकबँसी र बारी-टारी घन्काउने, हिलो छ्यापाछ्यापमार्फत बाउसे र रोपारबीच प्रेम अङ्कुराउने, खहरेले पनि खोलाको हैसियत आर्जन गर्ने, कान्लाकुन्लीको चेपबाट मूल रसाउने अनि असारेलगायतका अन्य फूलहरू मगमग बसाउने महिना पनि असार नै हो ।

असार साँच्चै कसारतुल्य मीठो याम हो । 'कसारको कुन बोक्रो, कुन गुदी' भनेझैँ असारका सबै पल, घण्टा, दिन र हप्ता उत्तिकै उत्पादनमूलक लाग्छन्; कसारतुल्य गुलिया र स्वादिला लाग्छन् । सङ्क्रान्ति पनि असार पन्ध्रजस्तो अनि मसान्त पनि असार पन्ध्रजस्तो । सधैँ बेफुर्सदी, सधैँ कर्ममा तल्लीन अर्थात् सधैँ सबैलाई चटारो– असारभरि नै असारको पन्ध्र ।

असारलाई हिलो र झरीको महिना भनेर सराप्नेहरू पनि छन् । त्यसो त बादल पग्लेर बर्सने झरी र शरीर पग्लेर झर्ने पसिना दुवै एकै ठाउँमा समाहित हुने कारणले पनि जल-उभार बढ्ता देखिएको होला असारमा । आँखै नउघारी पर्ने झरीले बाढी, पैरो र डुबान आतङ्क मच्चाउने भएर पनि असारलाई यसरी सत्तोसराप गरिएको होला सायद ।

तर, बर्सात् एउटा प्राकृतिक प्रक्रिया हो । यसलाई प्रकोपमा रूपान्तरण हुन बाध्य तुल्याउन मानवीय अप्राकृतिक कृयाकलापहरू नै बढी जिम्मेवार छन् । बस्ती विकासको गतिलो योजना नबन्नु, भू-सतहको संवेदनशीलताको अध्ययनविना नै डोजरलगायतका मेसिन लगाएर सडक खनिनुआदि कारणले हाम्रोजस्तो मुलुकले वर्षा याममा अचाक्ली क्षति व्यहोर्नुपरेको हो । तसर्थ, सोचमा सुधार नल्याई असारे झरीलाई सराप्नु भनेको दियो बाल्न कोशिश नै नगरी अँध्यारोलाई हमेसा सरापेर बस्नुजस्तै हो ।

असार गाउँबासीका लागि मन-प्राण एकाकार गरी श्रमशिविरमा खट्नैपर्ने महिना हो भने शहरबासीहरूका लागि चाहिँ रोपाइँको रमाइलो सम्झेर 'नोस्टाल्जिक' हुने महिना हो । तसर्थ, जब असार लाग्छ– तब गाउँबासीहरू परिश्रमको रुझानमा निथ्रुक्क भिज्छन् भने शहरबासीहरूचाहिँ विगतमा भोगिएको असारलाई फ्ल्यासब्याकमा पुगेर सम्झन्छन् । गमलामा धान रोपेर वा रोपाइँ महोत्सव गरेर भए पनि असारको नियास्रो मेट्छन् र परोक्ष रूपमा संस्कृति र श्रमको सम्मान गर्छन् ।

समृद्धिको आधार उद्योग । उद्योगको आधार कृषि । कृषिको मुख्य आधार धान र धान रोपाइँको रोज्जा महिना असार । यसप्रकार नाम असार (सार नभएको) भए पनि सिर्जनाको सार र आधार आखिर असार नै हो । तसर्थ, असारलाई समग्र समृद्धिको आधार र सिर्जनशील अराजकताको स्रोत महिनाको सङ्ज्ञा दिँदा अत्युक्ति नहोला ।

हामी विद्युत्कर्मीहरू पनि यस पावन अवसरमा सम्पूर्ण सृजनाकर्मीहरूलाई हिलाको टीका र बिउको जमरा लगाइदिन्छौँ अनि मनको गरालाई सद्भावले सम्याएर सिर्जनाको गाभो रोप्न आह्वान गर्दछौँ ।

*- अतृप्त*

# यस अङ्कमा

## कविता/मुक्तक


| | |
|---|---|
| जयदेव गोविन्द | ५ |
| रोहित सैजू 'विकल्प' | ७ |
| प्रकाश कोइराला | ८ |
| मनोरञ्जन मल्ल ठकुरी | १४ |
| विशाल दर्लामी | ३३ |
| स्वामी केशवानन्द गिरि | ४५ |
| कल्पना काफ्ले | ४७ |
| उद्धवप्रसाद भट्टराई (चैतन्यदीप) | ५७ |
| दीपक नेपाल | ६६ |
| विश्वनाथ 'प्रेम' | ६८ |
| मित्रमणि पोखरेल | ७७ |


## कथा


| | |
|---|---|
| राधिका कल्पित | १५ |
| सुरेश बडाल | २१ |
| नारायणप्रसाद आचार्य | ३१ |
| टीकाराम खनाल | ४१ |
| रञ्जुश्री पराजुली | ५६ |
| प्रकाश थापामगर | ७० |


## लेख/निबन्ध


| | |
|---|---|
| गजेन्द्रप्रसाद श्रेष्ठ | ९ |
| विष्णुप्रसाद आचार्य 'अतृप्त' | ४९ |
| राजनप्रसाद प्याकुरेल | ५९ |
| जीवनाथ धमला | ६३ |
| रामबहादुर बुढा | ७८ |
| चतुर्भुज गौतम 'निर्मल श्री' | ८२ |


## हास्यव्यङ्ग्य


- पिँडालु पण्डित ३५


## समीक्षा


- अरूणबहादुर खत्री 'नदी' ८८

जयदेव गोविन्द

# नेपाली गौरव



यो माटो यति दर्बिलो छ यसमा छन् शैल बोक्ने शिला
छन् बाटा यति गर्विला कि यिनमा छन् वीरका पाइला
झण्डामा रविचन्द्र उत्सव गरी बाल्छन् ननिभ्ने दियो
नेपाली हुनुमै छ गौरव अरू सम्मान के चाहियो ? ।१।

मेची पूर्व सुसाउँदा सुनिदिने काली छ अर्कातिर
टल्केका हिमरश्मिका मधुरिमा थप्छन् हिमाली शिर
यो धर्ती यति ओसिलो छ जसमा छन् पुण्य गङ्गाहरू
नेपाली छ विशेषता गजबको चाहिन्न संज्ञा अरू ।२।

गौरीशङ्कर शैलमा प्रणयका झर्छन् मिठा गन्थन
कुर्छन् बुद्ध मधेस शान्त रसको खोलेर आलिङ्गन
पृथ्वीको प्रतिमा छ दिव्य दरिलो सद्भावनाको मियो
नेपाली पहिचान धन्य छ अरू सङ्केत के चाहियो ? ।३।
छन् सीता भृकुटी, यहीँ जनक छन्, छन् अंशुवर्माहरू
कोर्छन् नीति नयाँ जयस्थिति यतै छन् विश्वकर्माहरू
हाम्रो स्वागत गर्न निर्झर लिई बस्छन् कुनाकन्दरा
नेपाली स्थल नै छ नन्दन भने चाहिन्न अर्को धरा ।४।

डाँफेले मृदु गाउँदा मुजुरका ताँती मिली नाच्तछन्
हात्तीका धुकुरी सुनी रसिकझैँ गैँडाहरू हाँस्तछन्
गौरा, फागु, दसैँ, तिहार, इदका उठ्छन् यतै रौनक
नेपाली पर दौडिएर तिनको को बन्छ संरक्षक ? ।५।

हाम्रो व्योम छ धन्य, शान्ति बटुली उड्छन् परेवाहरू
दिन्छन् अर्घ शहीदका चरणमा रारा र फेवाहरू
सुन्नैपर्छ अतीतका प्रिय कथा को गर्वदायी थिए
नेपालीपन मिल्न सक्छ कसरी नेपाल नै बिर्सिए ? ।६।

सिङ्गो जीवन नव्य सिर्जन हुने कर्तव्यमा व्यस्त होस्
ने, पा, ली यति तीन अक्षर सदा कण्ठस्थ कण्ठस्थ होस्
मेरो स्पन्दनमा सगर्व रसिलो नेपालकै ताल होस्
बाँचुन्जेल सदासदा हृदयमा नेपाल नेपाल होस् ।७।

■■

*(शार्दूलविक्रीडित)*



# पाँच मुक्तक

## रेहित सैँजु 'विकल्प'



१.

प्रेमको मीठो सुवास छर्थ्यौं तिमी–म कुनै बेला
अनि विश्वासको घडा भर्थ्यौं तिमी–म कुनै बेला
अहिले तिमी बदलिएर अपरिचित भएका छौ,
सँगै जिउने–मर्ने कुरा गर्थ्यौं तिमी–म कुनैबेला ।

२.

तिमीमा छुट्टै घमण्ड, स्वार्थ अनि डाह थियो
मलाई भने 'म'जस्तै बन्ने निकै चाह थियो
तिमीले उचाल्नलाई खोज्यौ तर मैले मानिनँ
कारण हावामा उफ्रिँदा पछारिन्छ थाह थियो ।

३.

खप्न मुस्किल पीडा छन्, तिमीले सानो नसम्झिनू
आद्र छन् यी परेला, तिमीले ओभानो नसम्झिनू
समयको चक्रव्यूहमा परी हामीले टाढा हुनुपर्‍यो
प्रिय, तिमी मनमा नै छ्यौ, कतै बिरानो नसम्झिनू ।

४.

मान्छे यहाँ मान्छेबाटै शोषित हुँदारहेछन्
अरूलाई चोट पर्दा पुलकित हुँदारहेछन्
संवेदना, चेतना, विवेक सबैलाई मेटाएर
व्यवहारमा पापिष्ट लालायित हुँदारहेछन् ।

५.

लक्ष्यमा सधैँ केन्द्रित हुने स्थिर मन बनाउनेछु
देख्दा सबैले डाह गरून्, यस्तो जीवन बनाउनेछु
हिँड्नेछु म अनवरत, अँध्यारा गन्तव्य छिचोलेर
अनुभूति, अनुभवलाई आफ्नो साधन बनाउनेछु ।

■■

*दोरम्बा–५, रामेछाप*

**प्रकाश कोइराला**

# नेपाल आमा हुँ म



आफ्नै पश्चिम, पूर्व, दक्षिण दिशा पर्ने महाभारत
आफ्नै उत्तरमा विशाल चिनियाँ साम्राज्य नै हाँस्दछ
काढ्छन् न्याल गरी कुदृष्टि यिनका आफ्नै छिमेकी छु म
प्यारा सन्तति ! राख है हृदयमा नेपाल आमा हुँ म ।१।

यो मेरो शिर बुझ्दछन् सगरमाथा हो भनी सगर्वले
यो पाठेघर शान्तिको किरण हो बाँचेर सिद्धार्थले
मायापुञ्ज सबै हिमाल, गिरि नै साथै तराई मन
प्यारा सन्तति ! सुरक्षा कवच खै ? नेपाल आमा हुँ म ।२।

गोर्खाली इतिहास हो जगत्मै नेपालको वीरता
नेपाली इतिहास हो समयकै सन्तानको धीरता
संसारी थलको विशाल मनको स्वाधीन देवी छु म
त्यो थाली मुटु होस् नयाँ कुसुमको नेपाल आमा हुँ म ।३।

यातायात पुगोस्, नहोस् असुविधा आफ्नै हिमाली भनी
स्वाँ-स्वाँमा धक-त्रासमा बगिरहे मेची र काली पनि
मेरा रक्त-नसा नदी र झरना आफैँ नशामा छु म
तिर्खामा घरभित्र नै नमरियोस् नेपाल आमा हुँ म ।४।

वादैवाद नथुप्रिउन् मुलुकमा बाचौँ हितैषी बनी
चर्चा तारिफको चलोस् जगत्मा राम्रा छिमेकी भनी
आफ्ना निम्ति सदा स्वतन्त्र छु स्वयं यो सम्प्रभूता हुँ म
प्यारा सन्तति हो ! सपूत बनिद्यौ, नेपाल आमा हुँ म ।५।

आँखाभित्र छ मातृभूमि सबको, धड्किन्छ छातीभरि
छर्दै रश्मि विवेकको सबतिरै मस्तिष्क जाग्यो घरि
कोतर्छन् रिपुले किनार तनमा, के आज बौरिन्छु म ?
प्यारा सन्तति ! तारबार बुन है नेपाल आमा हुँ म !

*गोलञ्जोर गाउँपालिका -६, सिन्धुली*



गजेन्द्रप्रसाद श्रेष्ठ

# राष्ट्रिय समृद्धिको यात्रामा युवावर्गको दायित्व

वर्तमान समयमा 'समृद्ध नेपाल सुखी नेपाली' मुलुकको मुल नारा रहेको छ । समृद्ध भनेको के हो त ? यसलाई बुझ्न सर्वप्रथम 'समृद्ध' शब्दको अर्थबोध गर्नुपर्ने हुन्छ । नेपाली बृहत् शब्दकोशका अनुसार समृद्ध भनेको 'धनधान्यआदिले सम्पन्न, पुगिसरी आएको' हो भने समृद्धि भनेको 'सम्पन्नता' हो । सम्पन्नता भनेको 'चाहिँदो मात्रामा धनधान्यादि भएको' हुनु हो । नेपाली शब्दसागरका अनुसार पनि समृद्धि भनेको 'सम्पन्नता' नै हो । त्यसैगरी संस्कृत-हिन्दी कोशका अनुसार पनि समृद्ध भनेको 'सम्पन्न' र समृद्धि भनेको 'सम्पन्नता' हो । नेपाली बृहत् शब्दकोशले दिएको समृद्धिको अर्को अर्थ 'उन्नतिशील' भन्ने पनि हो । जबसम्म कुनै समाज वा मुलुकमा आर्थिक, सामाजिक, भौतिकसँगै नागरिकको जीवनस्तर, खुशी र सुखको स्तर पनि उकासिँदैन, तबसम्म उक्त समाज र राज्य समृद्ध भएको मानिँदैन । यी कुरामध्ये कुनै एकमात्र पूरा हुनु भनेको विकासको गतिमा अगाडि बढ्नुमात्र हो भन्ने विकास-विश्लेषकहरूको मत छ । समृद्धिका सूचकका बारेमा निकै धेरै छलफल र बहस भइरहेका छन् । यसका सूचकहरूमा कुल गार्हस्थ उत्पादनलाई मुलुकको आर्थिक वृद्धि र समृद्धिको महत्त्वपूर्ण सूचक मानिएको छ । समृद्धिका प्रमुख विशेषता र गुणहरूमा आर्थिक सूचकमा उच्चस्तरको अवस्था पनि हो । यसरी नै सामाजिक, स्वास्थ्य, शिक्षा, घरबास, शान्ति-सुरक्षा आदि पनि समृद्धिका लागि महत्त्वपूर्ण पक्ष मानिन्छन् । बेलायतको लण्डनमा रहेको 'थिङ्क ट्याङ्क' लेगटम इन्स्टिच्युटले निम्न सूचकका आधारमा समृद्धिलाई मापन गर्ने गरेको छ ।

- सम्पति सिर्जनाका लागि आर्थिक पूर्वाधार
- उद्यमशीलता र नवीनता
- मानव विकास-लक्षित स्तरीय शिक्षा
- पारदर्शी र उतरदायी लोकतान्त्रिक संस्थागत संरचना
- सुशासन
- स्वास्थ्य

- व्यक्तिगत स्वतन्त्रता
- सुरक्षा
- सामाजिक पुँजी

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य राखेको छ । सो लक्ष्यमा पुग्न राष्ट्रिय योजना आयोगले नेपाललाई उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकका रूपमा विकास गर्ने सोचसहितको पन्ध्रौँ योजना तर्जुमा गरेको छ । जसमा आर्थिक वृद्धि, गुणस्तरीय मानव-पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै बि.सं, २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । बि.सं २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च-मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने र बि.सं २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने गरी समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच लिएको छ । यसैअनुरूप योजनामा निम्न राष्ट्रिय उद्देश्यहरू उल्लेख भएका छन्

- सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरीबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी सङ्घीय शासन-व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जीवन-यापनको अनुभूति गराउनु ।
- सामाजिक-आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हित संरक्षण गर्नु ।

यी उद्देश्यहरू पूर्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गर्ने उल्लेख गरिएका छन् :

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने ।
- सुलभ तथा गुणस्तरीय स्वास्थ्यसेवा र शिक्षाको सुनिश्चिता गर्ने ।
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने ।
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।

– पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।
– गरीबी निवारण र आर्थिक सामाजिक समानतासहितको न्यायपूर्ण समाज निर्माण गर्ने
– प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने
– सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता संवर्द्धन गर्ने ।

यी रणनीति कार्यान्वयनका लागि विभिन्न श्रोतहरूमध्ये प्रमुख महत्त्वपूर्ण श्रोत भनेको मानवीय श्रोत हो । मानवीय श्रोत भन्नेबित्तिकै जनशक्ति र जनशक्ति भन्नेबित्तिकै मुख्यतया युवा शक्तिमा केन्द्रित हुन्छ । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्ति हुन् । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र निर्माणको प्रमुख श्रोत समेत मानिन्छ ।

युवा भनेको एउटा प्रवृत्ति हो । यो प्रवृत्तिले केही परिवर्तन गर्ने साहस राख्दछ । विश्वका महत्त्वपूर्ण घटना केलाएर हेर्दा हरेक मामिलामा युवा लागेमा मात्र समाज परिवर्तन सम्भव देखिन्छ । साहस, सृजनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोत समेत मानिन्छ । गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले युवावर्ग राष्ट्रको मेरुदण्ड हुन् । नेपाली बृहत् शब्दकोषले १६ देखि ४० वर्ष उमेरका तन्नेरीलाई युवा भनेको छ । ‘जवानीले नछाडेको र बुढ्याइले नछोएको व्यक्ति, सबैभन्दा तन्नेरी पुस्ता या तन्नेरीहरूको समुदाय युवा हो’ भनी शब्दकोषले अर्थ्याएको छ । राष्ट्रिय युवा नीतिले १६ देखि ४० वर्षसम्मको समूहलाई युवा भनेको छ । परिवार, समाज र राष्ट्रकै राजनैतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक रूपान्तरणका लागि मात्र नभई शोषण, अन्याय, अत्याचार र दमनबाट ग्रसित समाजलाई उज्यालो मुहारमा बदल्नका लागि महत्त्वपूर्ण योगदान गर्न सक्ने मानव जीवनको एउटा महत्त्वपूर्ण अवस्था नै युवा हो । सबै युवक युवा हुँदैनन् अनि सबै वृद्ध बूढा हुँदैनन्; सोच्ने र काम गर्ने कलाले बूढो भएर पनि उनीहरू युवक नै रहन्छन् । जसमा यी कलाहरू छैनन्; ऊ युवा भएर पनि बूढो कहलिन्छ सिवाय उमेरबाहेक । युवा एक सोच हो; ऊर्जा हो; एक अदम्य साहस हो । उमेर

जति भए पनि अगाडि बढिरहने एक अद्भुत क्षमता उसले राख्दछ । अतः युवा सोचको सही परिचालन भएमा देश सजिलै समृद्ध बन्न सक्छ ।

समृद्ध नेपाल, सुखी नेपाली बनाउन व्यावहारिक रूपमै स्पष्ट र निर्दिष्ट लक्ष्यसहितका योजनाको कार्यान्वयन आवश्यक छ । यसका लागि सुशासन अपरिहार्य साधन हो । त्यसैले सुशासनलाई समृद्धि, दिगो शान्ति र विकासका लागि प्रस्थानबिन्दु मानेर अघि बढ्दा अन्ततः स्थापित सुशासित व्यवस्थामा पुगिनेछ । त्यसकारण सुशासन साधन र साध्य दुवै हो । सुशासनको मूल तत्त्व भनेको जनताको शासनमा सहभागिता, कानुनी शासन, पारदर्शिता, उतरदायित्व, नियन्त्रण र सन्तुलन हो । तर, सुशासनको जल्दोबल्दो समस्या भनेको भ्रष्टाचार हो । अतः समृद्धिको ठूलो बाधक भ्रष्टाचार हो । भ्रष्टाचार प्रवृत्तिले समाजमा हुने र नहुने बीचको खाडल बढाई असमानता सिर्जना गरेको छ । देशमा व्याप्त भ्रष्टाचारलाई निर्मुलै पार्न नसके पनि देशका युवावर्गले कोशिश गर्‍यो भने धेरै हदसम्म नियन्त्रण गर्न सक्छ । भ्रष्टाचारीलाई सामाजिक बहिष्कारका अभियान सञ्चालन गर्ने, कार्यालयहरूमा हुने साना-ठूला भष्ट्राचारलाई खुलेर विरोध गर्ने, भष्ट्राचार नियन्त्रण गर्ने निकायलाई सही सूचना उपलब्ध गराई सहयोग गर्नेजस्ता विभिन्न कार्यहरूमा युवा जमात लाग्न सकियो भने अवश्य पनि भ्रष्टाचारलाई नियन्त्रण गर्न सकिन्छ । जसले समृद्धिको पहिलो खुड्किलो चढ्न मद्दत गर्दछ ।

देशलाई समृद्धिको बाटोमा हिँडाउन सामाजिक न्यायसहितको समानतामा जोड दिनुपर्छ । सामाजिक न्यायसहितको समानुपातिक, समावेशी, समतामूलक समाज निर्माण गर्ने सबैभन्दा उत्तम र बलियो आधार समता हो । जातीय, वर्गीय र भौगोलिक क्षेत्रको पहिचान गर्दै समावेशिताका माध्यमबाट आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक, लैङ्गिक, वर्गीय र जातीय विभेदको अन्त्य आजको अपरिहार्यता हो । देशमा व्याप्त छुवाछूत राजनीतिक भाषण र कानुनी व्याख्या गरेर मात्र पक्कै हट्दैन । त्यसका लागि गाउँ-ठाउँ पुगेर चेतनाको अभिवृद्धि गर्ने अभियान नै चलाउनुपर्छ । यस्ता कार्यमा युवावर्ग उत्साही भएर लागे भने समाज परिवर्तनमा कायापलट गर्न सक्छ ।

देशको समृद्धिको लागि समग्र क्षेत्रमा विकास कार्यलाई अगाडि बढाउनुपर्छ । विकास कार्यमा क्षेत्रीय सन्तुलन कायम राख्न राष्ट्रिय गौरवका योजनाहरू प्राथमिकता, आवश्यकता र पहुँचविहीन क्षेत्र र समुदायलाई केन्द्रबिन्दुमा राखेर अगाडि बढाइनुपर्छ । पहुँचवाला र पहुँचविहीनबीचको सेवा प्रवाहका साथै सम्बन्ध, अवसर, लाभ र प्रतिफल वितरण प्रक्रियामा हुने ठूलो खाडल पुरिनुपर्छ ।

यस्ता खाडल पुर्नका लागि युवा जोस र जाँगरको आवश्यकता पर्दछ । युवा समुदाय दिलोज्यान दिएर लागिपरेको खण्डमा सरकारलाई उल्लेखित कार्यमा दरो दबाव सिर्जना गर्न सकिन्छ । साथै कार्य क्षेत्रमा खटिन सक्ने मानवीय श्रोत भनेकै युवावर्ग हो । अतः योजनाको सही कार्यान्वियनमा युवा समुदाय लागिपरेमा राष्ट्रले सजिलै समृद्धिको बाटो पहिल्याउने कुरामा दुईमत नहोला ।

नयाँ राजनीतिक युगको सुरुवातसँगै नेपाल अहिले आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको सङ्घारमा उभिएको छ । राजनीतिक स्थिरता, दिगो आर्थिक विकास र समृद्धिको सपनालाई जनताले नयाँ संविधानको सफल कार्यान्वियनबाट साकार पार्ने अभिलाषा राखेको हुँदा अबको नेपालको प्रमुख कार्यसूची नै दिगो आर्थिक समृद्धि र सामाजिक रूपान्तरण हो । यो कुरालाई सोच, भाषण र लिखित दस्तावेजमा मात्र सीमित नराखेर व्यावहारिक रूपमा कार्यक्षेत्रमा उतार्नुपर्दछ । कार्यक्षेत्रमा उतार्न महत्त्वपूर्ण श्रोत भनेको मानवीय श्रोत नै हो; जुन युवावर्गमा नै निहित हुन्छ । त्यसैले युवावर्गको सही योगदान रहेमा राजनीतिक स्थिरतासँगै देशको समृद्धिको सपना साकार पार्न लामो समय कुरिरहनुपर्दैन ।

अन्तमा 'देशले मलाई के दियो ?' भन्दा पनि 'मैले देशलाई के दिएँ ?' भन्ने कुरा आत्मसात गर्दै आफ्नो अमूल्य जीवन देश र दुनियाँका लागि समर्पण गर्न युवा उत्साही हुनुपर्दछ । यसरी आजका युवाले देशको लागि थोरै मात्र चिन्ता लिएर आफ्नो योगदान दिन सकियो भने समृद्धिको गन्तव्य टाढा हुँदैन ।

■■



**मनोरञ्जन मल्ल ठकुरी**

# हे सरकार.........



हे सरकार ! खै कहाँ छ तिम्रो उपस्थिति ?
देखेका त छौ नि जनताको स्थिति ?
हस्पिटल जाऊँ गेटबाटै फर्किनुपर्छ
गेटबाट छिरे अक्सिजनको लागि झर्किनुपर्छ ।
कुरुवा भएर जानैपर्‍यो
यताउता सबैतिर तर्किनुपर्छ ।
हे सरकार ! खै कहाँ छ तिम्रो उपस्थिति ?
देखेका त छौ नि जनताको स्थिति ?
सपथ खाँदा 'त्यो पर्दैन' भन्या छ
अन्तर्वार्ता दिँदा 'नेपालमा कोरोना सर्दैन' भन्या छ
विघटन गरेको छ, मन्त्री छानेको छ
पत्रकार सम्मेलनमात्र गर्न जानेको छ ।
अक्सिजन खै ? औषधि खै ? यो कुरा सुन्या छौ ?
आँखाले हेरेर दुई हातले कानमात्र थुन्या छौ ।
हे सरकार !
हाम्रो दुःखलाई आफ्नै दुःख मान्देऊ न
भोटर हैन; देशको जनता ठान्देऊ न
कालाबजारीलाई गाला फुट्ने गरी हान्देऊ न
यतिमात्र गरिदेउ सरकार !
हामी तिम्रो जयजयकार गाउँछौँ, अनि
अर्को चुनावमा तिमीले भन्नै पर्दैन
यस पटक पनि हामीलाई नै छान्देऊ न ।
हामी आफैँ नै छान्दिउँला, पाँच वर्षका लागि फेरि मान्दिउँला ।

■■

*दुवाकोट, भक्तपुर*



## राधिका कल्पित
# चिट्ठीको चिता



प्यारी अनुराधा,

आज तीनसय एकचालीसौँ चिट्ठी लेखिरहेछु । तिमीसँग संवाद टुटेपछि यो लगभग एक वर्षको दौरानमा तिम्रो जीवनमा के-के उतारचढाव आए, कति ऋतु फेरिए, कति पतझड झरे अनि कति मुस्कान फुले– त्यो म जान्दिनँ तर यो समयावधिमा म एउटै यामबाट गुज्रिरहेको छु । उही आलस्य बिहान, उदास दिन अनि बेचैन र व्यग्र रात । यो पालिको वसन्त कसरी आयो र गयो; मलाई कुनै हेक्का भएन । कुन-कुन चाड कसरी-कसरी आए र कसरी फर्के– पत्तो भएन । यो वर्ष हिउँ कति पऱ्यो, जाडो कति बढ्यो, तापक्रम कति घटबढ भयो– मलाई कुनै परिवर्तन बोध भएन । मैले सबै थोक बिर्सिएँ– साथीभाइ, रसरङ्ग, घुमघाम सबै-सबै । कहिल्यै नबिर्सेको एउटा चीज छ भने त्यो हो गेटमा रहेको पत्रमन्जुषा खोल्नु र तिम्रो चिट्ठी छ कि भनेर खोलेर हेर्नु । मान्छेमा जबजब आस र पर्खाइ मरणासन्न अवस्थामा पुग्छ तब जिन्दगी मह निचोरेर फालेको मैनको खोस्टो जस्तो स्वादहीन बनिदिँदोरहेछ, जुन पटक्कै लाग्दैन कि कुनैबेला महैमहको रसिलो चाका थियो ।

अब त चिट्ठीको खात यति ठूलो भइसक्यो कि मरिहालेँ भने पनि मलाई जलाउन दाउरा खोजिरहनुपर्दैन; कागजकै चिता तयार हुन्छ । घरीघरी सोच्छु– म कति भाग्यमानी ! तिम्रा नाममा लेखिएका हरफहरूबाट जल्नेछु, अक्षरहरू मेरा मलामी जानेछन्, तिम्रो र मेरो निसानी प्रेमले दागबत्ती दिनेछ, तिमीप्रतिको विश्वासले काजकिरिया गर्नेछ र सम्झनाले बरखी बारेर बस्नेछ अनि अवसान हुनेछ एउटा कतै नलेखिएको प्रेमकथाको । त्यतिमात्रै होइन; मलाई अर्को खुशी के पनि लाग्छ भने– मेरो निधनपछि 'यो जीवन त के सात जुनी तिम्रो हुँ' भन्ने, मेरी हुन नसकेकी मेरी सबैभन्दा प्रिय मान्छे विधवा हुनेछैनौ यो जुनीमा । हुन त मैले तिमीलाई पहिल्यै भनिसकेको पनि छु– यदि हाम्रो बिहे भयो भने र म तिमीभन्दा पहिल्यै मरेँ भने मेरो नाममा चुरापोते लगाउन नछाड्नू र सेतो कपडा पनि नलगाउनू किनकि जीवनको रङ त मैले तिमीबाट पाएको हुँ, रङ त तिम्रो

अनुपस्थितिमा मैले गुमाउँछु । तिमीलाई रङ्गीन बनाउनु र सदाबहार रङ्गीन देख्नु मेरो एउटै मात्र उद्देश्य र खुशी हो ।

प्रिय अनू,

जब तिम्रो नाममा रजिस्टरी गरी पठाएका दर्जनौँ चिट्ठीहरू प्रापक नभेटिएको भनेर फिर्ता आए, तबदेखि प्रत्येक रात सोच्छु– अब किन लेखूँ म? कसलाई सम्बोधन गरेर लेखूँ ? के सम्बोधन गरेर लेखूँ ? औचित्य के ? लेखक र पाठक स्वयं आफू हुनलाई किन लेखिरहनुपर्‍यो ? योभन्दा अगाडिका तीनसय चालीस वटा चिट्ठी यसै खाटमुनि जम्मा गरेर राखेको छु । रिसमा च्यातचुत पारौँ झैँ नभएको पनि होइन; ठिहिराउने रातमा आगो सल्काएर बियोगको चिसोले कठ्याङ्ग्रिएको मुटु सेकाऊँ र जमेको रगतलाई सञ्चार गरूँजस्तो नभएको पनि होइन तर पछि सोचेँ– यस्तै चिट्ठी लेख्दालेख्दै कुनै रात हठात् मरेँ भने यो परदेशमा मेरा साथीभाइ र आफन्तलाई झन्झट त नहोस् । मेरो मृत्युको कारण मेरो आफ्नै प्रेम हो र आज पनि तिम्रो हातमा पर्दैन भन्ने जान्दाजान्दै पनि लेख्दै छु किनकि यो लेख्नु तिमीसँगको संवाद हो । तिमीलाई थाहा थियो त प्रिय, म त लाटो थिएँ तिमीले मायाले बोलाई बोलाई बाचाल बनाएकी हौ, म बहिरो थिएँ, तिम्रो मृदुल वाणीले श्रवणीयता ग्रहण गरेको हुँ, म त अन्धो थिएँ तिमीले संसार कति सुन्दर छ, एकचोटि हेर त ! भनेपछि मात्र देख्न सक्ने भएको हुँ र मेरो सुन्दर संसारको ढोका खोल्ने तिमी एकमात्र साँचो थियौ । तिमी हरायौ; मेरो संसार बन्द भयो । म त आफ्नै बन्द जिन्दगीको मूलढोका बाहिर फकिरझैँ अलक मागिरहेछु ।

जब तिमी र म संवादहीनताको शिकार भयौँ तब अक्षरहरूको ढुङ्गामा चढेर निर्जन र असीमित सागरमा एक्लो नाउझैँ तिमीलाई खोज्न भौँतारिनु नियति बनेको छ । आखिर कोसँग बोलूँ म ? कसले बुझ्छ मेरो भाषा ? अझ मनको भाषा बुझ्ने त झन् तिमीबाहेक को छ र अर्को ? यो मरुभूमितुल्य ठाउँमा बिहान तिम्रो याद आउथ्यो र मलाई आलारामको जरुरत पर्थेन । दिनको एकचोटि तिम्रो तस्वीर हेरेर तिम्रा आँखाका दर्पणमा आफूलाई हेर्थें र मलाई ऐनाको जरुरत पर्थेन । तिम्रा सुमधुर स्वरको गुन्जन कानमा प्रतिध्वनित भएपछि दिनभर कानमा त्यही गुन्जिरहन्थ्यो र मलाई कुनै सङ्गीतको जरुरत हुन्थेन । तर, यो सब सिलसिला तोडिएको छ, मानौँ– तिमीलाई मसँग जोड्ने तार चुँडिएको छ; तिम्रो र मेरो मनको धरातल जोड्ने पुल भाँचिएको छ । सँगै काम गर्ने साथीहरू म एक्लै मुस्कुराएको देखेर सोध्थे मलाई– 'ओए पागल भइस् कि क्या हो ? एक्लै हाँस्छस् त ?' हो तिमीले दिएको अनुपम उपहारले एक्लै हाँस्ने भएको छु । के

गर्नु ? जति ठूलो पिरमा पनि मान्छे लामो समयसम्म रोइरहन सक्दोरहेनछ । रुनु त एउटा आवेग न हो, आवेग स्खलित भइसकेपछि बारबार रोइरहन सक्दैनरहेछ मान्छे । त्यसैले रुन छाडेको त धेरै भयो । जब मान्छे आँसु बगाउन असमर्थ हुन्छ नि तब एक्लै हाँस्न थाल्दोरहेछ । तर, याद राख्नू– यसरी हाँस्नु एकान्तमा रुनुभन्दा हजारौँ गुणा भयानक हुन्छ । हाँसोभित्रको वेदनाको मापन सायदै आँसुको आयतनसँग दाँज्न सकिएला । जब आँत जलेर खरानी हुन्छ, सिमसारजस्ता लाग्ने आँखाहरू मरुभूमिमा परिणत हुन्छन् । जब शरीरले कुनै दुःखाइ महसुस गर्ने चेत गुमाइसकेको हुन्छ, जब संवेदनाले संवेदनालाई छुन सक्दैन तब मान्छे रुन छाडेर हाँस्ने हुन्छ । कहिलेकाहीँ त म एकाङ्कीपनको गहिरो र अँध्यारो इनारभित्र खसेको छु जस्तो लाग्छ र तिमी बचाउन आउछ्यौ भन्ने आसको त्यान्द्रोमा सिङौँरी खेल्दै यी कठिनतम घडीहरू व्यतित गर्दै छु । अरू मसँग के नै उपाय छ र ?

म जब पानामा केही लेख्न खोजिरहेको हुन्छु, तब मेरो मानसपटलमा तिम्रो तस्वीर मुस्कुराइरहेको हुन्छ । हुन त मैले लेखेका या मैले महसुस गरेका कुनै पनि कुरा तिमीसँग सम्प्रेषित हुँदैनन् तर पनि कमसेकम यो लेख्ने क्षणमा मलाई यति कुराको भ्रमले नै सही, सकुन मिल्छ कि तिमीले मलाई पढिरहेकी छ्यौ, सुनिरहेकी छ्यौ र जब मेरो कलमको निभ कापीका पानामा दौडिरहेको हुन्छ तब लाग्छ तिमीले मेरो टाउको सुमसुम्याइरहेकी छ्यौ ।

जब अक्षरहरू मतिर फर्केर मुस्कुराउँछन्, ती दुरुस्त तिमीजस्तै सुन्दर देखिन्छन् । यही कापीको पानालाई तिम्रो अनुहार सम्झेर हजार चोटि चुमेको छु । कति चोटि लेखिसकेको चिठी छातीमा टाँसेर आँसु बगाउँदा कागज भिजेर डल्लो परेको छ । कास कुनै यन्त्र हुँदो हो त पीडा नाप्ने, कुनै माध्यम हुँदो हो सम्झनाको डेन्सिटी नाप्ने, एक्सरे र इसिजिमा जस्तै देखिँदो हो त क्षतविक्षत् मुटु– पठाइदिने थिएँ पार्सल बनाएर यिनै चिठ्ठीहरूसँग र पत्याउँदी हौ म कुन हालतमा छु, कति सङ्क्रमित छु तिम्रो प्रेमबाट भनेर ।

विश्वास गर, यो कलमले यी कापीका पानालाई स्पर्श गर्न छाड्दाको दिन तिमी मलाई स्पर्श गर्न छाड्नेछयौ– तब म आफूलाई लासमा रूपान्तरण गरिसकेको हुनेछु । जब मैले पठाएका चिट्ठी तिमीसम्म पुग्न छाडे, जब हाम्रो सञ्चारको माध्यम टुट्यो तब कतिचोटि लागिरह्यो, जूनसँग सोधौँ तिम्रो ठेगाना र हावाको पटुकीमा घुसारेर पठाइदिउँ तिम्रो शहरतिर । जब सलल्ल बगेको समुद्र देख्छु, यस्तो लाग्छ– यो समुद्रले त संसारलाई घेरेको छ नि ! यसमै डुङ्गा बनाएर त्यसमै तिमीले दिएको औँठी चिनो राखेर पठाउँ, जुन कुनै न कुनै दिन पुग्नेछ तिम्रो आँगन तर जब वास्तविकतामा ओर्लन्छु तब मेरा खोक्रा कल्पना घाइते

घाइते भएर भुइँमा पछारिन्छन् र म तिनलाई सान्त्वनाको मलमपट्टी लगाउँदै आफ्नो डाक्टर आफैँ हुन्छु र आशाको डेथ बेडमा आफैँ कुरुवा बस्छु आफ्नै ।

प्यारी अनुराधा,

तिमी त म एकछिन नबोली बसेँ भएँ भने अत्तालिने मान्छे, छटपटिने मान्छे । आफू एकछिन रिसाउँदा, एकछिन म नबोली बसेँ भने आफैँ माफी माग्दै बोलाउन आउने मान्छे । दुइदिन बोली सुन्न नपाए 'संसार आवाजहीन भयो कि म बहिरी भएँ ?' भन्ने मान्छे, एकदिन मैले नबोलाए–नहँसाए 'मैले मुस्कुराउन बिर्सें' भन्दै आँखा भिजाउने मान्छे; कसरी सकिरहेकी छौ यतिका लामो समय मलाई नसुनी बसिरहन ? तिम्रा कान सद्दे त छन् ? आँखा सद्दे त छन् ? तिम्रो मुटु र मस्तिष्कले काम त गरिरहेको छ ? के तिमी उस्तै छ्यौ; जस्तो तिमीसँग छुट्टिने साँझ एयरपोर्टमा अन्तिम चोटि देखेको थिएँ ? एयरपोर्टको आँखा तिरमिराउने उज्यालोमा तिमीलाई चुक घोप्टाएजस्तो अँध्यारो अनुहारमा देख्दा मेरो मन कति छटपटिएको थियो, तिमीलाई के थाहा ? डिपार्चर कक्षको अघिल्तिर आफूलाई मेरो अँगालोबाट छुटाउँदै आफ्नो आँखाको गाजलको कालो टीका लगाइदिँदै भनेकी थियौ, 'तिमीमाथि कसैको नजर नपरोस्' । सायद त्यही कालो टीकाको जादू हुनुपर्छ, ममाथि अहिलेसम्म कसैको नजर परेको छैन तर तिमीले गाजलको टीका लगाइदिँदा मैले पनि रातो सिन्दूर तिम्रो सिउँदोमा लगाइदिँदै त्यसै भन्न पाएको भए सायद तिमीमाथि पनि कसैको नजर पर्थेन कि ?

भन न अनू ! तिम्रो मुस्कान मुर्झाएको त छैन नि ? मलाई यत्ति मात्र विश्वास दिलाऊ कि तिमी उस्तै छ्यौ, सकुशल र खुशी छ्यौ । बिहान सूर्यतिर फर्केर मुस्कुराउने सुर्यमुखीझैँ तिमीलाई नदेखी उज्यालो हुन्न भन्ने मान्छे, आजकल तिम्रो दिन कसरी सुरु हुनेगरेको छ ? तिम्रा परेलाका पर्दा नऊघ्रेसम्म मेरो दिन उघ्रिँदैनथ्यो । तिम्रो मुस्कानको उज्यालो नछरिएसम्म मेरो घाम लाग्दैनथ्यो । तिमीलाई नभेटेको दिन जुनले घुम्टो ओडेर बादलको बुर्काभित्र आफ्नो अनुहार लुकाएजस्तो लाग्थ्यो । तिमीलाई थाहा छ त अनू ! तिमी मेरो कमजोरी हौ; सङ्सङ्गै तिमी मेरो शक्ति पनि हौ । मेरो कमजोरी र शक्तिको फ्युजन हुन्छ तब ममा एउटा शक्ति सञ्चार हुन्छ अनि म बाँचेको छु भन्ने अनुभूति हुन्छ । नत्र कैयौ रात म आफैँलाई चिमोटेर निर्क्यौल गर्छु– म ज्यूँदो छु कि मरिसकेँ । तिमीलाई नसुनी रात पर्दैन, निद्रा लाग्दैन भन्ने मेरी प्रियतमा तिम्रो कसरी रात भएको छ ? यसको मतलव तिम्रो रात नै भएको छैन ? सुतेकी पनि छैनौ ? यसको मतलव मलाई सपनामा समेत भेट्न छाडिसक्यौ ?

तिमीलाई याद छ अनू ! हामी कति कुरा गर्थ्यौं: कहिले सपनाका,

कहिले विपनाका, कहिले मिलनका कहिले बियोगका, कहिले विगतका कहिले आगतका, कहिले रहरका, कहिले कहरका । कस्तो मूर्ख हुनेरहेछ मान्छे प्रेममा । उनीहरूलाई लाग्छ कि समय सधैँ उनीहरूकै अनुसार चल्छ । ग्रह र नक्षत्रहरू सबै उनीहरूकै पक्षपोषण गरिरहेका हुन्छन् । जीवनको गति घडीझैँ एकैनास एउटै गतिमा चलिरहन्छ । सायद त्यही मूर्खता र अन्धोपनभित्रै जीवनको मिठास हुँदोरहेछ, नत्र त मान्छेले सुखद पलको अनुभूति नै गर्न सक्थेन होला । आगतको डर, बियोगको त्रास, भवितव्यको आशङ्का मनमा लिइरह्यो भने त प्रत्येक पल चिन्ताको चितामा जलिरहन्थ्यो होला ।

प्रिय अनू ! बढो असह्य भइरहेछ– काँडैकाँडाको शैय्यामा सुतेजस्तो, वाणैवाणले छाती छियाछिया भएजस्तो । न सजिलोसँग प्राण जान्छ न चैनले जिउन सकिन्छ । कस्तो सजाय हो प्रिया यस्तो ? कसरी छाड्यौ रगताम्य पारेर ? मेरो धड्कन लैजाँदा मेरो दिमागको ठेगान पनि लगिदिएको भए बरु म यो मरुस्थल अन्जान सहरमा पागल भएर बेठेगान भएर हिड्थेँ । कमसेकम हाँस्नलाई तिमीलाई कुरिरहन त पर्दैनथ्यो ? आखिर यो मेरो वर्तमान त्यो भन्दा बेहतर कहाँ छ र ?

मेरी प्रियतमा अनू ! म कसरी बताऊँ यी बितेका समयको कालखण्डमा कसरी बिते ? म निस्सासिएर, चोइटिएर भाँचिएर बाँचिरहेछु । मलाई यति मात्र भन– तिमी किन गुमनाम बस्न चाहन्छौ ? किन फेरियो तिम्रो सम्पर्क नम्बर ? किन दिइनौ नयाँ नम्बर ? तिमी कहाँ छौ ? कमसेकम यतिमात्रै जानकारी देऊ कि तिमी सकुशल छ्यौ, खुशी छौ । म बस चित्त बुझाउन सक्छु । जब तिम्रो अन्तिम चिट्ठी हात परेथ्यो, त्यही दिन मेरो अन्तिम दिन हुनुपर्थ्यो तर भएन । म किन बाँचे ? कहिलेकाहीँ मृत्यु किन यति उदार भइदिन्छ कि प्राण स्वीकार्न इन्कार गर्छ । जब म तिम्रा चिठीका हरफहरूमा दौडिरहेको हुन्थेँ, बेलाबेला मेरो मुटु द्रूतगतिमा दौडन्थ्यो भने घरी धड्कनमा ब्रेक लाग्थ्यो । 'म अब पुरानो ठाउँमा छैन, अन्तै बसाइ सरेँ । पुरानो ठेगानामा चिट्ठी नपठाउनू, मलाई नपर्खनू र नखोज्नू पनि' भन्ने तिम्रो भनाइले मलाई सोच्न बाध्य बनायो । भौतिक बसाइ मात्र परिवर्तन भएको हो कि मन अर्कैलाई डेरामा दियौ या कसैको तन, धन र मनको मालिक भयौ ? त्यो प्रष्ट खुलाएकी थिइनौ चिट्ठीमा । यदि हो भने कहाँ थन्कायौ हाम्रो वाचा र कसम ? कता गाड्यौ मैले साहिँली औलामा चिनो छाडेको औँठी र मनमा गाडेको प्रेमको निशानी ?

मेरी प्राण, म एक्लै हाँस्न थालेदेखि तिमीसँग गुनासो पनि कम हुँदै गएको छ । म ज्ञानी भएको छु । सायद समय नै पीडा र ओखती दुवै हो । यसैले

पीडा दिएर जान्छ; यसैले मलम लगाउँछ । यसैले घाउ बनाउँछ; यसैले खाटा बसाल्छ । सायद यही समयले धेरै कुरा सिकाएर गएको छ र सायद यसैकारण अब म पहिलेभन्दा धेरै समझदार भएको छु । जति मूर्ख भए पनि यत्ति त बुझ्न सक्छु कि माया भन्ने चीज न माग्न मिल्छ, न किन्न पाइन्छ, न साट्न पाइन्छ । म त तिम्रो मायाको भिखारी न हुँ । तिमीले उदार भएर मेरो झोलीमा मायाको भिक्षा दिउन्जेल म संसारकै धनी, भाग्यमानी र शक्तिशाली थिएँ । जब तिम्रो बाटो फेरियो म सर्वहारा भएँ । म गतिहीन, शक्तिहीन र गन्तव्यविहीन भएँ । प्रेम के दावी गर्ने या जिकिर गर्ने चीज हो र म जिकिर गरूँ ? फेरि अर्को कुरा, तिमी त आखिर मसँगै छौ हरदम, हरपल । कहिल्यै कुनै पल तिमीबाट टाढा भएको महसुस नै भएन तब म किन यति जिद्दी भइरहेछु सानो बालकले मिठाई मागेजस्तो ? प्रेममा सधैँ पाउनुपर्छ भन्ने धारणा बनाइन्छ भने प्रेम त वासनाको परिपुर्तिका लागि जलप लगाएर बनाइएको सम्बन्ध मात्र न हो । प्रेममा त कोही आफूभित्रै समाहित हुन्छ, अँध्यारो गुफामा दीप प्रज्वलित भएजस्तै भित्र एउटा अनुरागको उज्यालोले जीवन प्रज्वलित गरिरहेको हुन्छ । शरीर र भावना कहिल्यै भिन्न अस्तित्वमा रहन्न । तिमी जहाँ रहू, जोसँग रहू– तिमी खुशी हुनू किनकि अघि नै भनिसकेँ तिमी मुस्कुराइरह्यौ भने मलाई सास फेर्न सजिलो हुन्छ ।

मेरी प्रियतमा !

धेरै के के लेखूँ, यो सायद अन्तिम चिठ्ठी हो र मेरो अन्तिम अनुरोध पनि ! यत्ति हो कि तिम्रो जीवनको कुनै पनि मोडमा जब दुःखको झरीले भिजाउँछ र ओत लाग्ने ठाउँको अभाव खट्किन्छ तब सम्झनू– मेरो घरको छानो तिम्रो लागि सदा खडा छ । जब आँसुको भेलले जीवनको गोरेटो भत्काउन थाल्छ र एउटा सहाराको खाँचो पर्छ, मेरा हातहरू सग्ला रहेसम्म यी हातहरू कहिल्यै तिम्रा लागि पराइ हुनेछैनन् । कुनै दिन अभावको सिरेटोले मुटु छेड्यो भने मेरो शरीरमा तातो रहेसम्म, मेरो सन्दुकमा रहेको अन्तिम टाँकसमेतले तिम्रो अभावको खाल्डो पुर्न सकेछन् भने मेरो जीवनको कमाइको सार्थकता हुनेछ । जब संसारका सबै बाटाहरू बन्द भएजस्तो लाग्छ, जब घाम मलीन र जून रापिलो लाग्न थाल्छ, जब अगाडि बढ्न बाटो सकिएको भान हुन्छ, जब टेक्ने थलो र समाउने ठाउँको अभाव खट्कन्छ तब तिम्रो बस्तीनजिकै उहिल्यै उजाडिएको मेरो घरतिर सोझिनू र सिधै सिरान तलाको पूजा कोठामा गएर एउटा दियो बालिदिनू अनि उज्यालो बनाइदिनू उहिल्यैदेखि बत्ती निभेको मेरो चकमन्न घरमा ।

उही सदा तिम्रो

अभागी अनुराग

## सुरेश बडाल

# दोभान



"तेरो नाम के हो ?" स्कूलको नयाँ सेसनको पहिलो दिन मैले दोस्रो बेन्चको छेउमा बसिरहेको केटोलाई सोधेको थिएँ । उसका सिँगान कटकटिएका नाकका प्वाल राता देखिन्थे । रसिला आँखा त्रस्त थिए । थर्थराएका ओठ कपाउँदै केटोले हात पछाडि राखेर मलीन आवाजमा भनेको थियो, "गोविन्द नेपाली ।" बोल्दाखेरि उसले एकचोटी घाँटी साफ पनि गरेको थियो । त्यही भएर मैले नेपाली प्रस्ट सुने पनि गोविन्दचाहिँ अड्कलमात्र गरेको थिएँ ।

"बाउको नाम ?"

"सनकमान नेपाली", उसले भनेको थियो ।

सबै केटाकेटी जोडले हाँसेका थिए ।

"चुप् ।" मैले कक्षालाई हप्काएको थिएँ । एकाएक केटाकेटी मूर्तिजसरी चुप भएका थिए । फुच्चे गोविन्द नेपाली भने टाउको निहुराएर बेन्चमा उभिएको थियो । ऊ पनि मेरो आवाजले एकचोटि झसङ्ग भएको थियो । थर्रर काँपेको थियो ।

"डराइस् ?" मैले सोधेको थिएँ ।

"हैन सर ।" यसपालि भने ऊ निर्धक्क बोलेको थियो ।

"कति वर्षको भइस् ?"

"दश ।"

केटाकेटीहरू फेरि गलल्ल हाँसेका थिए ।

मैले फेरि एकचोटी कक्षालाई हकारेर चुप गराएको थिएँ । यसपटक भने केटाकेटीहरू खुसुरखुसुर हल्ला गरी नै रहेका थिए । मैले त्यति वास्ता गरिनँ । मलाई गोविन्दकै चासो थियो ।

"किन ढिलो पढ्या ?"

गोविन्दसँग उत्तर थिएन । ऊ सर्टको बाहुला टोकेर उभिइरह्यो । नयाँ गुच्चाजस्ता टलक्क टल्किएका आँखाहरूले हेरेर ऊ मसँग बस्ने अनुमति माग्दै थियो होला मनमनै ।

"बस्", उसको मन पढेर मैले भनैँ। ऊ मुसुक्क हाँस्यो र थ्याच्च बस्यो।

+++

गाउँकै सनके दमैको छोरो रहेछ गोविन्द। मैले त्यही एक कक्षामा पहिलो दिन उभ्याएर सोध्दा थाहा पाएको। उमेरले कक्षाका अरू केटाकेटीहरूभन्दा जेठो थियो ऊ। जिउडालले भने सबैभन्दा सानो उही देखिन्थ्यो। मैले उसलाई सानो देखेरै उभ्याएको थिएँ। तर, दश वर्षको उमेर सुन्दा आफैँ चकित भएको थिएँ। केटाकेटीहरू अचम्म मानेर हाँस्दै थिए। त्यसैले मलाई त्यहाँ अचम्म मानेर हाँस्न मन लागेन।

गोविन्द टाठो थियो। ढिलो स्कूल पढ्न आए पनि गोविन्दले अरू धेरै कुराहरू घरबाटै जानेर आएको थियो। ऊ अति राम्रोसँग मादल बजाउँथ्यो। उसका मसिना हत्केलाले बडो मुलायम तरिकाले मादलको खरीलाई पिट्दा सुरिलो ताल निस्किन्थ्यो। बसिरहेका गोडाहरूमा यसै चाल बढेर आउँथे। त्यही तालमा ताल मिलाएर नृत्य गरौँ-गरौँ भएर आउँथ्यो।

ऊ गीत पनि गाउँथ्यो। उसका ओठबाट गुन्जिने शब्दहरू कतिबेला कानमा पसे, थाहै हुन्नथ्यो तर मुटुमा पुगेको थाहा हुन्थ्यो। गोविन्दले ठेट लोकगीतका भाकाहरू गाउँदा अरू केटाकेटीहरू वाल्ल परेर हेरिबस्थे। ताज्जुब त मलाई पनि लाग्थ्यो, गोविन्दको घरमा रेडियो थिएन। कसरी जान्यो उसले नयाँ-नयाँ भाकाहरू ? पचासौँ चोटि पढेका पाठ पनि याद नगर्ने विद्यार्थीहरू थिए। गोविन्द कहीँ, कतै झुक्किएर सुनेका गीतहरू पनि भँगेराले कनिका टिपेझैँ आफ्ना कलिला ओठहरूले टपक्क टिप्थ्यो।

उसको दिमाग तेज थियो। भलै ऊ ढिलो पढ्न आयो। तर, उसले छिट्टै पढाइको लय समात्यो। गोविन्द एकबाट दुई पुग्दा प्रथम भयो। यो समाचार गाउँको लागि नौलो थियो।

जँड्याहा बाउको छोरो। अर्काको निमेक गर्ने आमाको छोरो। बग्रेल्ती सन्तानबीचको कुनै एउटा नम्बरको सन्तान। त्यसमाथि गरीब अनि दलित। खै कसको करले हो या घर बस्नाको दिग्दारीले हो; अझ जिउ सानो भएर कसैले काम नपत्याएर पो हो कि– स्कूल पढ्न आएको थियो गोविन्द। यस्तो गोविन्दले वार्षिक परीक्षामा प्रथम स्थान हासिल गरेको खबरले गाउँको छाती गर्वले माथि भन्ज्याङसम्मै उचालिएको थियो।

"चार कक्षा पढ्नुपर्ने उमेर भा'को जिरिगान्टे फस्ट भा'को के अचम्म भो र ?" केही अपजसेहरू यसो भनेर पनि उल्याउँथे। मान्छेको स्वभाव न हो, ऊ हरेक वृक्षलाई फेदबाट मात्र नियाल्दछ। उसलाई हेक्का हुन्न– हरेक वृक्ष

आफ्ना बीजहरू कठिनतम परिस्थितिमा हुर्काएर उभिएको हुन्छ । गमलामा झैँ सबै पालुवा सजिलै कहाँ फुलेका हुन्छन् र ! केही त अक्केराहरूमा दुःख खेप्दै फुलेका हुन्छन् । सबै पिपलहरू कहाँ चौतारीमा रोपिन्छन् र ! धेरै त पहरा फोरेर आफैँ उम्रिन्छन् । गोविन्द पनि आखिर आफ्नो दुःखको भँगालो पन्छाउँदै-पन्छाउँदै आएको मान्छे थियो ।

गोविन्द हुर्किंदै गयो । समयले उमेर नामको भारी उसको काँधमा थप्दै गयो । अनि थप्दै गयो अलिअलि गर्दै उसको पाखुरीमा बल । जिउ बाक्लिन थालेपछि ऊ जिरिगान्टे रहेन । एकबाट दुई पुग्दा प्रथम भएको गोविन्द, दुईबाट तीन पुग्दा तेस्रो, तीनबाट चार पुग्दा छैठौँ हुँदै पाँच पुग्दा झन्डै-झन्डै फेल हुने अवस्थामा पुग्यो । तर, उसको पढाइमात्र खस्किएको थियो, ज्ञान, तर्क र अरू पढाइबाहेकका क्षमता घटेको थिएन । मलाई भने उसको पढाइको स्तर खस्केकोमा मात्र चिन्ता लाग्थ्यो ।

"आज पनि गृहकार्य गरिनस् गोविन्द ?" म हप्काएर सोध्थे ।

"बाले बाली बोक्न पठाए ब्यानै । भ्याइनँ सर", ऊ भन्थ्यो ।

"पहिले होमर्क सकेर पो जानुपर्छ त ।"

"पढ्छु भन्यो भने जँड्याहाले जेले भेट्यो त्यसैले हिर्काउँछ, सर ।"

गोविन्द बाउलाई जँड्याहा भन्न थालिसकेको थियो । यो सायद उसकी आमा, जसलाई सारा गाउँलेले जुरेली भन्थे, उसैले भनेको सुनेर पनि होला । हुन पनि सनकमानको काम भनेको बिहान उठेदेखि राति नसुतेसम्म जाँडमा डुबेर हल्ला गरिरहनु थियो । एक त दलित, अर्को अकर्मण्य अनि जँड्याहा, सनकेको इज्जत गर्ने गाउँमा कोही थिएन । उसकै परिवार पनि थिएन ।

बर्खामा अरूको खेतीमा निमेक लगाउनु । हिउँदमा उनै बिष्टहरूका लुगाफाटा, खोल, डसना, टाला, पेटिकोट, चोलो सिलाउनु गोविन्दकी आमा जुरेलीको पेशा थियो । लुगा सिलाएबापत वर्षदिनको खेतीको बाली लिन बिष्टका खेतसम्म पुग्नु उसको नियति थियो ।

एकदिन गोविन्द स्कूल आएन । ऊ आक्कल-झुक्कलमात्र स्कूल आउन थालेको धेरै भएको थियो । त्यसैले मलाई पनि अब त त्यो मोरोको वास्ता हुन छाडेको थियो । साँझ स्कूलबाट फर्किंदै गर्दा दोबाटोमा एउटा सानो डोको लिएर कसैको बाटो ढुकेर बसेको गोविन्द देखियो । मलाई परबाट आउँदै गरेको उसले पनि देखेर होला, डोकोमा छेलिएर मलाई बेवास्ता गरेर बस्यो ।

मलाई पनि उसले अप्ठ्यारो मान्यो भनेर वास्ता नगरी हिँड्ने मन भयो । तर, म ऊ भएको ठाउँमा पुग्नुअगाडि नै अर्को बाटोपट्टिबाट एउटा अजङ्गको

थुन्सेको भारीमा मकै बोकेर कोही आइपुग्यो । कसरी बोक्न सकेकी होली जुरेलीले त्यत्रो पहाडजत्रो थुन्सेमा भारी ? म कहालिएँ । उसले सकीनसकी त्यो भारी दोबाटोमा बिसाई । उसका मसिना खुट्टाहरू लगलग काँपिरहेका थिए । कहाँ लुकेर बसेको हुन्छ कुनै गरीबसँग त्यतिबिघ्न ताकत ? आखिर केको लोभ हो यो ?

आफूले बोक्न सक्ने एक भारी मकैको बाली लिन गएकी जुरेलीले कसरी बोक्न सकी त्यो पहाड ? मान्छे जब हरेक दिन दुःखको पहाड चढ्छ नि, तब ऊ लोभको सगरमाथासमेत चढ्ने साहस राख्दोरहेछ । जुरेलीले झुसी भएको थुन्सेको मकैका घोगाहरू अलिअलि गर्दै छोरो गोविन्दको डोकोमा खन्याउन थाली । आमाछोरालाई सजिलो हुनेगरी दुइटा भारी बनाइरहेका थिए उनीहरू । म नजिकबाट नदेखेझैँगरी गएँ ।

तल गाउँ पुग्नै लाग्दा देखेँ– आमाभन्दा अघिअघि मकैको सानो भारी बोकेर गोविन्द उकालो लागिरहेको थियो ।

+++

“बा गोविन्दले गोरु ल्यायो”, एकदिन म खाना खाँदै गर्दा मेरी छोरी आशाले भनेकी थिई । अचम्म मानेर म पनि हतार हतार चुठेर बाहिर हेर्न पुगेको थिएँ ।

गाउँकै हली थियो नकुले । उसलाई मैले त्यस दिनको लागि एक हल गोरु ल्याउन अह्राएको थिएँ । तर, गोरु अघि लगाउँदै काँधमा हलोजुवा बोकेर गोविन्द मेरो घरैअगाडि आइपुगेको थियो ।

“नकुलेले पठा’ हो तँलाई ?”

उसले मुन्टो हल्लायो ।

“अब तँ हली पनि भइस् गधा ?” मैले उसलाई हकारेँ ।

ऊ केवल ङिच्च परेर हाँसिरह्यो ।

“त्यति राम्रो पढ्ने मान्छे, पढाइ सढाइ छोडेर...”

“हाम्रा पनि बाउ मास्टर भा’का भए पढ्थ्यौँ होला नि सर ! धन्न बाउ जँड्याहा भए पनि कुकुरको मुत सुर्क्याएर हिँडिया छैन । अब भात खानलाई काम नगरी भएन । हैन र सर ?” उसले भन्यो ।

म नाजवाफ थिएँ । सबैको भाग्य एकनास कहाँ हुन्छ र ! सबैले कहाँ आफ्ना इच्छाहरूको उडान गर्न पाउँछन् र ! त्यसै दिनदेखि सात कक्षा पढेर छोडेको गोविन्द गाउँको नयाँ हलीका रूपमा उदाएको थियो । ऊ मेरो खेत जोत्न भनेपछि मरिहत्ते गर्थ्यो । भन्नुपर्दा ऊ नै त्यसउप्रान्त मेरो अनौपचारिक हलीमा नियुक्त भएको थियो ।

गोविन्दको मेरो घरमा आवतजावत बाक्लै हुन थाल्यो । पढ्न छोडेको त थियो उसले । तर, उसको ज्ञान र तर्कले उसलाई छोडेको थिएन ।

कहिलेकाहीँ जातपातका कुरा प्रसङ्बस आउँदा ऊ भन्थ्यो, "मेरा बा पो रक्सी खान्छन्, फोहोरी छन् अनि कसैले छुँदैनन् ! म त सुघ्घरी छु, मलाई त छुन भैहाल्छ नि, हैन र सर ? मान्छेको शरीर फोहोरी भए पो छुन घिनाउने हो । नत्र त सबैको हाडछालाले बनेको शरीर एकै हो नि, हैन र सर ?"

मलाई उसका कुराहरू एकदम घत पर्थे । म उसको तारीफ नगरिरहन पनि सक्दैन थिएँ । हाम्रा कुराहरू सुनिरहेकी मेरी छोरी आशा पनि गोविन्दका कुराहरूमा बडो चाख मान्न थालेकी थिई ।

एकदिन खेतको काम सकिसकेपछि गोविन्द पिँढीमा बसिरहेको थियो । आशाले चिया बनाएर ल्याई । मलाई चिया दिएर ऊ अर्को गिलास लिएर गोविन्दको छेउमा उभिई ।

"यहीँ राख्दिनुस्", पिँढीको छेउ देखाउँदै उसले आशालाई भन्यो ।

आशा चियाको गिलास गोविन्दको हातमै दिन चाहिरहेकी थिई । त्यो बुझेर होला, उसले आशाको हातबाट थपक्क गिलास समात्यो र मुसुक्क हाँस्यो । मलाई पहिलोचोटि असजिलो महशुस भयो । चौध वर्षमात्र भएकी मेरी छोरी आशा मलाई अब हुर्केकीजस्ती लाग्न थाल्यो । उसको मुस्कानमा मैले कहीँ, कतै केटाकेटीपन देखिनँ ।

न्यायका कुरा गर्नु, स्वतन्त्रताका कुरा गर्नु, समानताका कुरा गर्नु सजिलो हुन्छ । बस् मान्छेलाई कुरा गर्न नै सजिलो लाग्छ । व्यावहारिकतामा मान्छे आफ्नै विवेकको दास हुनेरहेछ । मलाई नराम्रा सम्भावनाहरूले गिजोल्न थालेको थियो त्यसपछि ।

"खासमा छ नि सर, हामी छातीमा दम भएको भएर नै दमै भएका रहेछौँ । नभए यत्रो ठूलो खेत अर्को हलीले भा' भए यति चाँडो जोत्न सक्थ्यो र ?" गोविन्द मलाई हेरेर सुनाउँथ्यो । तर, उसका चोर आँखाहरूले आशालाई हेरेका म देख्दथेँ । आशा पनि उसका कुरा चाख मानेर सुन्थी । उसकै मुस्कानको तालमा खितखिताउँथी ।

मलाई त्यसै दिनदेखि गोविन्दसँग अलिअलि डर लाग्न थालेको थियो ।

+++

हलो जोतेको पैसा दिनु थियो गोविन्दलाई । उसको अत्तोपत्तो थिएन निकै दिनसम्म । तर, एक्कासि एउटा बिहान ऊ मेरो आँगनमा झुल्कियो ।

"केको दाग हो तेरो अनुहारमा ?" अनुहार कालै हुनेगरी दर्फरिएको देखेर मैले सोधेको थिएँ ।

"बाइक सिकेको चिनो सर", ऊ जस्तोसुकै पीडामा पनि हाँसिरहन सक्ने मान्छे थियो । मजाक त उसको लवजमै लिसोजसरी टाँसिएको थियो ।

"गोरुको ड्राइभरले कहीँ मटरसाइकल चला'र होला त गधा ?" मलाई पनि उसलाई जिस्काउन मजा लाग्थ्यो ।

ऊ ङिच्च हाँसेर उभिरह्यो । अरू बेलामा त म उसलाई "बस्" भन्थेँ । छोरीलाई "गोविन्दलाई पनि चिया बनाइदे," भनेर अह्राउँथेँ । तर, यसपालि केही भनिनँ ।

"झन्डै मरेको सर ! मेरी आमा जुरेलीको मायाले बाँच्या होला म । नत्र त्यत्रो भीरबाट गुटुङटुङ बाइक गुल्टिँदा पनि यही अनुहारमात्र लछारियो । अरू केही भएन ।" ऊ आफ्नो दुर्घटना सुनाउँदै थियो । उसको वर्णन अलि बढी नै पनि हुन्थ्यो ।

"तँलाई हलो जोतेको चार हजार दिनु थियो, तँ मरेको भए त मलाई त्यो पैसा नाफा हुनेरहेछ है ?" मलाई पनि उसको मजाकको भेउ पाउनासाथ आफू पनि उस्तै बन्न मन लाग्थ्यो । जिस्किन मन लाग्थ्यो ।

"कहाँ हुनु नि, म मरेको भए पनि हजुरले मेरी आमालाई लगेर यी गोविन्दको पैसा भनेर दिइहाल्नु हुन्थ्यो नि सर", उसले भन्यो । हाँसिरहेका मेरा ओठहरू खुम्चिए । चिम्से आँखा खुल्ला भए । आफूले नचिनेको मलाई गोविन्दले पहिलोचोटि चिनाएको थियो ।

मलाई किनकिन त्यसदिन पनि गोविन्दका आँखाहरू अन्तै कतै केही खोजिरहेझैँ लाग्दै थिए । एस.एल.सी. आउँदै थियो छोरीको । ऊ बिहानी कोचिङ पढ्न गएकी थिई । के गोविन्दका आँखाहरूले आशालाई नै खोजेका हुन् ? किन यतिबिघ्न संशय बढेको मलाई ? गोविन्द असल थियो । उसको मन सफा थियो । अनि, केको डर त मलाई ? सायद मलाई उसको त्यही इमानदारी अनि सुशील चरित्रले आतङ्कित बनाउँथ्यो । नत्र त एउटा दलित, हली केटो भनेर मजस्तो चेतनशील शिक्षक र सामाजिक अभियन्ताले उसलाई विभेद गर्नु युक्तिसङ्गत थिएन । मलाई त्रास त गोविन्द चाहिनेभन्दा धेरै नै असल भएकोमा लागेको थियो ।

गोविन्दलाई उसको पैसा दिनु थियो । मैले श्रीमतीलाई भित्रबाट पैसा ल्याउन अह्राएँ । गोविन्दका हातमा अलक्क खस्नेगरी मेरी श्रीमतीले चारओटा हजारका नोट राखिदिई । औपचारिकता निभाउन होला, ऊ गोविन्दको परिवारका बारेमा पनि चासो राख्दै थिई ।

"तेरी आमा कता छे ?, बाउ के गर्छ ? जाँडमै डुबेर बस्छ आजभोलि पनि ?" यस्तै-यस्तै अर्थ न बर्थका सवाल गर्दै थिई ऊ ।

"आमा उही त हो नि... बाउको हालत पनि उही त हो नि !", यस्तै यस्तै झिँजो लाग्ने उत्तर दिँदै थियो ऊ ।

"तेरो बाउले जुनीचाहिँ खेरै फ्याँक्यो है ? त्यतिबिघ्न सीप जानेको मान्छे किन यस्तो भा'को होला ?" पीर परेजसरी खुइय्य गर्दै थिई मेरी श्रीमती ।

"त्यही त भन्या मिस !", गोविन्दले भन्यो । म सर भएको नाताले मेरी श्रीमती पनि सबैकी मिस थिई । भलै ऊ कसैले 'मिस' भन्दा लजाउँथी । हातको पैसा नगनी खल्तीमा राख्दै हँसिलो अनुहार गम्भीर बनाउँदै गोविन्दले अझै भन्यो, "जातले पाको भनेर खाने नै मुर्ख हुन् । फाइदा गर्दैन भनेर जान्दाजान्दै किन खानु ? मातेर लड्ने, झगडालु बनाउने, दिमाग बोधो बनाउने चीज किन खानु बेकारमा ? अब त बुझ्नु नि किन दलित भैयो, किन पछि परियो भनेर ? हामीलाई जातले पाको, हातले खाको भनेर उक्साएर जाँडमै डुबाएर लाटो बनाउनेका षडयन्त्र बुझ्नुपर्दैन ? सुग्घरी भएर, फाइदा गर्ने चोखो चीज खाएर बसे पो दिमाग पनि बढ्छ । अनि पो अर्काले हेप्न, पेल्न नि पाउँदैन । खासमा सर, हामी दलित भा'को त आफ्नै बुद्धी नपुगेर हो नि !"

उसले एकै सासमा आफ्ना कुरा सक्यो । हामी बुढाबुढी वाल्ल परेर सुनिरह्यौँ मात्र ।

ऊ मेरो आँगनबाट ओझेल पऱ्यो । तगारोबाट निस्किन लाग्दा फेरि फर्केर भन्यो, "सुन्नुभो मिस, मेरा बाले जिन्दगीमा एउटाचाहिँ साह्रै गतिलो काम गरेका छन् ।"

मेरी श्रीमती प्रश्नवाचक चिन्ह झुन्डिएको अनुहारले उसलाई हेरिरहेकी थिई ।

"मजस्तो असल छोरो जन्माउने काम क्या !" यति भनेर फेरि पूर्ववत् मुस्कान ओठ र आँखामा सजाएर गोविन्द उकालो लाग्यो ।

+++

मेरी छोरीले एस.एल.सी. दिएको र त्यसपछि उही स्कूलमा एघार पढेका दिनहरू म सम्झन चाहन्नँ । तर, सम्झिन नचाहेर पनि यादहरू कहाँ मेटाउन सकिन्छ र ! केही सम्झनाहरू त मुटुमा गहिरो किलो गाडेर बसेका हुन्छन् । जति जोड लगाए पनि उखेल्न सकिँदैन । मानसिक रूपमा कति धेरै अशान्त थिएँ म त्यतिबेला । हरेक दिन कतै न कतै कसैले मेरी श्रीमतीलाई सुनाउने कुराहरू । श्रीमतीबाट झन् धेरै डरलाग्दा भएर मसामु आइपुग्थे ती हल्लाहरू ।

"मास्टरकी छोरी त दमैको छोरोसँग पल्केकी छ रे भनेर हल्ला चलाउँदा रहेछन्", ऊ मसामु आएर सुँकसुँकाउँथी । छोरीले सुन्छे कि भनेर साउती मार्थी ।

छोरीलाई सीधा सोध्न, हप्काउन पनि असजिलो थियो । कतै कुनै अप्रिय कुरा सुन्नु नपरोस् ।

"हो बा, म गोविन्दलाई मन पराउँछु । के तपाइँलाई गोविन्द नेपाली असल केटा हो जस्तो लाग्दैन र ? मेहनती छ, कम पढेलेखेको भए पनि ज्ञानी र इमानदार छ । आफ्नै पौरखमा बाँचेको छ । कसैको कुभलो गर्दैन । के एउटा योग्य पुरुष हुन यी गुण काफी छैनन् र बा ?" मेरा तर्कनाहरूमा छोरी आशा यस्तै कुराहरू सुनाउन आउँथी ।

तर, आदर्श आफ्नो ठाउँमा थियो; यथार्थ आफ्नो ठाउँमा । परिवर्तन भनेको एउटा त्यस्तो साहसी खेल रहेछ; जो बहुसङ्ख्यक मान्छेहरूको वशमा हुँदैन । साधारण मान्छेहरू त अरूले गराएको परिवर्तनलाई परबाट नियाल्न मात्र सक्दछन् । त्यही परिवर्तनमा हेलिएर आफूलाई अनि समाजलाई बदल्न नसक्दा रहेछन् । मपनि एउटा साधारण गाउँमा गरिखाएको साधारण शिक्षक न थिएँ । समाज बदल्ने मेरो हैसियत नै कहाँ थियो र ।

फगत हल्लाहरू सुन्नु अनि ती हल्लाहरूलाई बेवास्ता गर्नु मेरो दैनिकी बनेको थियो । गोविन्द पनि मेरो घरमा आउन छोडेको थियो । यसले पनि मेरो मनमा संशयको बादल झन् फराकिलो बनाउँथ्यो । ऊ आए पनि म झन् देख्न सक्दिनथेँ । आखिर कता भेट्छन् यिनीहरू ? कसरी नजिकिए होलान् यिनीहरू ? न बाटो एउटै हो, न पृष्ठभूमि एउटै, न सामाजिक अवस्था मिल्छ, न हैसियत नै । यदि हल्लाहरूमा सत्यता छ भने आखिर कसरी सम्भव हुन सक्यो यिनीहरूको सम्बन्ध ? के आशाको मनमा गोविन्दप्रति सहानुभूतिको बिउ छरिदिने म आफैँ हैन र ?

म सोचहरूमा हराउँथेँ । टोलाउँथेँ । उस्तै हालत थियो मेरी श्रीमतीको पनि । भर्खर सत्र वर्ष लाग्दै थिई छोरी । कतै बिहे गरिदिउँ भने पनि कलिली लाग्ने । बच्चै ठानौँ– दुषित हावा चलेर गाउँमा बस्न अप्ठ्यारो हुँदै गैसकेको थियो । म आफूलाई एकदम कमजोर महशुस गर्न थालिसकेको थिएँ । जस्तै कठोर पुरुष पनि जब छोरीको बाबु बन्छ नि, तब जिन्दगीको कुनै मोडमा उसको मन पनि स्त्रीसुलभ भएर आउँदो रहेछ, एकदम संवेदनशील ।

तर, त्यो दिन कुनै मृत्युको शोकभन्दा कम भएन मेरो घरमा । श्रीमती धेरै लामो चिन्ताबाट यसै सुकिसकेकी थिई । उसले त्यही दिन आफूलाई अझै निर्मम ढङ्गले निचोरेर आँसु बगाइरहेकी थिई ।

"नरो अब । जे नहुनु भयो", म सान्त्वना दिन मात्र सक्थेँ । तर, मलाईचाहिँ आश्वस्त कसले बनाओस् ?

"कसरी सहनु मैले ! मेरी एउटी छोरी, त्यति पढेलेखेकी मान्छे, यसरी गाउँकै जँड्याहा दमैको हली छोरोसँग भागेपछि ? के अनुहार देखाउनु मैले ? उसै त कुरा काट्ने त्यति धेरै छन्, त्यति धेरै दुश्मन छन् ! जानै परे पनि कालले ठाउँठहर थाहा नपाकोसँग गा'को भए के जान्थ्यो", ऊ कोकोहोलो गर्दै थिई ।

छोरी भागेर गई । गोविन्द मेरो ज्वाइँ भएको थियो । तर, मेरो अगाडि समाज थियो । आडम्बर थियो । आफ्नै अहम थियो । म कहाँ सक्थेँ र यो यथार्थ स्वीकार्न ? नैराश्यता बिष हुँदोरहेछ । यसले मान्छेका विचारहरू, आदर्शहरू बिटुलो बनाउँदोरहेछ । म पहिलेझैँ आदर्श शिक्षक रहिनँ । समाजभन्दा निकै पर भएजस्तो भान हुन्थ्यो मलाई ।

मैले मनमा सोचहरूको रोग बोकेँ । श्रीमतीले शरीरमा सुर्ताको रोग बोकी । हामी थलियौँ ।

न त छोरीको खबर आयो, न त गोविन्द गाउँ आयो । फगत गाउँमा बसेका हामी जोईपोइ मात्र पिल्सिरह्यौँ ।

"जुरेलीले गमक्क परेर नमस्ते गर्दै थिई; मलाई रनक्क पारो तातेर आयो । त्यसको औतार पनि नहेरी हिँडेर आएँ ।" बाटोघाटोमा गोविन्दकी आमा देख्दा जसरी मेरी श्रीमतीले व्यवहार गर्थी; त्योभन्दा बढी त मलाई पोल्थ्यो जब कतै सनकेलाई देख्दथेँ । अझ खिस्याएर पीठपछाडी 'सम्धी' भनिदिनेहरूको कुनै कमी थिएन ।

केही महिना बिते । वर्ष बित्ने तरखर पनि गर्दै थियो । यसबीचमा आशाले मसँग सम्पर्क गर्न सकेकी थिइन; गोविन्दले भने फोन गरेको थियो ।

"समाजसँग लडौँला सर ! म गाउँ नबसेको पनि तपाइँलाई नै नराम्रो लाग्ला भनेर हो । अलि पुरानो होस्; स्थिति सामान्य बनोस् अनि गाउँ आउँला ।" गोविन्दले भनेको थियो ।

तर, मलाई त छोरीलाई छुटाउनु थियो । अलग बनाउनु थियो ऊसँग । काँचो बुद्धि भएकी मान्छेले हतारमा निर्णय गरी । समय आएपछि उसले पनि बुझ्नेछे । ठाउँठाउँमा विभेद खेप्नुपर्दा, अभावसँग सामना गर्नुपर्दा, पढाइ र चेतनाको स्तरसँग मुकाबिला गर्नुपर्दा छोरीले प्रायस्चित गर्नेछे । छोरी मेरो अघिल्तिर भए म सम्झाउन सक्ने थिएँ । उसलाई छुटाउन सक्ने थिएँ । मलाई यस्तै लाग्थ्यो । तर, अकस्मात् एउटा यस्तो खबर आयो; जसले मेरो मनस्थिति पूरै हल्लाइदियो । आशाले छोरी पाइछ । अब मेरा लागि सबै बाटाहरू बन्द भएझैँ

लागे । अब त झन् उनीहरूको सम्बन्धको ताला बलियोगरी कस्सिएको थियो । बच्चा नभएकी भए म मेरी छोरीलाई जसरी पनि फर्काउन सक्ने थिएँ । कतै टाढा लगेर नयाँ सम्बन्ध गाँसिदिन सक्ने थिएँ ।

तर, म विकल्पहीन भएको थिएँ त्यतिबेला ।

“जसले जेसुकै भनोस् । भात काढोस् कि जात काढोस्– छोरी आफ्नै हो; उसले जन्माएकी चिचिली पनि आफ्नै हो ।” यसै भन्थी मेरी श्रीमती । चिन्ताले मरणाशन्न हुन थालेकी थिई ऊ । उसलाई आफ्नो थाँक्रोजस्तो दाउरे शरीरमा अल्झिएको प्राण अड्याउन पनि छोरीको अनुहार नहेरी भएन । ज्वाईं आउन नसके पनि छोरी घर आई । मैले नै ल्याएँ । जोरीपारीले कुरा काटे होलान् । हामीले पर्वाह गरेनौँ । बाहिर निस्किन गाह्रो थियो; म निस्किनँ । लगभग सामाजिक बहिष्कारजस्तै भएका थियौँ हामी । तर, त्यसको के मतलब र ! भाइरसको सङ्क्रमण होला भनेर पनि त हामी महिनौँसम्म घरभित्रै बसेका थियौँ नि । यो समाजमा व्याप्त कुसंस्कारको भाइरसको सङ्क्रमण नहोस् भनेर पनि हामी आफ्नै बन्धुबान्धवकहाँ पनि निस्केनौँ ।

नातिनीको अनुहारमा हेरेँ । आखिर यति उज्यालो निधार बोकेर आएकी यो चिचिलीसँग तर्किनुपर्ने के छ र ?

“नातिनीको नाम के राखेकी छस् ?” छोरीलाई सोधेँ ।

“दोभान । दोभान नेपाली हो छोरीको नाम । एउटा नदी म हुँ; जो सजिलोहरूमा बग्दै–बग्दै थिएँ । अर्को नदी थियो गोविन्द; जो अप्ठेराहरूमा मात्र बग्यो । हामी एउटा समथर फाँटमा पुगेर मिस्सियौँ र यो दोभान जन्मिई । अब हाम्रो यात्रा सागरतर्फको हुनेछ ।” आशाले आत्मविश्वासी भएर भनी ।

हो त, समाजका कति धेरै पुरातन गल्छी र खोँचहरूमा साँघुरिएर हामी बगेका थियौँ । अब समथर फाँट भेटिसकेका थिए गोविन्द र आशाले । बिस्तारै बग्नेछन् बग्न त । तर, अब उनीहरूको यात्रा विशाल सागरसम्मको हुनेछ ।

मलाई यो साँघुरो समाजदेखि रिस हैन; आजभोलि दया लागेर आउँछ ।

■■

**नारायणप्रसाद आचार्य**

# जिज्ञासा



बिहान सबेरै ब्रह्ममुहुर्तमा उठेर आफ्नो नित्यकर्म गरी बाबुबाजेको पालादेखि गर्दै आएको कर्म (पूजापाठ) गर्न बसेका छन्– पण्डित रामकृष्ण । पूजापाठ गर्दा नित्यजस्तै पढ्ने गरेको मन्त्र “ऊँ ! सर्वे भवन्तु सुखिनः । सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु । मा कश्चित दुःख भाग्भवेत । ऊँ शान्तिः ऊँ शान्तिः ऊँ शान्तिः !” भन्दै गर्दा आज बिहान सानो छोराले त्यो मन्त्रको अर्थ सोध्छ । सबै सुखी रहून्; सबैको कल्याण होस्; आरोग्यता र आयु प्राप्त होस्; सबैको दुःख दूर होस् भन्ने यसको अर्थ हुन्छ भनी आफ्नो छोरालाई जबाफ दिन्छन् उनी । सदाझैँ आफ्नो नित्यकर्म सकिएपछि प्रातकालीन भ्रमणमा निस्कन्छन् पण्डित रामकृष्ण । प्रायजसो एक्लै निस्कने रामकृष्णले आज छोरालाई साथैमा लिएर गएका छन् । केही समयको हिँडाइपछि उनीहरू नजिकको बजारमा पुग्दछन् । त्यहाँ एकजना खाद्यान्न पसले आाफ्नो पसल खोलेर बेसरी धुवाँ हुने गरी धुपौरोमा धूप बालिरहेको हुन्छ । त्यो दृष्य देखेर बालकमा कौतुहलता बढ्छ र बालकको मनमा जिज्ञासा उठ्न थाल्छ । जिज्ञासा समाधानका लागि बालक आफ्नो पितालाई प्रश्न तेर्स्याउँछ ।

बालकः बाबा बाबा ! त्यो पसले अङ्कलले किन आफ्नो पसलभरि धुवाँ बना’को ?

बाबु (पण्डित रामकृष्ण)ः धूप बालेको नि बाबू !

बालकः किन बाबा ?

बाबुः पसलका सबै सामान बिक्री होस्; व्यापार धेरै होस् भनेर भगवान्सँग धूप बालेर प्राथना गरेको ।

बालकः ए !

त्यसपछि दुवैजना अगाडि बढेछन् । केही अगाडि पुगेपछि एकजना तरकारी व्यापारीले मुट्ठीभरि अगरत्ती धूप बालेर पसलमा राखेको हुन्छ । त्यो दृश्य देखेपछि बालकले पहिलेझैँ आफ्नो बाबुप्रति प्रश्न राख्छ ।

बालकः बाबा बाबा ! त्यो तरकारी पसले अङ्कलले चाहिँ किन त्यति धेरै अगरबत्ती बालेको नि ?

बाबाः उसले पनि धेरै व्यापार होस् भनेर अगर बत्ती बालेको ।

अगाडि बढ्ने क्रममा थुप्रै पसलहरूमा बिहानको समयमा धूप अगरबत्ती बालेको देखिन्छ । त्यसपछि बालकले बाबुलाई प्रश्न गर्दैन । बालक आफ्नो प्रश्नको जबाफ आफैँ दिन्छ– यी सबैले 'आजको दिन राम्रो होस्, व्यापार धेरै होस्' भनेर धूप अगरबत्ती बालेका हुन् ।

असारको पहिलो साता थियो । खेती-किसानी गर्ने बेला हिँड्दै अगाडि जाने क्रममा उनीहरू ठूलो खेतको फाँटमा पुग्छन् । जहाँ एकजना किसान आफ्नो खेतको सिरानमा धूपबत्ती बालेर पूजाआजा गर्दै गरेको हुन्छ ।

बालकः बाबा ! यहाँ त मान्छेहरू धान रोप्न लागेका छन्, फेरि किन धूपबत्ती बालेर पूजा गरेको ?

बाबाः रोग, कीरा नलागोस्; धान धेरै फलोस् भनेर सिमे-भूमेको पूजा गरेको ।

बालकः त्यसो गऱ्यो भने धेरै फल्छ ?

बाबाः त्यही विश्वास छ ।

बाबु-छोराको यात्रा अझै अगाडि बढ्दै जान्छन् । केही पर पुगेपछि एउटा मेडिकल (औषधि पसल) आउँछ । त्यो पसलको अगाडि पुगेपछि सानो बालक टक्क अडिएर हेर्न थाल्छ । रामकृष्ण अगाडि पुगिसकेका हुनाले छोरालाई बोलाउँछन् । तर, ऊ भने त्यहीँ रोकिन्छ । उसको मनमा एउटा गहन प्रश्न र जिज्ञासा उठेर आउँछ अनि आफ्नो पितालाई प्रश्न गर्छ ।

बालकः बाबा बाबा ! यो मेडिकल अङ्कलले चाहिँ किन यति धेरै धूप अगरबत्ती बालेको होला ?

बाबाः उसले पनि औषधि धेरै बिकोस्, व्यापार धेरै होस् भनेर यसो गरेको ।

बालकः के भयो भने औषधि धेरै बिक्छ बाबा ?

बाबाः मान्छे धेरै बिरामी भयो भने ।

बालकः त्यसो भए यो अङ्कलले सबै मान्छे बिमारी होऊन् भनेर अगरबत्ती बालेका रहेछन्, होइन ?

निरुत्तर हुन्छन् पण्डित रामकृष्ण । हँ... उसले त यतातिर सोचेकै रहेनछ ! गति गहन कुरा गऱ्यो आज छोराले; जसको ऊसँग कुनै जबाफ थिएन । साँच्चै मेडिकलवालाले बालेको अगरबत्तीको गहिरो अर्थ पो रहेछ । जसका बारेमा उसले आजसम्म सोच्न सकेको पनि थिएन ।

अनि फेरि छोराले सोध्छ, "बिहान तपाईँले पूजा गर्दा भनेको 'सर्वे भवन्तु सुखिन...' र यो मेडिकलवालाको प्राथनामा कहाँ मेल खायो त ?" त्यसपछि पण्डित रामकृष्ण अवाक् हुन्छन् र अझै बेस्सरी झस्कन पुग्छन् ।

■■

*उप-प्रबन्धक, नेपाल विद्युत् प्राधिकरण*

विशाल दर्लामी

# यिनका पिडौँला कस्ता होलान् ?



भोक, रोग र शोकमा डुबेका यी जिन्दगीहरू
अभावमा कुदिरहका यी जिन्दगीहरू
पसिनाको अमिलो गन्धलाई सुगन्ध मानेर
हाँसिरहेका यी जिन्दगीहरू
न त यिनलाई ऐना हेर्ने फुर्सद छ
न त मैलो चोली फेर्ने फुर्सद छ
न त फाटेको गुनियो फेर्ने नै फुर्सद छ ।

यी जिन्दगीहरू
राजधानीसँग बेखबर छन्
यी जिन्दगीहरू
सिंहदरबारसँग बेखबर छन्
कसले कसलाई ढाल्दै छ ?
को कसका विरुद्ध हुर्मत गरिरहेको छ ?
संसद् विघटन भयो ?
वा, सग्लै छ ?
सत्ताको दाउमा को कहाँ कुदिरहेको छ ?
जी-हजुरी गरिरहेको छ ?
यी घीनलाग्दा दृश्यहरूसँग
यी जिन्दगीहरू बेखबर छन् ।

यिनीहरू हेरिरहेका छन्
यिनीहरू पर्खिरहेका छन्–
राजधानीबाट कुहिएको चामल बोकी
उडेको जहाज कतिबेला आइपुग्छ र
हप्तौँदेखिको भोक मेटौँला भनेर ।

यिनका पटपटी फुटेका पैतालाहरू त देखेकै छौ
चिसो सिरेटोले फुटेका ओठहरू त देखेकै छौ
पसिनाको गन्ध आउने चोली त देखेकै छौ
महिनौँसम्म साबुन-पानी नभेटेको
उनको गुजुल्टिएको कपाल त देखेकै छौ ।
यिनका अभावका जिन्दगीहरू
पीडैपीडाका सुस्केराहरू
न त कहिल्यै वसन्त आउने
न त कहिल्यै घाम लाग्ने
नदीजस्तै बगिरहेका
कठोर जिन्दगीहरू त देखेकै छौ ।

अब एउटै खुलदुली बाँकी छ
अब एउटै चीज हेर्न बाँकी छ–
यिनका पिडौँला कस्ता होलान् ?
■■



## पिंडालु पण्डित

# प्रेस विज्ञप्ति



**पृथ्वीस्थित सप्तप्रदेशयुक्त नेपालखण्ड-निवासी**
**आफैँले आफैँलाई महान् देख्ने कथित सृष्टिकर्ता ब्रह्मापुत्र/पुत्रीहरू,**

सर्वप्रथम त हाम्रो सम्पर्कमा आउनुभएका र आउन बाँकी दिनको उज्यालोमा विराजमान हुनुभएका कथित ब्रह्मापुत्र/पुत्रीहरूमा हामी 'एडिस एजिप्टाई/एडिज आल्बोपिक्टस पोथी लामखुट्टे' का तर्फबाट हार्दिक अभिवादन टक्र्याउँछौँ । हाम्रो यस अभिवादनलाई दुई हात जोडेर सहर्ष स्वीकार्नुहोला न कि ताल न तुलको एउटा रित्तो मुट्ठी बटारेर ।

जे कुरालाई पनि आफ्नैअनुकूल व्याख्या-विश्लेषण गर्ने स्वभावका कतिपय तपाईंहरू मुट्ठी बटारेर गरिने अभिवादनलाई किन निषेध गऱ्यौ ? भनेर हामीसँग कुर्लन सक्नुहुन्छ । तपाईंहरूसँग त्यो अधिकार छ तर तपाईंहरू त्यसरी कुर्लन जरुरी छैन । किनकि, हामी हाम्रा अगाडिका दुई खुट्टालाई हातको रूपमा प्रयोग गरेर सहज रूपमा नमस्कार गर्छौं । त्यस्तै दुई हात भएका तपाईंहरूले पनि ती दुवै हात जोडी अभिवादन गर्नु तपाईंहरूको परम कर्तव्य हो । त्यसैले दुई हात जोडेर गरिने नमस्कार तपाईंहरूलाई मात्र गरिरहेका छैनौँ, हामी आफैँका लागि पनि अपेक्षा गरिरहेका छौँ ।

डेङ्गुका विषयमा सामाजिक सञ्जाल, छापा तथा श्रव्य-सञ्चारका साधन, स्वास्थ्य संस्थालगायतका सरकारी कार्यालय, गैरसरकारी सङ्घसंस्था, सार्वजनिक सडक, घर-परिवार, टोल, बस्तीआदि स्थान सबैमा चर्चा-परिचर्चा भइरहँदा हाम्रा तर्फबाट पनि यस विषयमा एउटा प्रेस विज्ञप्ति जारी गर्नुपर्ने आवश्यकता हामीले महसुस गऱ्यौँ । तसर्थ, यस प्रेस विज्ञप्तिमार्फत तपाईंहरूलाई के जानकारी गराऊँ भने– हामी हाम्रै जातका भाले लामखुट्टेका स्वभावविपरीत निकै क्रान्तिकारी स्वभावका भएर निस्किएको कुरा सार्वजनिक गर्छौं । तपाईंहरू भन्नुहोला– तिमीहरूभन्दा हामी बढ्ता क्रान्तिकारी छौँ । बढ्ता बुद्धिमानी छौँ ।

बढ्ता विकासप्रेमी छौँ । माफ गर्नुस्, तपाईंहरूले आफूलाई जतिसुकै महान् क्रान्तिकारी र बुद्धिमानी सम्झे पनि हामी त्योभन्दा कम छैनौँ । कममात्र होइन; हामी तपाईंहरूभन्दा चौबर क्रान्तिकारी छौँ । र, त्यत्तिकै बुद्धिमानी पनि छौँ ।

तपाईंहरू रातमा क्रान्ति गर्नुहुन्छ, हामी दिनमै क्रान्ति गर्छौं । तपाईंहरू कम जङ्गल र बढी घरमै लुकेर क्रान्तिको कर्म सम्पन्न गर्नुहुन्छ, हामी कम घर र बढी जङ्गलमा बसेर क्रान्ति गर्दिन्छौँ । गरिरहेका छौँ । तपाईंहरू सीमित व्यक्ति, समूह, क्षेत्र, लिङ्ग वा पेशाका पक्षपोषकका लागि क्रान्तिको बिगुल फुक्नुहुन्छ; हामी तपाईंहरू सप्पैलाई एकैचोटि प्रतिद्वन्द्वीको तुलोमा राखेर हाँक दिन्छौँ र क्रान्तिकर्म अगाडि बढाइदिन्छौँ । अर्को शब्दमा भन्नुपर्दा– तपाईंहरू सप्पैविरुद्ध हामी र हामी सप्पैविरुद्ध तपाईंहरू भइरहेको कुरा सार्वजनिक गर्न चाहन्छौँ ।

तपाईंहरू हतियार उठाएर क्रान्तिको बिगुल फुक्नुहुन्छ । सोझासीधा निमुखालाई तर्साएर, धम्क्याएर, लोभलालचमा पारेर, केटाकेटी बटुलेर क्रान्तिको राप सिर्जना गर्दै आनन्द लिनुहुन्छ । तर, हाम्रा लागि ती कुनै हतियार वा उपाय आवश्यक छैनन्– क्रान्तिका लागि । तपाईंहरूजस्ता महान् क्रान्तिकारीसँग मुकाबिला गर्न हामीमध्येको एउटै पोथी लामखुट्टे पर्याप्त छ । तपाईंहरूसँग जति नै बम, बारुद र हतियार भए पनि हामी तपाईंहरूलाई हाम्रो एउटै चुम्बनले ढलाइदिन्छौँ । एउटै डसाइले लडाइदिन्छौँ । त्यसका लागि न भटटट्ट गोली चलाउनुपर्छ न बड्याङ र बुडुङ, पट्याङ र पुटुङ बम पड्काउनुपर्छ । न तपाईंहरू जस्तो गाउँ, टोल, शहर, स्कूल, कलेज, कारखाना, व्यारेकआदि ठाउँ पुगेर क्रान्तिकारीहरूको झुन्ड नै हामीलाई तयार गर्नुपर्छ । तपाईंहरूको जस्तो विभिन्न हैसियतका कमान्डरदेखि पाले-पहरा गर्नेसम्मको छुट्टै गण, गुल्म, ब्रिगेड, बाहिनीआदिको आवश्यकता पनि हामीलाई पर्दैन । यस अर्थमा हामीहरूसँग तपाईंहरूको तुलना नै हुन सक्तैन । त्यसैले हाम्रो मूल्याङ्कनमा हामी तपाईंहरूभन्दा कति माथि छौँ, कति !

तपाईंहरूले जतिसुकै समानताका कुरा गरे पनि त्यसमा तपाईंहरू कसैले पनि उत्तीर्ण अङ्क ल्याउन सक्नुहुन्न । ल्याउनुभएको छैन । मतलब, तपाईंहरू व्यावहारिक समानताका विरोधी हुनुहुन्छ । समानता तपाईंहरूको मुखमा छ; व्यवहारमा छैन । हामी मुखले त्यतिविधि बोल्दैनौँ तर व्यवहारमा सबैलाई समान गर्छौं । त्यही भएर हामीले भत्ताका लागि सत्तामा बसेकादेखि गुजाराका लागि पुजारी बनेकासम्मलाई एउटै व्यवहार गरेर देखाइदिएका छौँ । मन्त्री हुन् कि मतदाता, राष्ट्रपति हुन् कि वडापति, नर हुन् कि नारी, दरबारिया हुन् कि

घरबारिया, गुरु हुन् कि चेला, घरपट्टी हुन् कि डेरावाला, नेता हुन् कि कार्यकर्ता सबैलाई समान व्यवहार गरेका छौँ । हाम्रो शब्दकोशमा यो आफ्नो, यो अर्को भन्ने छैन । हामीले लडाएका व्यक्तिहरूको सूची पढ्नुभयो भने पनि यस कुराको पुष्टि हुन्छ । हामीले ढाँटेका छैनौँ । हाम्रा लागि सबै समान । पक्षपात गरेर कसैलाई हामीले फरक व्यवहार गरेका छैनौँ । र, गर्ने पनि छैनौँ । हाम्रा दृष्टिमा तपाईंहरू सप्पै हाम्रा शत्रु हुनुहुन्छ । तपाईंहरूले यतिखेर हामीलाई भेट्ने हो भने निर्वाचनको विजयपछि मतदातालाई पेलेभन्दा चर्कोसँग हामीलाई पेल्नुहुन्छ । त्यो हामीलाई थाहा छ । तपाईंहरू यस मामलामा हामीसँग कुनै छलफल र वार्ता गर्न तयार हुनुहुन्न, न त हामी नै छौँ । हामीलाई पायो कि सिध्याउने दाउमा तपाईंहरू हुनुहुन्छ र तपाईंहरूलाई पाए सिध्याउने दाउमा हामी पनि छौँ ।

हाम्रा विरुद्ध तपाईंहरूले कति पर्चा–पम्प्लेट छर्नुभएको छ । कति रेडियो र टिभीको प्रयोग गर्नुभएको छ । कति विषादी र कुन्नि के–के प्रयोग गर्नुभएको छ । हाम्रा नाउँमा सरकारी रकमको गर्नुसम्म दोहन गर्नुभएको छ । त्यो हामीले नजिकबाट हेरिरहेका छौँ । अनुभव गरिरहेका छौँ । मूल्याङ्कन गरिरहेका छौँ । हामी जाबो लामखुट्टेका विरुद्ध तपाईंहरूले कति जात फाल्नुभएको छ, त्यो सब हामीलाई जानकारी छ ।

हामीले यी लामखुट्टेलाई सिध्याउन गरेका हरेक प्रयास यिनलाई कत्ति पनि थाहा छैन भन्ने भ्रम तपाईंहरू कदापि नपाल्नुहोला । त्यस विषयमा हामी पूर्णरूपमा जानकार छौँ । हाम्रो सुरक्षा सञ्जाल र उच्चस्तरीय समितिमा ती सबैका विषयमा एकएक छलफल भइरहेको छ । एकतामा विश्वास नगरी फुटमा रमाउने तपाईंहरूलाई कसरी सिध्याउने भन्ने योजना हामीसँग पनि छ । हामी तपाईंहरू जस्तो सूचना लुकाउँदैनौँ । सक्नुहुन्छ भने सूचना दिएका छौँ, के गर्नुपर्छ गर्नुस् । तपाईंहरूको सङ्घीय दरबारदेखि स्थानीय घरबारसम्म हाम्रा सेना तैनाथ भइसकेका छन् । कहाँ लुकेका छन्, के गरी बसेका छन्, के खाएका छन्, कुन पोशाकमा छन्– ती सबै पत्ता लगाउने जिम्मा हामीजत्तिकै क्रान्तिकारी दावीकर्ता तपाईंहरूलाई नै छाडेका छौँ ।

तपाईंहरू कतिसम्म हरिलट्ठक बुद्धिमानी हुनुहुन्छ भन्ने कुरा तपाईंहरूले बेलाबेलामा व्यक्त गरेका तपाईंहरूका महान् वाणीबाट पनि प्रस्ट हुन्छ । तपाईंहरूका महान् वाणी सुन्दा हाँसो उठ्छ । तपाईंहरू भन्नुहुन्छ– यिनले घुँडामाथि आक्रमण गर्दैनन् । यिनको उडाइ क्षमता बढीमा तीन फिट हो । त्यसैले घुँडामुनि जोगाए हुन्छ ।

अब भन्नुस्– तपाईंहरू भुइँमा बस्दा कति फिट हुनुहुन्छ ? ओछ्यानमा सुत्दा कति फिट हुनुहुन्छ ? पढाइलेखाइमा घोप्टिँदा कति फिट हुनुहुन्छ ? शौचादिमा बस्दा तपाईंहरूको उँचाई कति हुन्छ ? त्यसैले यस्तो हास्यास्पद कुरा गरेर कहींकतै नहिँड्नुस् । ढाडमा टेकेर टाउकामा हान्न सिकाउने वास्तवमा हामी हौँ । त्यसलाई तपाईंहरूले आफ्नो सिद्धान्त र नीति भनेर प्रचार प्रसार गर्नुभो । त्यस नीतिमा हामी अडिग छौँ । ढाडमा टेकेर टाउकामा हान्ने सिद्धान्त अहिले पनि हामीले छोडेका छैनौँ । बोकेका छौँ । सतर्क हुनुस्– हामी तपाईंहरू जस्तालाई जहाँ पनि आक्रमण गर्न सक्छौँ । च्यापु, ओठ, नाक, कान, घाँटी, आँखा र समग्र टाउकोदेखि पैतालासम्म जहाँ पनि आक्रमण गर्न सक्छौँ । जोगाउन सके जोगाउनुस् । हैन भने बक्न पाएँ भनेर बुझ्दै नबुझी जथाभावी बकेर नहिँड्नुस् । यो तपाईंहरूलाई हाम्रो ठाडो चुनौती हो ।

कथित सृष्टिकर्ता ब्रह्मापुत्र/पुत्रीहरू,

तपाईंहरूलाई हामी यो ठोकुवासाथ भन्छौँ कि हामीमध्येका कसैलाई पनि तपाईंहरूले ठूलाठूला पद देखाएर, उच्चभन्दा उच्च कुर्सी देखाएर, अनेकौँ आकर्षक आर्थिक प्रलोभन वा यस्तै लोभलालचमा पारेर वा डरत्रास देखाएर हामीजस्ता प्रतिबद्ध, इमानदार क्रान्तिकारी पोथीहरूलाई आफ्ना पक्षमा तान्न सक्नुहुन्न । न त हाम्रा भालेहरूले नै त्यसरी लोभिएर जानका लागि हामीलाई आग्रह गर्नेछन् ।

स्वघोषित महान् क्रान्तिकारी कहलाइएका कथित सृष्टिकर्ता ब्रह्मापुत्र/पुत्री, तपाईंहरू हामीले केही वर्षअघिदेखि दुईचार जिल्लामा तपाईंहरू विरुद्धको क्रियाकलाप अघि बढाउँदा एक हिसाबले कानमा तेल हालेर बस्नुभएको थियो । अहिले हामीले तपाईंहरूको राजधानीलगायत करीब सबै जिल्लामा आफ्नो प्रभाव विस्तार गरेपछि बल्ल तपाईंहरूको घैँटामा घाम लागेको छ । तपाईंहरूलाई चनाखो बनाएको छ । त्यो पनि काममा नभएर वचनमा । यस्तो स्थितिमा तपाईंहरूको अवस्था देख्दा हामीलाई तपाईंहरूप्रति दया लागेको छ । तैपनि, हामी तपाईंहरूसँग त्यसै आत्मसमर्पण गर्ने पक्षमा छैनौँ । प्रस्टसँग भन्नुपर्छ कि तपाईंहरूजस्ता निकृष्टसँग सामूहिक एकता गर्ने पक्षमा पनि हामी छैनौँ ।

यतिखेर हामीले चाहने हो भने तपाईंहरू हामीसँग सत्ता साझेदारी पनि गर्न सक्नुहुन्छ । उस्तै परे अनेकौँ शर्तमा पूरै सत्ता हामीलाई सुम्पन पनि सक्नुहुन्छ । तर, ढुक्क हुनुस्– हामी देशको सत्ता प्राप्त गर्नका लागि क्रान्ति गरिरहेका छैनौँ । आतङ्क मच्चाइरहेका छैनौँ । हामी मात्र तपाईंहरूको शक्ति परीक्षणका लागि

एकाएक क्रान्तिमा होमिएका हौँ । हामीलाई यतिखेर न विदेशको सहयोग छ, न स्वदेशको । न अरू प्राणीको हामीलाई सहयोग छ, न त तपाईंहरूको टोल, छिमेक र समाजमा तपाईंहरूकै उत्पत्तिकालदेखि तपाईंहरूसँगै नाची, खेली आएका हाम्रै जात थर र गोत्रका लामखुट्टे मित्रहरूको नै हामीलाई सहयोग छ । यस अर्थमा प्रत्यक्ष रूपमा सबैसँग एक्लो भएर पनि सबैलाई थर्काउन हामी सक्षम छौँ । आतङ्कित पार्न सक्षम छौँ । खाना खाँदा होस् वा शौचालय जाँदा, उठ्दा होस् वा सुत्दा, खेल्दा होस् वा पढाइलेखाइ गर्दा, चिया पिउँदा होस् वा खाजा खाँदा, गफ गर्दा होस् कि झगडा गर्दा जहाँ, जतिखेर पनि तपाईंहरूलाई झुल च्याप्न बाध्य पारेका छौँ । झुल ओढ्न बाध्य पारेका छौँ । यति गर्दा पनि हामीले झुल उद्योगी र व्यापारीसँग एक सुकासम्म पनि कमिसन मागे/खाएका छैनौँ । परपीडक ग्रन्थीका धनी हामीलाई यसमा सन्तोष छ ।

हिजोका दिनमा शत्रु भएर पनि आजका दिनमा हाम्रा आदिम पुर्खाका लामखुट्टे तपाईंहरूका मित्रु कहलिएका छन् हाम्रा तुलनामा यतिखेर । त्यसमा पनि हामीलाई कुनै गुनासो छैन । हामी अरू कसैको वाद र पथका अनुयायी होइनौँ । हामी, हामी आफैँले प्रतिपादन गरेको आफ्नै डेङ्गुपथमा प्रतिबद्ध छौँ ।

तपाईंहरूलाई ढाल्ने हाम्रो योजना हाम्रो समूहको निर्देशित मार्गदर्शन हो । हाम्रो यस लक्ष्यमा तपाईंहरूले कुनै भाँजो हाल्न सक्नुहुने छैन । तुषारापात गर्न सक्नुहुने छैन । आज नभए भोलि, भोलि नभए पर्सि र पर्सि पनि नभए निकोपर्सिका दिनसम्म पनि हामी हाम्रो लक्ष्यमा जसरी पनि पुग्नेछौँ । हामीले तपाईंहरूको औकात जोखिसकेका छौँ । तागत जाँचिसकेका छौँ । हामी अस्तिका दिनका औलो आयातकर्ता लामखुट्टेजस्ता होइनौँ । हामी पूर्णतः पोथी समूहको अगुवाईमा क्रान्ति अघि बढाएका नौला क्रान्तिकारी हौँ ।

हाम्रो क्रान्तिकारिता भूगोलको कुनै सिमानामा पनि बाँधिएको छैन । हामीलाई देश, विदेश र महादेश घुम्न कोही कसैको राहदानी वा कुनै अनुमतिपत्र पनि चाहिन्न । यस अर्थमा पनि हामी स्वतन्त्र छौँ । महान् छौँ । हाम्रो क्रान्तिकारिता नौलो छ । हामीबीच कसैले समावेशिता वा अरू केही कुराका नाममा अलिकति अंशमा पोथीहरूलाई फसाएर बाँकी सबै अंश आफैँले झ्वाम पार्ने योजना बुनेका छैनौँ । पितृसत्ताको पुरानो ढर्राबाट हामी नितान्त फरक छौँ । अलग छौँ । यसबाट पनि पुष्टि हुन्छ कि– हामी शुद्ध मनका विशुद्ध क्रान्तिकारी हौँ । समाजलाई सचेत बनाउने महान् आतङ्ककारी हौँ । सत्ताको लोभबाट नितान्त टाढा र पृथक् बाटो अँगालेका समूह हौँ । जो भूमिगत छौँ, अदृश्य छौँ । यति हुँदाहुँदै पनि दिनको

उज्यालोमा सबैका सामु आफ्नो हर्कत देखाइरहेका छौँ र यस अभियानमा हामी निरन्तर लागिरहने छौँ ।

**कथित सृष्टिकर्ता ब्रह्मापुत्र/पुत्रीहरू,**

अन्त्यमा, आज यस प्रेस विज्ञप्तिमार्फत तपाईंहरूलाई हामीले हाम्रा विविध गतिविधि र हाम्रो क्रान्तिकारिताका विषयमा सानै रूपमा भए पनि जे जति जानकारी दिन सक्यौँ, यसप्रति हामी गौरवको अनुभूति गर्छौं र भविष्यमा पनि यसरी नै राज्यको चौथो अङ्गमार्फत हाम्रा गतिविधि सार्वजनिक गरिरहने प्रतिबद्धता व्यक्त गर्दछौँ । भूमिगत रूपमा रहेका हामीलाई हाम्रा विषयका विविध गतिविधि सूचितताका लागि तपाईंहरूसामु यसरी सम्प्रेषित गर्न सहयोग गर्नुहुने सबै पत्रकार मित्रहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौँ ।

धन्यवाद ।

**मिति :**

**संवत्‌रहितौ, श्रावण–भाद्र मासे, मध्याह्न दिनौ, रविवासरे ।**

**एडिस एजिप्टाई**

**पोथी लामखुट्टे**

**प्रवक्ता एवं सुप्रिम कमान्डर, डेङ्गुपथ**

**सप्तप्रदेशयुक्ते नेपालखण्डे ।**

■■

टीकाराम खनाल

# प्रायश्चित



बेखामान बाले आफूलाई होसमा आउँदा अस्पतालको क्याबिन नम्बर बी-५ को बेडमा पाए । नाकमा अक्सिजन जोडिएको थियो । त्यस्तै, सलाईन, क्याथेटर र अन्य के-के हुन् कुन्नि नलीहरू पनि लगाइएको थियो । अगाडि भित्तामा लेखिएको थियो– 'डाक्टरको राउन्ड बिहान १० बजेदेखि ११:३० बजेसम्म हुनेछ, कृपया एकजना कुरुवाभन्दा बढी मानिसहरू नबसिदिनुहोला !'

'म कसरी यहाँ छु, हँ ?' उनले आफैँसँग प्रश्न सोध्न थाले, 'अनि मेरो त कुरुवा कोही पनि छैन होला ?'

स्मरणशक्ति बिस्तारै खुल्दै गएपछि गाउँलेहरूले "ल ल छिटो गरौँ, अस्पतालसम्म त पुऱ्याइदिऔँ !" भनेर एम्बुलेन्समा चढाएकोसम्म याद भयो । यो कुरा २०/२२ दिन पहिलेको थियो ।

उनको मनमा धेरै कुराहरू खेल्न थाले– मेरो रेखदेख कसले गरेको छ ? कुरुवा को बनेको छ ? खर्च कसले व्यहोरेको छ ? आदिआदि... ।

यस्तै क्रममा एकजना डाक्टरको साथमा २/३ जना नर्सहरू फाइल बोकेर क्याबिनभित्र प्रवेश गरे । नर्सहरूले उनलाई खै के-के औषधि सुईमार्फत लगाइदिए । उनका 'भाइटल साइन'हरू जाँचे । डाक्टरले पनि विशेषः रूपमा उनको निरीक्षण एवं जाँच गरे । त्यत्तिकैमा ती बिरामीको आँखा डाक्टरले लगाएको एप्रोनमा पऱ्यो, जहाँ 'डा.नरेन्द्र रसाइली' लेखिएको थियो ।

डाक्टर र नर्सहरूले आफूहरूबीच कुराकानी गर्न थाले । "यही अनुपातमा सुधार हुँदै गएमा उहाँलाई सायद अब दुई-तीन दिनमा डिस्चार्ज गर्नुपर्छ होला ।" डा. रसाइलीको कुरामा होमा हो थप्दै नर्सहरूले सहमति जनाए ।

वास्तवमा बेखामान बालाई अस्पताल ल्याइसकेपछि पिसिआर परीक्षण गर्दा 'कोभिड पोजेटिभ' देखिएको थियो । कोभिड निमोनियासमेत भएकाले केही दिन सघन कक्षमा राखी उपचार प्रक्रिया अगाडि बढाइयो । १४ दिनपछि निमोनियामा आएको सुधारसँगै पिसिआर परीक्षणमा 'नेगेटिभ' नतिजा आएपछि डा. रसाइलीकै अनुरोध एवम् जिम्मेवारीमा क्याबिनमा सारिएको थियो ।

बेखामान बाको अवस्था बुझ्नका लागि नियमित रूपमा क्याबिनमा कोही न कोही गइरहन्थे, तर उनले तीमध्ये कसैलाई पनि चिन्दैनथे । डा. रसाइलीलाई देख्दा भने कताकता कसैको झल्को आएजस्तो लाग्थ्यो ।

१/२ दिनपछि उनलाई मुखबाट हल्का खानेकुरा पनि खान मिल्ने भयो । अक्सिजन, पिसाब नलीलगायत अन्य नलीहरू पनि निकालियो । दालको रस, फलफूलको जुस, भातको माड, सुपजस्ता खानेकुरा क्याबिनमा पुऱ्याइन्थ्यो । आवश्यक पर्ने औषधि पनि त्यहीँ राखिएको थियो । 'यो सब व्यवस्था कसले मिलाएको छ ?' मनमनै उनमा कौतुहलता झन् भन्दा झन् बढेर आएको थियो । हुन त उनको ख्याल गर्नका लागि कोही पनि सदस्य घरमा थिएनन् ।

विगतका कुरा गर्ने हो भने त तीन गाउँको पण्डित, गाविसकै हर्ताकर्ता एवम् साहुमहाजनको रूपमा प्रख्यात थिए बेखामान । दिनहुँ नुहाएर खाने, पूजापाठमा व्यस्त हुने उनको दिनचर्या भए पनि पैसाकै लागि 'थुकले कनिका टिप्ने' स्वभावका थिए उनी । सातवटी छोरी जन्माइसकेपछि पनि 'स्वर्ग जानका लागि छोरा नै चाहिन्छ' भनेर ५०/५२ वर्षको बुढेसकालमा एक छोरा जन्माएका थिए । त्यही एउटा छोरासमेत सात वर्षपहिले एउटा नर्ससँग 'पेपर म्यारिज' गरेर 'डिपेन्डेन्ट भिसा'मा अष्ट्रेलिया पसेपछि र ५ वर्षपहिले अर्धाङ्गिनीलाई दैवले चुँडेर लगेपछि घरमा एक्लै बस्दै आएका थिए । अष्ट्रेलियामा गएपछि १/२ वर्षसम्म त छोरोले फोन गरेको भए पनि त्यसपछि चट्क्कै माया मारेको थियो । केही सम्पर्क समेत थिएन । 'आफ्नै आमा स्वर्गे हुँदा घरमा नआएको छोरो अब के आउला र ?' मनमनै आफैँसँग प्रश्न गर्थे उनी । उमेरले झण्डै चार बीस हुन लाग्दा पनि 'कालले नबोलाउन्जेल सम्म बाँच्नै पर्दोरहेछ', उनी सोँच्दथे ।

भोलिपल्ट डाक्टरको राउन्ड सकिएपछि उनलाई डिस्चार्ज गरिने जानकारी आयो । म कहाँ आएको छु र अब कहाँ, कताबाट जाने भन्नेबारे उनलाई केही पनि पत्तो थिएन । एकछिनपछि डिस्चार्ज सर्टिफिकेट हातमा लिँदै डा. रसाइलीले "बुवा एकछिन म नआउन्जेलसम्म यहीँ बस्नुहोला है !" भनेर निस्किए । एकछिनपछि जानेचाहिँ कहाँ होला ? उनी सोचमग्न भए । नभन्दै उनै डाक्टर नरेन्द्र रसाइलीले एउटा हातमा झोला र अर्को हातमा औषधिको प्लास्टिकसहित "ल बुबा, अब हामी जाऔँ ।" भन्दै हात समाते । भुइँतलामा रहेको विद्युतीय हाजिरी मेसिनमा बुढीऔँलाले थिचेपछि पार्किङमा रहेको गाडीको ढोका खोले । आफूसँगैको सिटमा बेखामान बालाई बसालेपछि गाडी हाँक्न थाले । १५/२० मिनेटपछि एउटा घर अगाडि गाडी रोके र गाडीबाट ओर्लिएपछि आफूसँगै घरमा लगेर गए ।

गेस्टरुममा लगेपछि “ल अब आराम गर्नुस्, बुबा ।” भनेर उनले भनेपछि “बाबू ! पहिला मेरो कौतुहलता मेटाईदिनुस्“ भनी अनुरोध गरे । ती डाक्टरले सबै कुरा बिस्तारै खोल्दै जाँदा उनी झसङ्ग भए ।

बेखामान बाले राखेको जिज्ञासामा उत्तर दिँदै ती युवाले “हो बुबा २/३ जना गाउँलेहरूले यहाँ अस्पताल ल्याई छोडेपछि तपाईंको मान्छे कोही पनि थिएन । म ७/८ वर्षको छँदा देखेको आधारमा तपाईंलाई चिनेँ । आजभन्दा करीब २४/२५ वर्षपहिले देखेको मान्छेलाई चिनेर यसरी उपकार गर्न पाउँदा एकदमै खुशी छु ।” उनले अगाडि भने, “मैले तपाईंलाई चिनेपछि सम्पूर्ण खर्च आफैँ व्यहोर्ने र कुरुवाको रूपमा पनि आफैँले सही गरेर जिम्मा लिएको हुँ ।”

यति भनेपछि बेखामान बालाई प्रष्ट भयो कि आफ्नो उपचार प्रक्रियामा सम्पूर्ण व्यवस्था एवं खर्च यिनै बाबुले गरेको रहेछन् भन्ने कुरा ।

बुढाले जिज्ञासु स्वरमा सोधे, “अनि कसरी चिन्नुभयो त मलाई ? मैले त बाबूलाई प्रष्टसँग अझै चिन्न सकेको छैन, भन्नुस् न बाबू !“

ती युवाले आँखामा आसुँ झार्दै आफ्नो पृष्ठभूमिसहित बताउन थालेः

म त त्यसबेला सानै थिएँ । मेरो बुबा उमेरले बुढो भएपनि परिवारलाई साँझ-बिहानको लागि खर्च जुटाउनै पर्ने भएकोले ‘आरने’ पेशा छोड्न सक्नुभएको थिएन । एक दिन बिहानको कुरा हो– बुबासँगै आरन मै थिएँ म पनि । त्यति नै बेला १०/१२ जना ‘बिष्ट’हरूको हुल हाम्रो आँगनमा प्रवेश गर्‍यो । मेरो बुबाले उनीहरूबाट ऋण लिनुभएको रहेछ क्यारे ! धेरै बेरसम्म जोडजोडले कराएका थिए उनीहरू । त्यसपछि अन्तिममा खै केके लेखेर बुबालाई तमसुकमा सही गराए । बस्नका लागि झुपडीमात्र बाँकी राखिदिएर अरू सबै सम्पत्ति उनीहरूले ऋण अनुसार दामासाहीमा लिएछन् क्यारे ! भएका गाईभैँसी, बाख्रा-पाठालगायत गाग्री-ताउला पनि एकएक गर्दै तिनीहरूले लगिदिएको याद छ । (आँशु पुछ्दै) त्यसपछिका दिनहरू साह्रै कष्टपूर्ण भए । त्यही घटनाको शोकले पनि हुन सक्छ ६ महिना बित्न नपाउँदै बुबा स्वर्गे हुनुभयो । आमाले अर्काको खेतबारीमा दिनहुँ काम गरेर हामीलाई पाल्नुभयो, हुर्काउनुभयो । मेरा पाँचवटै दिदीहरूले आ-आफैँ बिहे गर्नुभयो । दुईवटा दिदीहरू चाहिँ निमोनिया भएर बच्चैमा बित्नुभएको रे ! मेरो पढ्ने इच्छालाई आमाले मर्न दिनुभएन । दुःखजिलो गरी पढाउनुभयो । जब मैले गाउँकै स्कूलबाट एसएलसी विशिष्ट श्रेणीमा उत्तीर्ण भएँ ‘दलित सशक्तीकरण अभियान’ का एकजना सरले मलाई “जति पढ्ने मन छ, त्यति पढाउँछौ” भनेपछि म उहाँसँग शहर आएँ । आमालाई बृद्ध अवस्थामा गाउँमै एक्लै छोड्नुपर्ने विवशताको बावजुद अलिक वर्ष पढाइमै ध्यान लगाएँ । त्यस्तै ४/५ वर्ष भयो

होला, मैले एमबीबीएस सकेर अस्पतालमा सेवा गर्न लागेको । त्यसैले एकातिर 'सेवा नै मानवीय धर्म हो' भन्ने सोचेर अनि अर्कोतर्फ मेरो जन्म ठाउँमा गएर सेवा दिन नसकेपनि 'जन्म ठाउँको बुबालाई सहयोग गर्नु मेरो कर्तव्य हो' भन्ने सम्झेर मैले नै तपाईंको सम्पूर्ण जिम्मा लिएको हुँ । ती युवा डाक्टरले यति बेलिविस्तार लगाइसक्दा बेखामान बाको अनुहार आँसुले भिजिसकेको थियो । उनले उल्लेख गरेको कहानीका १०/१२ जनाको हुलमा आफू पनि भएको तस्वीर उनको मनमा प्रष्ट खेल्न थाल्यो । "ए ! तिमी दले कामीको छोरा हौ, बाबु ?" उनले प्रश्न गरे । प्रत्युत्तरमा उसले भन्यो, "हो बुबा चिन्नुभयो, म त्यही दलेकामी, जसले तपाईंहरूसँगबाट ऋण लिएर तिर्न सक्नुभएको थिएन, त्यही मान्छेकै छोरा हुँ ।"

यो २४/२५ वर्षको अन्तरालमा दलबहादुर कामीको छोरा नरे 'डा. नरेन्द्र रसाइली' भैसकेछ । 'साँच्चै, समय कति बलवान छ हँ ?' बेखामानले मनमनै प्रश्न गरे ।

"अनि, तिम्री आमा कहाँ छिन् नि बाबू ?" बेखामान बाको प्रश्नमा उनले भने, "त्यस्तै २/३ वर्ष भयो– होमलोन लिएर भए पनि एउटा घर किनेपछि आमा पनि यहीँ आउनुभएको छ । अनि, त्यही अस्पतालकै अर्को वार्डमा काम गर्ने नर्सलाई जीवनसङ्गिनीको रूपमा पाएको छु ।"

बेखामान बालाई अब आफूले त्यतिबेला बोलेको चर्काचर्की आवाज अहिले पनि गुन्जिन थाल्यो । ऋण असुल्नका लागि अलिकति बारी र एउटा थोरे भैँसी लग्नेमा उनी परेका थिए । त्यतिबेलाको समयमा दलेकामीको परिवारलाई बिहान–साँझ हातमुख जोर्नसमेत धौ–धौ पर्ने अवस्थामा बेखामानलगायतका साहुमहाजनहरूले पुऱ्याएका थिए । उनले आफू कुनै समयको एउटा कहलाउँदो 'साहुमहाजन' भएर पनि बेसहारा हुनुपरेको अनि आफैँबाट उठीबास लगाइएको गाउँको एउटा दलितको छोराले उद्धार गरी 'जीवनदान' गरेकोमा आफैँप्रति ठूलो पश्चाताप गर्न थाले । भित्रभित्रै विगतमा आफूले गरेका कामको ग्लानि गर्न थाले ।

त्यत्तिकैमा बेखामान बाले ती युवालाई अँगालो मार्दै भने, "बाबू, मलाई मैले गरेको सब कामका लागि माफ गरिदिनू !"

नरेन्द्रले रुँदै भने, "भैगो बुबा, प्रसङ्गले मात्रै यो सब बताएको हुँ । विगतलाई सम्झेर पश्चात्ताप गर्नु बेकार छ । फेरि, त्यो सब घटनाक्रम नभइदिएको भए म अहिले यो ठाउँमा पनि त सायद आउने थिइनँ होला ।"

बेखामान बाले मनमनै सोच्दै थिए, 'साँच्चै मानिस ठूलो जातले होइन, दिलले नै हुँदोरहेछ ।'

■■ *९८४४९०८८२३*



स्वामी केशवानन्द गिरि

# नेपाली हावा



नेपाली हावा विचित्र छ
यहाँ हावामै सरकार चलाइन्छ ।
चिसो हावा, तातो हावा, न्यानो हावा
उत्तरी, दक्षिणी, पश्चिमी हावा
रूप थरीथरी छ ।

उत्तरबाट आएको साम्यवादी चिसो हावाले कठ्याङ्ग्रिएर
दक्षिणबाट बहेको तातो हावाले रापिएर
पश्चिमी पुँजीवादी हुर्हुरे हावाले लछारिएर
वाद, पन्थ र गुटको हावामै रुमलिएको
हाम्रो सरकार
हावामै देश चलाइदिन्छ ।

सरकारी हावा पनि कस्तो
कुरा पनि हावा नै गर्छ ।

हावामा चल्ले जहाजलाई ग्राउन्डेड गरी जमिनमा थन्क्याइदिन्छ
पानी–जहाजमा राष्ट्रिय झण्डा टाँगेर हावामा चलाइदिन्छ
गुड्ने रेललाई हावामा उडाइदिन्छ
नेपाली हावा अचम्म छ
यहाँ हावाले नै सरकार चलाइदिन्छ ।

यो मध्यरातमा फेरि हावा चल्नुपर्छ
हावाको बीचमै हावा चल्नुपर्छ
आकाश सफा गर्न, धर्ती सफा गर्न

बिग्रिएका, मक्किएका, थोत्रिएका, कुहिएका
पत्करहरू साफ गर्न
मलाई छोएर, तिमीलाई छोएर, हामीलाई छोएर
नवजातको भविष्यका लागि
अस्ताउनेहरूको इतिहासका लागि र
हाम्रो वर्तमानका लागि
फेरि हावा चल्नुपर्छ
साँच्चै बतास चल्नुपर्छ
तुफान चल्नुपर्छ ।

नेपाली हावा अनौठो छ
यसले वर्तमान उल्ट्याउन सक्छ
इतिहास सुल्ट्याउन सक्छ
तिम्रो, मेरो र हाम्रो श्वासको एक झोक्का पायो भने
हावा न हो
यसले सत्ता पल्टाइदिन्छ ।

मुटु छोएर चल्यो भने
युगौँयुग तिमी, म र हामीसँगै मुस्कुराइदिन्छ ।

भनेजस्तो कहाँ हुन्छ र ?
नेपाली हावा साह्रै बेगुनी
तिमी, म र हामीलाई नहँसाएर
यसले त जग हँसाइदिन्छ, संसार हसाइदिन्छ ।
■■

कल्पना काफ्ले

# पैसा



चिन्दैनन् बरु दाजुभाइ तर यो पैसा सबै चिन्दछन्
पैसा साथ भए समस्त जगका हाँसो-खुशी मिल्दछन्
पैसा फल्छ कहाँ, टिपिन्छ कसरी, के हो बटुल्ने विधि ?
दौडी जान्छु लिएर आउँछु छिटै बाटो बताऊ दिदी !

पैसा फल्दछ वृक्षमा यदि भने बोटै लिई आउँछु
ल्हासा, भोट पुगी लिएर बिरुवा सारेर हुर्काउँछु
यौटा बोट म रोप्छु, गोड्छु अनि पो फुल्नेछ यो आँगन
पैसाको रूख खोज्न जान्छु म मुमा ! बाटो कता हो भन ।

पैसाका लहरा झुलाइरहने कस्तो छ खै वाटिका !
दौडी पुग्छु छिटै, सँगेल्छु कसिला पैसा बिटाका बिटा
सिक्का, नोट अनेक टिप्न सकिने खोज्नै नपर्ने सुन
बाबा ! जान्छु लिएर आउँछु छिटै पर्दैन दुःखी हुन ।

टालेको फरिया लगाउन अझै सङ्घर्ष गर्ने कति ?
कैले पाउनु खान पेटभरि खै ? निर्धक्क चाहेजति !
पैसाले सब कष्ट टर्दछ भनी भन्छन् सँगातीहरू
बाजी प्राण लगाउनेछु यसमै चाहिन्न केही अरू !

पैसाले सब कष्ट हर्दछ भने बाधा हटोस् विश्वको
लाखौँ रोग र भोक खप्न जहिल्यै बेकार चाहन्छ को ?
पैसाले सब छोपिदिन्छु दुनियाँ चाहन्नँ निर्धो हुन
आमा ! आँसु नझार यो घर भुली जाँदैछु पैसा लिन ।

# अमरज्योति साहित्यिक त्रैमासिकका लागि लेखरचना उपलब्ध गराउने बारेको सूचना

विद्युत्कर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको 'अमरज्योति साहित्यिक त्रैमासिक'को आगामी अङ्कका लागि निम्नानुसारका लेखरचनाहरू यथासक्य छिटो पठाइदिनुहुन समस्त सर्जक/समीक्षक महानुभावहरूलाई अनुरोध गरिन्छ :

**१. साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू**
**२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक एवम् साहित्यिक लेखरचनाहरू**
**३. साहित्यका विभिन्न सिद्वान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू**
**४. नेपाली र विश्वसाहित्यमा देखापरेका नवीन मान्यतामा आधारित लेख रचनाहरू**
**५. अनुवाद साहित्य एवम् कला र संस्कृतिसम्बन्धी लेख-रचनाहरू ।**

उपरोक्त अनुसारको अप्रकाशित लेखरचना प्रीति फन्टमा टाइप गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइदिनुहुन साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनुहुनसमेत अनुरोध गरिन्छ ।

**लेख/रचना पठाउने विद्युतीय ठेगानाः**
amarjyoti@nea.org.np

विद्युत्कर्मी साहित्यिक समाज परिवार
नेपाल विद्युत् प्राधिकरण



विष्णुप्रसाद आचार्य 'अतृप्त'

# कविता सिर्जना तथा परिष्कारका युक्तिहरू



भाव, विचार वा संवेगसँग समन्वित भएर मादक प्रभाव उत्पन्न गर्ने सामर्थ्यसहित प्रस्तुत भयो भने त्यस्तो हृदयसंवेद्य, गद्यलयात्मक वा पद्यलयात्मक भाषिक रचनालाई कविता भनिन्छ । सेमुअल जोन्सनले कवितालाई तर्काश्रित कल्पनाद्वारा आनन्दलाई सत्यसित एकीकृत गर्ने कला मानेका छन् । कविता साङ्गीतिक, मनमुग्धकारी र गेय विधाका साथै सङ्गीतको कलेवरमा आफ्ना कुरा भन्न सकिने सूक्ष्म विधा पनि भएकोले यसको रचना र आस्वादनका लागि सम्पूर्ण विश्वजगत् नै लालायित भएको पाइन्छ । संसारमा सबैभन्दा बढी मन पराइने, सबैभन्दा बढी लेखिने र सबैजसोले लेख्ने विधा पनि सायद कविता नै हुनुपर्छ ।

सङ्गीत, चित्रकला, वास्तुकलाआदिका बारेमा सिक्न खोज्ने सिकारुहरूलाई प्रारम्भिक ज्ञान प्रदान गर्न र उनीहरूको प्रतिभा प्रस्फुटित गर्न प्रशिक्षणमूलक कार्यक्रम तथा कार्यशालाहरू आयोजना हुन थालेको पाइन्छ । तर, हालसम्म कविता (साहित्य) लेखनलाई प्रस्फुरण वा परिमार्जन गरी दक्षता अभिवृद्धि गर्ने हेतुले संस्थागत स्तरमा प्रशिक्षणमूलक कार्यक्रमहरू सञ्चालन भएको पाइँदैन । फलस्वरूप कतिपय सर्जकहरू स्याहारसम्भारविनाका जङ्गली फूलझैँ यत्रतत्र आफ्नै बलबुतामा फक्रिएका छन्, फुलेका छन्– बगैँचामा फुलेका फूल बन्न सकिरहेका छैनन् । विश्वजगत्लाई नै आफ्नो तीव्र प्रभावद्वारा वशमा पार्न सक्ने र चित्त शुद्धिको अचुक औषधि मानिएको कविता कसरी लेख्न सकिन्छ भन्ने बारेमा सर्जकहरूलाई प्रशिक्षित गर्न संस्थागत रूपमै विद्यालयहरूको स्थापना हुन जरुरी भइसकेको छ ।

साहित्यका सिकारुलाई सिर्जनासम्बन्धी सैद्धान्तिक प्रशिक्षण दिनुको औचित्य र अनौचित्यका बारेमा साहित्यशास्त्रीहरूबीच तीव्र मतभेद पाइन्छ । प्रो. निशान्त केतुले साहित्यको रचना प्रक्रियालाई अचेतको उपज मानेका छन् । बच्चा कसरी पैदा हुन्छ र कसरी हुर्किरहेको हुन्छ, त्यो कुरा आमालाई पूरा ज्ञान नभएजस्तै साहित्य वा कविताको सिर्जनामा पनि अनैच्छिक र अज्ञात प्रेरणाको हात रहने तथा धामी-झाँक्रीमा अकस्मात देवता सवार भएझैँ कविता पनि

अनायासै स्फुरण हुने विधा भएकोले यसको प्रशिक्षणको कुनै औचित्य छैन भन्ने केही समीक्षकहरूको तर्क पनि वलशाली नै देखिन्छ । तैपनि प्रतिभालाई तिखार्न, खार्न र माझ्न सैद्धान्तिक प्रशिक्षणको भूमिका शून्य नै हुन्छ भन्ने विश्वास भने यस पङक्तिकारको छैन ।

त्यसो त यस पङक्तिकार कुनै राष्ट्रियस्तरको कवि होइन न त उसका दर्जनौँ कविता सङ्ग्रहहरू नै प्रकाशित छन् । अझ यसलाई यसरी भनौँ– यस पङ्क्तिकार कविता सिर्जनाको गहिराइमा डुबुल्की मार्न नसकी किनारमा उभिएर अम्खोरामा पानी उघाउँदै सिर्जन–नदीमा स्नान गर्ने प्रयत्न गरिरहेको मौसमी रचनाकार मात्र हो । तैपनि आफूले भाषा /साहित्य शिक्षणका क्रममा आर्जन गरेका अनुभव, कविताको सिर्जन प्रक्रियाका बारेमा यसपूर्व प्रकाशित साहित्यकारहरूको दृष्टिकोणआदिलाई समेत सङ्गठित गरी कविताको सिर्जन प्रक्रियाका बारेमा लेख्ने धृष्टता गरेको छु । लेख्नुपर्ने कविता थियो तर यहाँ कविताका बारेमा लेख्न खोज्दै छु । यसो गर्दा टिप्पणीकार वा बढी भए समीक्षकजस्तो भइएला, तर जे भए पनि स्वीकार छ । यही इमानदार स्वीकारोक्तिका साथ यहाँ साहित्य (मूलतः फुटकर कविता) सिर्जना तथा परिष्कारको प्रक्रियालाई प्रोत्साहित गर्ने र क्रियाशील बनाउने केही उपायहरू सुझाइएका छन् । जुन कवि हृदय भएका तर मेसो पाउन नसकी सिर्जन नदीमा डुबुल्की मार्न नसकेका व्यक्तिहरूलाई फाइदाकारी हुनेछ भन्ने विश्वास लिएको छु ।

१. कविताको सिर्जन प्रक्रिया रहस्यात्मक छ । कहिलेकाहीँ यो ज्वालामुखी बिस्फोट भएजस्तै ह्वात्तै बाहिर आइदिन्छ त कहिले घण्टौँ कनिरहँदा पनि एक पङ्क्ति पनि स्फुरण हुँदैन । यो संयोगमा भर पर्छ । तर, पास्टरले भनेझैँ संयोगको निगाह पाउन पनि मनलाई तयार पार्नुपर्ने हुन्छ । म कविता लेखेरै छाड्छु भन्ने कोरा प्रतिबद्धता पाल्नुभन्दा पनि कविताको साङ्गीतिक र आह्लादकारी मूर्च्छनामा अभ्यस्त हुन आफ्नो मनलाई मनाउनुपर्ने हुन्छ । संवेदनशीलताको सघनताविना कोही पनि सर्जक बन्न सक्दैन । यसको प्राप्तिका लागि पनि मनलाई रिझाउनै पर्ने हुन्छ । मनलाई मनाउनु जटिल कार्य हो तर असम्भव कार्य भने होइन ।

२. प्रत्येक कविको उद्देश्य आफ्नो स्वर (भ्वाइस) पत्ता लगाउने हुनुपर्छ । तर, सलक्क मिलेको स्वस्थ र स्वयंमा परिपूर्ण सिर्जनाको स्फुरण सुरुवाती चरणमै सम्भव हुँदैन । तसर्थ सिकारु अवस्थामा आफूलाई मनपर्ने कविका पद्यलयात्मक वा गद्यलयात्मक (बढी पद्यलयात्मक कविता नै पढनु वेश हुने) कविताहरू पटक–पटक पढ्नुपर्छ । यसको प्रभाव प्रथम चरणका कविताहरूमा अवश्य पर्छ तर यसो भयो भन्दैमा आत्तिहाल्नुपर्दैन किनकि निरन्तरको साधनाले आत्मविश्वास जागृत हुँदै गएपछि निजत्व झल्कन थाल्छ ।

३. गद्यलयात्मक कविताहरू छन्दोबद्ध कविताजस्तो सम्झन, बुझ्न, कण्ठस्थ गर्न र मनमा खेलाई खेलाई आनन्द लिन असम्भव प्रायः हुने भएकाले कविता लेखनको सुरुवाती दिनहरूमा कविताप्रति मनलाई अनुरक्त बनाउन पद्यलयात्मक कविता नै पढनुपर्छ । देवकोटाले मुनामदन गद्यमा लेखेको भए गाउँगाउँका नेपालीहरूले कण्ठस्थ गरी गाउन सक्ने थिएनन् भन्ने तथ्यलाई हृदयङ्गम गर्नुपर्छ । पद्यलयात्मक कविताको सस्वर वाचनद्वारा कविताप्रति पूर्ण रूपले रुचि जागृत भइसकेपछि मात्र गद्यलयात्मक कवितातर्फ प्रवृत्त हुनु वेश मानिन्छ ।

४. कविता लेख्नुपूर्व सामान्य कथन र कवितात्मक कथनबीचको भेदलाई पर्गेल्नुपर्छ । Poetic Space नभएका अर्थात् शब्दसतहमै भाव तैरिने खालका अभिव्यक्तिहरू कदापि कविता हुन सक्दैनन् । मलार्मेले पनि कविता एक रहस्य हो, जसलाई उघार्ने साँचो पाठक आफैँले खोज्नुपर्छ भनेका छन् । यसो भनिरहँदा पाठकलाई अभिव्यक्तिगत अलमलमा अल्झाइरहने कविताचाहिँ राम्रो हो भन्न खोजिएको भने पक्कै होइन । सामान्य कथन र कवितात्मक कथनबीचको अन्तरलाई केही प्रतिनिधि उदाहरणहरूबाट यसरी बुझ्न सकिन्छः

| **सामान्य कथन** | **कवितात्मक कथन** |
|---|---|
| म बलियो छु | म मेरा दुई हातले हिमाल धकेल्न सक्छु |
| आफूलाई बलशाली ठान्नेहरू | जिउँदो बाघको जुँगा उखेल्छु भन्नेहरू |
| सधैँ माया लागिरहनु | मायामा थकाइ हुँदोरहेनछ सायद |
| अँध्यारो तर जागृत शहर | जून निभेको अनिदो शहर |
| खराबखराब बीचको साँठगाँठ | धृतराष्ट्रिय आलिङ्गन |

५. कलरिजले विरोधी चीजहरूमा सामन्जस्यता ल्याउने तत्त्वलाई कल्पना भनी परिभाषित गरेका छन् । कल्पनाविनाको रुक्खो सुख्खो भाव वा विचार कविता हुन सक्दैन । तसर्थ, व्यक्त गर्न खोजिएको उन्नत भाव वा विचारलाई नाङ्गो रूपमा होइन; कल्पनामूलकताको झिल्कने कागजले मोडेर सरल र आकर्षक ढङ्गले प्रस्तुत गर्नुपर्छ । विचारको नाङ्गो रूप कविता होइन, बरु बाङ्गो रूपचाहिँ कविता हो । केही प्रतिनिधिमूलक उदाहरणहरू तल प्रस्तुत गरिएको छः

| **आशयको नाङ्गो रूप** | **आशयको कल्पनात्मक प्रस्तुति** |
|---|---|
| निष्कपट मन | नैनसुतको कपडाजस्तो बेदाग मन |
| दुखेको मन र मुटु | गलेनी फाटेझैँ फाटेको मन र पत्रपत्र उचेरा गएको मुटु |
| कुमारीको बैँस लोभलाग्दो हुन्छ | कुमारीको बैँसजस्तो कुन फूल हाँसको छ |

६. आफूलाई मन परेका कविताहरू सङ्ग्रह गर्ने बानी बसाल्नुपर्छ । ती कविताहरूलाई आफ्नै हस्ताक्षरमा सारेर राख्नुपर्छ । यसो गर्दा आफैँले रचेको नभएपनि आफ्नै औँलाबाट राम्रा कविताहरू निस्केको अनुभव हुन्छ र लेखनमा आत्मविश्वास पैदा हुन्छ । सङ्गृहीत ती कविताहरूलाई लय मिलाएर वाचन गर्दा एकातिर ती कविताहरू कण्ठस्थ हुन्छन् भने अर्कातिर कवितामा प्रयुक्त शब्दको सङ्गीत, लय विशेषताआदि समेत आत्मसात् हुन पुग्छ ।

७. समरसेट मोभले सिकारु उपन्यासकारहरूलाई दिएको सल्लाह सिकारु कविलाई पनि लागू हुन्छ । उनले भनेका छन्– "एउटा नोटबुक साथमा राखेर त्यसमा आफूले देखेका कुनै स्मरणीय कुरा वा सुनेका कुनै हृदयस्पर्शी वाक्यहरू टिप्ने गरौँ । हामीले टिपेका कुरा हाम्रा कृतिमा कहिल्यै प्रयोग नहुन सक्छन् तर यसो गर्नाले हामीमा निरीक्षण गर्ने र कुरा टिप्ने सीपको विकास हुन्छ ।"

८. सकेसम्म धेरै भाषामा लेखिएका कविताहरू पढ्नुपर्छ । फुर्सद मिलाएर बगैँचामा डुल्ने, जनावरहरूलाई प्रेम गर्ने, झरी हुरीसँग लडभीड गर्नुको अनुभव सँगाल्ने, प्रकृतिमा स्वच्छन्द रूपमा विचरण गर्ने, साहित्यकारहरूसँग सरसङ्गत गर्ने, मोवाइलको रिङटोन, घण्टीको एलार्मआदिमा कवितात्मक श्लोकको प्रयोग गर्ने, औपचारिक कार्यक्रमहरूमा सहभागी भई मन्तव्य दिनुपर्दा सुहाउँदो कवितात्मक अभिव्यक्तिको प्रयोग गर्नेजस्ता आदतले पनि कविता लेखनलाई परिष्कृत गर्न सहयोग पुरयाउँछन् ।

९. कविताको विषयवस्तुका बारेमा घोत्लिएर समयको अपव्यय गर्नुहुँदैन । राजा दुष्यन्त र रानी शकुन्तलाको कथालाई उपजीव्य बनाएर महाकवि देवकोटाले 'शाकुन्तल' महाकाव्य लेखेका छन् भने कवि गणेश विषमले 'महर्षि कण्वकन्या' नामक खण्डकाव्य लेखेका छन् । कालिदासले यही विषयवस्तुमा आधारित भई 'अभिज्ञान शाकुन्तलम' भन्ने ग्रन्थ लेखेका छन् । तसर्थ विषयवस्तु बासी नै भएपनि नयाँनयाँ कथ्य र प्रस्तुतिको साजीपन भएमा साहित्य जीवन्त बन्छ । उही विषयवस्तुलाई पनि प्रस्तुति र दृष्टिकोणमा नौल्याइँका साथ सरस ढङ्गले प्रस्तुत गरिएमा मौलिक रचना जन्मन्छ । कविता लेखनको सुरु गर्दा कुनै कुराको तारिफ गरेर सुरु गर्नुपर्छ । कविताको विषयवस्तु हृदयबाट खोज्नुपर्छ, बाह्य जगत्बाट होइन । आँखाले देखेका सबै विषयवस्तु कवितामा भाव बनेर आउन सक्दैनन् । विषयवस्तुलाई जबसम्म हृदयको आँखाले झलझली देख्न र स्पर्श गर्न सकिँदैन तबसम्म कवितामा आउने विषयवस्तु भावमय हुन सक्दैन । कविता जुनसुकै विषयमा पनि लेख्न सकिन्छ, जस्तैः साइवर संस्कृति, नासपातीको बोट, नदी र बगर, कृष्णभिर त्रिशूली र म आदि ।

१०. कविता लेख्दा निम्नमध्ये कुनै तरिकाको प्रयोग गर्न सकिन्छ :

क. विषयवस्तु पहिले नै तय गरी त्यसलाई व्यक्त गर्ने उपयुक्त तरिकाको खोजी गर्ने

ख. सुविचारित विषयवस्तु नभएपनि अस्पष्ट र शक्तिशाली भावनाबाट डोरिएर लेख्दै जाने, अन्ततः राम्रो कविता तयार भएको पनि भेटिन्छ ।

ग. एउटा लय मनभित्र कल्पना गरी त्यसलाई मिल्ने शब्द हाल्दै लैजाने ।

घ. मनमा अकस्मात् उब्जेको वाक्यांश वा विचित्र पदावलीलाई आधार बनाएर कविता लेख्न सुरु गर्ने

ङ. कुनै उक्ति, बिम्ब, प्रतीक, मिथक वा उखान टुक्कालाई आधार बनाएर कविता सुरु गर्ने ।

११. सङ्क्षिप्तता नै बुद्धिमत्ताको आत्मा हो । तसर्थ, कसिलो संरचना र छरितो आयाममा कवितालाई प्रस्तुत गर्न खोज्नुपर्छ । कविताले लम्बेतान कथा भन्नु आवश्यक छैन । कविताका माध्यमबाट कथा भन्नुपर्ने भए आख्यानात्मक वा नाटकीय कवितालाई रोज्न सकिन्छ, फुटकर कवितालाई होइन । फुटकर कविताले कविका खास खास 'मूड'लाई देखाउँछन् भन्ने कुरा हेक्का राख्नुपर्छ । स्टिफिन ज्वीगले प्रथम लेखनको चौथाइ आकार दिएर मात्र रचनाहरू प्रकाशित गर्थे । लेखनमा एक पङ्क्ति भएपनि घटाउन सकेको दिन उनी विशेष प्रसन्न हुन्थे र अभिरुचिपूर्वक भोजन गर्थे ।

१२. सरल विम्ब र भाषाबाट गम्भीर भावको प्रकटन हुने गरी कविता लेख्नुपर्छ । शब्दको डङ्गुर र जटिल वाक्यीय संरचनाले कवि र पाठकबीचको दूरी बढाउँछ । रचना दुर्बोध्य भयो भने त्यसको तुलना खराब धातुले छोपिएको सुनसँग हुने गर्छ । तसर्थ, कविको मन स्वाट्टै छिरेर पाठकको मनमा घुलनशील हुन सक्ने खालका कविताहरू अजम्बरी हुने कुरालाई भुल्नुहुँदैन । सरल तर उच्च कलात्मक मूल्यका कविताहरू कडा परिश्रमबाट मात्र जन्मन सक्छन् । वेन जोन्सनको यो भनाइलाई पनि बिर्सन हुँदैन– "एउटा जीवन्त हरफ लेख्न पसिनाको धारा बगाउनुपर्छ र काव्यको आरनमा फेरि तताई त्यो हरफलाई घनले ठोक्नुपर्छ ।" सरल भाषाबाट कसरी गम्भीर भाव उद्भाषित हुन सक्छ भन्ने तथ्यको पुष्ट्याइँका लागि तल केही उदाहरणहरू प्रस्तुत गरिएको छ :

१.

एउटा नेतालाई सर्पले डस्यो
नेता मर्छन् कि भन्ठानेको त
सर्प पो थला बस्यो ।                    (कवि अर्जुन पराजुली)

२.

सायद,
यसकारण आमाको मुख हेर्ने दिन
अँध्यारो औँसीमा राखिएको हुनुपर्छ
थाहा थियो होला 'जून'लाई पनि
कि
आमाभन्दा 'उज्यालो' म हुनै सक्दिनँ भन्ने ।     (कवि रोशन परियार)

१३. सूचिकारले टुक्रा कपडालाई गाँसेर बुसर्ट सिलाएजस्तो विभिन्न कविका बिम्ब, प्रतीक र मिथकहरूलाई मिसमास गरी कक्टेल कविता लेख्नु राम्रो होइन । किनकि यसो गर्नु भनेको आफ्नै सिर्जन क्षमताको भ्रुण हत्या गर्नुसरह हो । फेरि, साहित्यका मर्मज्ञहरूले तामाको अमिलो र गुन्द्रुकको अमिलाको फरकलाई सहजै ठम्याउन सक्छन् भन्ने कुरालाई पनि लेखकले बिर्सन हुँदैन ।

१४. कविताको मूल्यवत्तालाई द्विगुणित तुल्याउने शोभावर्द्धक उपादानहरू मिथक, बिम्ब, प्रतीक, समानान्तरता, विचलन, छन्द (लघु, गुरु र गणसङ्केत व्यवस्था) अलङ्कार, रस, विशिष्ट पदक्रम, तर्कपूर्ण नवीन दृष्टि, अनुप्रास, मानवीकरण/सजीवीकरण, वक्रोक्ति,अन्योक्ति आदि नै हुन् । तिनीहरूको सान्दर्भिक प्रयोगगत अभ्यासबाट लेखनको स्तरवृद्धि हुने तथ्य निर्विवाद छ । केही प्रतिनिधिमूलक उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

क. एउटा अजङ्गको ढुङ्गोलाई फेदबाट घचेट्दै पहाडको टाकुरासम्म पुऱ्याउनुपर्ने श्राप पाएको सिसिफसको नियति एउटा मिथक हो ।

ख. "फट्याङ्ग्रालाई दूधिलो धान असाध्यै मनपर्छ" भन्ने वाक्यमा प्रयोग भएको 'फट्याङग्रा' शब्द शोषकहरूको प्रतीक हो भने 'दुधिलो धान' गरीबको रगत-पसिनाको प्रतीक हो ।

ग. "चुत्थो चोरले चार पैसा चोऱ्यो" भन्ने वाक्यमा देखिने च वर्णको आवृत्तिलाई समानान्तरताको प्रयोग भनिन्छ ।

घ. पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भई, फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै भन्ने कविताांशमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ ।

ङ. एस्ट्रेमा खस्छ उज्यालो, सलाइको काँटीबाट, धुवाँको कालो दाग छाडेर (विम्बात्मक भाषाको प्रयोग)

च. मैले अनगिन्ती थर्मोमिटर खाएँ, भात नपाएको बेलामा थर्मोमिटरले पेट भर्ने भएँ (आर्थी विचलनयुक्त भाषा)

छ. पोले पनि घामै जाति, कुटे पनि आमै जाति (उखान)

ज. यहाँ विदेश जानेको यादमा रुन्छन् धूपी र सल्लाहरू (मानवीकरण)

१५. राष्ट्रकवि माधवप्रसाद घिमिरेले भनेका छन् "सामान्यतया एउटा कविता लेख्न म तीन दिन लगाउछु । पहिलो दिन बतास बन्छु, दोस्रो दिन श्वास हुन्छु र तेस्रो दिन बाँसुरीको आलाप बन्छु ।" राष्ट्रकविको यो भनाइलाई कविता लेखनमा आत्मसात गर्नु वेश हुन्छ । करीब-करीब एक हप्ताजति मस्यौदाकै रूपमा छाडेर लेखिएको कवितालाई पुनःपल्टाएर संशोधन गर्नुपर्छ । सशोधन पनि सिर्जनशील प्रक्रिया भएकोले संशोधन गर्दा विचारहरू ठीक रहेको/नरहेको, शब्द चयन उचित भए/नभएको थाहा हुन्छ । शब्दहरू चाल्दै, निफन्दै जाँदा कविता परिष्कृत हुन्छ । कविताको परिमार्जन गर्दा सिर्जनात्मक आवेगलाई बाधा नपुग्ने गरी गर्नुपर्ने हुन्छ । कविता लेख्दै गर्दाको अवस्थामा रोकिएर परिमार्जन गर्न थालियो भने फुर्दै गरेका भावहरू फुत्कन सक्छन् । तसर्थ, सिर्जनापछिको शान्त अवस्थामा कवितालाई पुनः स्मरण गर्नु वेश हुन्छ । यसो गर्दा काँच लेखियो वा मणि लेखियो– पर्गेल्न पनि सहज हुन्छ । साथै, यसरी पुनः स्मरण गर्दा कविता लेखनका क्रममा आएका घस्यौटा-मस्यौटाहरूलाई हटाई रचनालाई शुद्धीकरण तथा स्तरीकरण गर्न मद्दत पनि मिल्छ । यी सबै प्रकियाबाट कविता सिर्जना भएपछि मात्र प्रकाशन गर्नेतर्फ ध्यान दिनु वेश हुन्छ ।

## सन्दर्भ पुस्तक सूची

१ आचार्य, विष्णुप्रसाद, गणेश विषको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन, अप्रकाशित शोधग्रन्थ, त्रि.वि., २०६३

२. गौतम, कृष्ण, सिर्जनाको सुवास, ललितपुर : साझा प्रकाशन, २०६७

३. पौडेल, भूपहरि, सम्पा., सोध र सिर्जना सिद्धान्त काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार २०६०

४. प्रधान कृष्णचन्द्र सिंह, सम्पा., साझा समालोचना, ललितपुर, साझा प्रकाशन, २०५३

५. मोहनराज शर्मा, सिर्जनात्मक लेखनको परिचय (कार्यपत्र)

■■

*प्रशासकीय अधिकृत, ग्रीड विकास विभाग, ने.वि.प्रा.*

रञ्जुश्री पराजुली

# पीडा



मोहन र म स्कूलदेखिका साथी थियौँ । परीक्षाहरूमा पनि राम्रो गर्थ्यौँ । एउटै विषय पढ्ने सोचेर स्वदेशमा नै मान्यताप्राप्त कलेजमा पढ्न थाल्यौँ । पढ्दापढ्दै उच्चशिक्षाको लागि अमेरिकामा अध्ययनको लागि चिट्ठीपत्र आदानप्रदान सुरु गर्‍यौँ । भाग्यबस हमी दुवैले एउटै विश्वविध्यालयमा छात्रवृत्तिसहितको सीट पनि पायौँ ।

मोहन र मेरो सम्बन्ध उसको र मेरो दुवै परिवारलाई थाहा थियो । अमेरिका आएर पनि हामीले दत्तचित्त भएर आफ्नो पढाइलाई अगाडि बढाउँदै थियौँ । अकस्मात् कोभिड १९ को प्रलयकारी महामारी विश्वभरि फैलियो । छात्रवृत्तिमा भएकोले हामीलाई केही फरक परेको थिएन । तैपनि के होला भन्ने विचार गरेर हामी एउटै ठाउँमा सँगै बस्न थाल्यौँ । पढाइ कोठाबाट नै अनलाइन गर्नुपर्थ्यो । साना केटाकेटीदेखि सबै आ-आफ्नै ल्यापटपमा घरबाट नै पढ्ने-पढाउने र काम गर्ने नियम बन्यो । जतातत‌ै 'मास्क लगाऊ, सुरक्षित रहू, घरभित्र बस' भन्ने नारा उर्लियो । ठूला मलहरूदेखि साना फास्टफुडका पसलहरू आधाजसो बन्द भए । अमेरिकाजस्तो देशमा पनि बेरोजगारीको समस्या सिर्जना भयो । दिनभरि बन्द कोठामा बस्दा कहिले त दिक्क पनि लाग्थ्यो । त्यसैले कहिलेकाहीँ हामी बचाउ अपनाएर साँझपख टहल्न निस्कन्थ्यौँ । एक दिन हामी डाउन-टाउनतिर घुम्न गयौँ । स्वदेशमा सडकछाप मान्छेहरू देखेको हामी प्रायः यहाँको डाउनटाउनमा पनि स-सानो पालमा अनगिन्ती होमलेसहरू बसेको देख्थ्यौँ । अमेरिकामा पनि सडकमा मागेर बस्ने ? भन्ने सोचेर अचम्म लाग्थ्यो । त्यो दिन पनि त्यस्तै थियो । सडकको पेटीमा दुई जना बाक्लो कागजमाथि 'होम लेस ! हङ्ग्री !' भनेर लेखेको कागज तेर्स्याएर बसेका भेटिए । परबाट देख्नेबित्तिकै मैले मोहनलाई "हेर त ! महामारीले हामीजस्तालाई पनि सडकमा पुर्‍याएछ !" भनेँ । मोहनले पनि "कुन तरिकाले धन कमाउने भन्ने प्रलोभनले यहाँ आइपुगे तर कोरोनाको चापले सडकमा बास हुन पुग्यो" भने । हामी गफ गर्दै नजिकैबाट हिँड्दा उनीहरू हाम्रै भाषा बोलिरहेका थिए ।

■■

*टेक्सास, अमेरिका*

उद्धवप्रसाद भट्टराई (चैतन्यदीप)

# मान्छे कति खोक्छ, कति !



सत्य बोल्नु कताकता झूटो ज्यादा खोक्छ
भौँ-भौँक गर्ने कुकुरलाई नि सिरानीमा बोक्छ
मगन्तेको जीवनलाई धनी बनी घोक्छ
गनाइसक्या भ्रष्टाचार सदाचार खोक्छ ।
मान्छे कति खोक्छ, कति !

ढिँडो खाने पिठो छैन, दूध-भात खोक्छ
जीवन धान्ने पैसा छैन, रिसोर्ट जाने सोच्छ
बस्ने ठाउँ झूप्रो छैन, ठूलै दरबार रोज्छ
धोका दिन्छ देशलाई, समाज सेवा खोक्छ ।
मान्छे कति खोक्छ, कति !

कहिले चोरको त कहिले भूतको डरले खोक्छ
कहिले रोग त कहिले भोकको झोकले खोक्छ
कहिले लहरे त कहिले छहरेको डरले खोक्छ
बुढेसकालमा नखोक न भन्दा पनि खोक्छ ।
मान्छे कति खोक्छ, कति !

मान्छे खोक्नै नहुने कुरा पनि खोक्छ
धनको धाक-रवाफको अभिमान बोक्छ
हिमाललाई बिर्सी-बिर्सी विदेशलाई घोक्छ
गरीबीलाई लुकाउँछ धनी बनी खोक्छ ।
मान्छे कति खोक्छ, कति !

कर्तव्यका कुरा छैन अधिकार माग्छ
नैतिकता र चरित्रको कुरा सुन्दा भाग्छ
अज्ञानी छ मानिस यो अन्धकारमा जाग्छ
प्राणी–हिंसा गरीगरी कालिकालाई भाक्छ ।
मान्छे कति खोक्छ, कति !

इमानदारी देखाउँछ छलकपटलाई ताक्छ
पुण्यकर्म गऱ्या भन्दै पापकर्मलाई डाक्छ
दुःख भयो ईश्वर भन्दै आफैंभित्र पाक्छ
गलतकर्म गर्दागर्दै जिन्दगीमा थाक्छ ।
मान्छे कति खोक्छ, कति !

भिखारी यो जिन्दगीलाई करोडपति भन्छ
गर्नुपर्दा दान–धर्म एकएक पैसा गन्छ
असत्यको ढाकछोप गरी सत्यतालाई छोड्छ
लुटतन्त्र र फुटन्त्रलाई लोकतन्त्र खोक्छ ।
मान्छे कति खोक्छ कति !

शहर र सडकमा मजदुर भारी बोक्छ
उसको नि रोग छ कति, सम्पत्तिको झोक छ
फोहरिँदै गएको शहरको नि लोक छ
सडकमा सुत्या गुण्डा पनि लजमा खोक्छ ।
मान्छे कति खोक्छ, कति !

धनी, ज्ञानी, विचारवान् ठूलै बनी खोक्छ
पद र प्रतिष्ठाको रवाफ दिँदै खोक्छ
आफ्ना र आफन्तको अभिमान बोक्छ
बिर्को लाग्या बुद्धि किन यति धेरै खोक्छ ?
मान्छे कति खोक्छ, कति !

■■

*ठेगाना : कुमारीगाल, काठमाडौँ नेपाल*
*uddhavbhattarai165@gmail.com*

राजनप्रसाद प्याकुरेल

# मन



"वायुभन्दा तीव्र गति केको हुन्छ ?" यक्षले गरेको प्रश्नको जबाफमा युधिष्ठिर भन्छन्- "मन ।"

मनको गति हावाभन्दा तीव्र हुन्छ । जङ्गलको कुवामा पानी लिन गएका आफ्ना भाइहरू एकपछि अर्को नफर्किएपछि भाइहरूलाई खोज्दै कुवामा पुगेका युधिष्ठिरले जब सबै भाइहरू मरेको देख्छन्, स्तब्ध हुन्छन् । पानीमा केही खराबी हुनुपर्छ भनी अँजुलीले पानी उठाउँदै गर्दा अपरिचित कसैले "मेरो प्रश्नहरूको जवाफ नदिई पानी खान पाउँदैनौ" भन्छ ।

यक्षप्रश्नका नामले चर्चित ती प्रश्नहरू निकै रोचक छन् । यक्षका शृङ्खलाबद्ध प्रश्नको जवाफ दिएपछि सबै भाइहरूले जीवन फिर्ता पाउँछन् । यक्षप्रश्नमा चार वटा प्रश्नका जवाफ मनसँग सम्बन्धित छन् ।

"साँच्चीकैको स्नान कुन हो ?" जवाफमा युधिष्ठिर भन्छन्, "साँच्चीकैको स्नान त्यो हो, जसले मनको मैलो धुन सकोस् ।" यक्षले गरेको अर्को प्रश्न छ- "कसलाई वशमा राख्न सके दुःख हुँदैन ?"

जवाफ हुन्छ- "मनलाई वशमा राख्न सके दुःख हुँदैन ।" "धर्मको सम्पूर्ण सत्य केमा हुन्छ ?" भन्ने प्रश्नको जवाफमा "हृदय" भनिएको हुन्छ । हृदय पनि मन नै हो ।

मनका बारेमा मानिसले विश्वभरि धेरै साहित्य सिर्जना गरेका छन् । मनसँग सम्बन्धित गीतले विश्वबजार पिटेको छ । दुःखी हुने पनि मन, खुशी हुने पनि मन । आज मलाई यस्तो गर्न मन लाग्यो, यो मन लागेन । मनले मानेन, मनैभित्रबाट यो गरूँजस्तो लाग्यो । तिम्रोजस्तो हो र मेरो मन ? कति राम्रो मन, कति निष्ठुर मन, मन पनि कसरी लागेको होला ? कस्तो मन पनि नलागेको ? मनले कसरी मानेको ?

मनको शान्तिका लागि, मन अशान्त भएर, मनको प्रयोग गरूँ-नगरूँ 'मन' शब्दको प्रयोग भने हामी जताततै गरिरहेकै हुन्छौँ । सडक, सभा-सम्मेलन या

साथीभाइसँग विश्वको गफ दिन जति सहज छ, आफूभित्रको ब्रह्माण्डलाई बुझ्न त्यत्ति नै गाह्रो छ । मानवजीवनमा भएका चार पक्ष शरीर, मन, मस्तिष्क र आत्माबारे जति बुझ्न खोजे पनि पूर्ण बुझाइ प्राप्त गर्न कठिन छ । जति बुझ्न खोज्यो झन् गहिरो, जति भित्र गयो झन् विशाल ।

परिस्थितिअनुसार मानिस र विषयलाई हेर्ने दृष्टिकोण फरक हुन सक्छन्, भइरहेका हुन्छन् । मन के हो ? मन किन यस्तो हुन्छ ? प्रश्नहरू सानैदेखि मस्तिष्कमा नआउने होइनन्, तर जवाफ भने खासै पाइँदैन । प्रायः अग्रजहरूले भनेको चाहिँ सुनिन्छ- मनलाई नियन्त्रण गर, आफ्नो वशमा राख, शान्त होऊ । तर, मनलाई नियन्त्रण कसरी गर्ने भनेर चाहिँ कमै चर्चा हुने गर्छ ।

कहिलेकाहीँ लाग्छ– कसको मनमा के छ भन्ने थाहा हुने भए संसार कस्तो हुन्थ्यो होला ? अहिलेभन्दा कुरूप हुन्थ्यो या राम्रो हुनेथियो होला ? मनमा एउटा कुरा राखेर बाहिर अर्कै गर्नेको सङ्ख्या कति छ कति । कतिपय अवस्थामा मानिससँगै भएर पनि मनचाहिँ अन्तै भइरहेको हुन्छ । वर्षौंदेखि एउटै मानिसलाई मनमा राखेर अरूसँग जीवन बिताउनेहरूको सङ्ख्या पनि ठूलो छ । साथमा हुनेलाई भन्दा नहुनेलाई मनले मन पराउने र माया गर्ने अनुभवको साक्षी आफूमात्रै भएर बाँच्नेहरू पनि छन् । मनलाई प्रभाव पार्ने कुरा धेरै छन्, कहिले दृश्यले प्रभाव पार्छ, कहिले ध्वनिले प्रभाव पार्छ ।

राम्रो फूल या साँझको मधुरो प्रकाश देख्दा मनभित्र एकप्रकारको भावना आउँछ । मीठो गीत, सङ्गीत या चराका धुन सुन्दा मनको बहाव फरक हुन सक्छ । द्वन्द्व या विपत् देख्दाको छटपटी फरक हुन सक्छ । जे-जे भए पनि मन र शरीरबीचको सम्बन्ध गहिरो छ । मनको असर शरीरमा पर्छ भनिन्छ । मन रमाएको बेला शरीर स्फूर्त हुने र मन दुःखी भएको बेला आलस्य र गाह्रो हुने कुराको महसुस त हामी सबैले गरेकै छौँ । मानिसको मन र मस्तिष्कमा के-कति दृश्य र घटनाहरू अटाउँदारहेछन् भन्ने थाहा पाउन विपश्यना गर्नुपर्छ । जिन्दगीमा देखिएका, भोगिएका एकपछि अर्को दृश्य आँखावरिपरि आउँछन् । पेनड्राइभ, हार्डड्राइभ, गुगलड्राइभ कुनै पनि ड्राइभले मानव मन र मस्तिष्कको विशाल स्पेसलाई भेट्न सम्भव छैन ।

महाभारतमा एउटा गजबको प्रसङ्ग छ । वनवासका बेला जङ्गलमा एकपल्ट द्रौपदीले एउटा रूखबाट फल टिप्छिन् । रूखले दुःखी भएर भन्छ- यो फल वर्षौंदेखि मेरो आडमा तपस्या गरिरहेका ऋषिका लागि मैले साँचेर राखेको

थिएँ, जो केही दिनमै तपस्या तोड्दै छन् । यो सुनेपछि द्रौपदीले फल रूखमै टाँसिदिन खोज्छिन् । रूखबाट आवाज आउँछ– यसका लागि मनमा एउटा कुरा, बाहिर अर्को हुनुहुँदैन । तिम्रो मनमा वर्षौंदेखि कोही बसिरहेको छ । यत्तिकैमा पाण्डवहरू उनलाई खोज्दै त्यहीँ आइपुग्छन् । एकप्रकारको 'कन्फेक्सन'को अवस्थामा रहेकी द्रौपदीले पाण्डवहरूतिर हेर्दै रूखलाई जवाफ दिन्छिन्– कृष्ण मेरा साथी हुन्, उनी मेरो कोठामा आइरहन्थे, भेट्दाभेट्दै मैले उनलाई मन पराउन थालेँ, उनी मेरो मनमा छन् । फल टाँसिएन, यसको अर्थ उनले झुट बोलिन् भन्ने प्रस्ट थियो । अन्त्यमा उनले भनिन्– वर्षौंदेखि मैले जुन कुरा लुकाएर राखेकी थिएँ, त्यो कुरा आखिर आज भन्नै पर्‍यो– स्वयम्बरको दिनमै मैले कर्णलाई मन पराएकी थिएँ । कृष्णका कारण मैले उनलाई वरमाला पहिरिन सकिनँ । यदि कर्णसँग विवाह गरेको भए न मैले यति धेरै दुःख भोग्नुपर्थ्यो न त कर्णले नै यति हीनताबोध खप्नुपर्थ्यो । वर्षौंदेखि मैले कर्णलाई मनमा लिएर हिँडिरहेकी छु ।

उनको कुराले पाण्डवहरू आश्चर्यचकित हुन्छन्, तर केही बोल्दैनन् । यसरी पाँच पति साथमा भएकी द्रौपदीले समेत मनमा अरूलाई नै राखिरहेको प्रसङ्गबाट मानिसहरू आवरण र मनबीचको ठूलो अन्तरबीच बाँचिरहेका हुन्छन् भनेर बुझ्न गाह्रो पर्दैन । मनकै कारण कहिलेकाहीँ एक्लै हुँदा भीडमा जस्तो र भीडमा हुँदा एक्लैजस्तो महसुस मानिसलाई हुनेगर्छ । भान्सामा होस् या मेलापातमा, कार्यालयमा या यसै बस्दा वा यात्रामा मनमा रहेको मान्छेसँग कुरा गर्दै हिँड्नेभित्र त हामी सबै नै पर्छौं ।

मन प्रायः आफ्नै संसारमा रमाउँछ । कसको मन कतिबेला कहाँ पुगेको छ भनेर नापजाँच गर्ने यन्त्र हुँदो हो त मानिसहरू आफू रहेको ठाउँमा कमै भेटिन्थे होलान् । मनलाई दुई भागमा बाँडेर चर्चा गर्ने गरिएको छ– चेतन मन र अवचेतन मन । मान्छेले नचाहँदा–नचाहँदै पनि अवचेतन मनको कुरा कहिलेकाहीँ बाहिर आइदिन्छ । अनि कहिलेकाहीँ चाहिँ मुखले बोल्ने र मनले सोच्ने कुरा फरक हुन सक्छ । मनमा जे छ, बाहिर त्यही बोल्ने र गर्ने मानिसहरूको सङ्ख्या त्यति ठूलो हुँदैन भन्ने छ । मनले विचार उत्पन्न गर्छ । प्रेम र घृणा दुवै मनबाटै उत्पन्न हुने हुन् । आफ्नो मनलाई 'कन्ट्रोल' गर, नियन्त्रणमा राख भनेर सानैदेखि सुनिएको भए पनि मनलाई नियन्त्रण गर्ने रिमोट कन्ट्रोलचाहिँ अहिलेसम्म बनेको छैन । भविष्यमा बन्ने सम्भावना पनि देखिँदैन । मनलाई वशमा राख्ने काम व्यक्ति

स्वयंको हो । मनमा उत्पन्न हुने भावना र मस्तिष्कमा उत्पन्न हुने विचारको जिम्मेवार मानिस स्वयम् हो । अरू कसैले यी कुराको जिम्मेवारी लिन सक्दैन । भगवान् गौतम बुद्धले जीवनमा सुखदु:खको कारण मन भएकाले मनलाई शत्रु नबनाऊ भन्नुभएको छ ।

आफ्नो मन अशान्त भएपछि मानिसले बाहिर कतै पनि शान्ति देख्दैन । किनभने शान्ति महसुस गर्ने कुरा हो । गीतामा कृष्णले भन्नुभएको छ– मानिसको पतनको कारण काम, क्रोध, मोह र लोभ हो । यी चारवटै कुरा मनसँग सम्बन्धित छन् । एकैछिन मन तलमाथि हुँदा मानिसले ज्यान गुमाएकादेखि जेलमा पुगेकासम्म अनेक घटना छन् । मन अशान्त भएपछि मानिस ज्योतिषकहाँ जान्छन् । मन्दिरदेखि भट्टीसम्म मानिसलाई मनको परिस्थितिले नै डोऱ्याउने हो । मनको उतारचढावलाई लिएर धेरैले धेरै कुरा लेखेका छन् । तर, मनलाई बाँध्नका लागि बाहिर भौँतारिनुभन्दा पनि पलैँटी कसेर आफैँभित्रको यात्रा गर्नुपर्छ भन्नेचाहिँ कमैलाई मात्र थाहा छ । मनको तरङ्ग पृथ्वीमा हुने तरङ्गभन्दा शक्तिशाली हुन्छ । जसलाई बाहिरको कुनै पनि शक्तिले नियन्त्रण गर्न सक्दैन, आफैँले गर्ने हो । भनिन्छ– सबैभन्दा नपढिएको पुस्तक मानिसको जीवन हो । आफैँभित्रको ब्रह्माण्डमाथि अध्ययन र अभ्यास गर्ने कोसिस गरौँ ।

■■

*स. प्रशासकीय अधिकृत, त्रिशूली जलविद्युत् केन्द्र*



जीवनाथ धमला

# बेइजिङको एक बिहान



थोरैबेरको स्वतन्त्र डुलाइले पनि व्यक्तिगत अनुभव र अनुभूतिलाई विस्तारित गर्छ । फेरि, नौलो ठाउँ, नौला मान्छे र समाजको एउटा कुना वा एक छेउ, जहाँ फेरि पुगिने सम्भावना एकदम थोरै छ भने त्यस्ता ठाउँमा पुगेर प्राप्त गरेको छोटो समयको स्मृति पनि पछिसम्मै रहिरहन्छ । त्यस्तो स्मृतिले कुनैपनि बेला एउटा बेग्लै रोमाञ्च उत्पन्न गराउँछ पुग्नेका लागि ।

म त बिहान चार बजेतिरै उठिसकेको थिएँ । र, तयारी अवस्थामै थिएँ । अमित सल्लाह गरेको कुरालाई टार्न चाहँदैनन् । उनी आएपछि हामी आलिसान वाङ्सु होटलबाट तुरुन्तै बाहिरियौँ । बिहान घुम्ने कार्यक्रम हामीले अघिल्लै दिन साँझमा तय गरेका थियौँ । होटल भएको एरियामध्ये बेइजिङमा नै पर्छ । त्यहाँबाट केही मिनटकै दूरीमा फराकिलो आठ लेनको सडक छ । त्यस सडकलाई फासिङ्मेन रोड भनिन्छ । त्यस सडकमा म सन् २००६ मा बेइजिङमा भएको एक कार्यशालामा आएका बेला निकैचोटि पैदल हिँडेको सम्झना भइरहेछ । त्यसबेला तियानमेन स्क्वाएरदेखि पिपुल्स प्यालेस होटलसम्म झण्डै ८/९ कि.मि. सडक हिँडेरै कैयौँचोटि वारपार गरेको थिएँ मैले । अरू दुईजना बङ्गलादेशी मित्र पनि थिए त्यसबेला ।

हामी बेइजिङको शहरी व्यवस्थापनको उत्कृष्टताको चर्चा गर्दै पैदल यात्रा गर्दै छौँ आज । अघिल्लो साँझ हामी अबेर आइपुगेका थियौँ चेच्याङबाट । चेच्याङबाट बेइजिङको फ्लाइट ३ घण्टाको थियो । बेइजिङ विमानस्थलबाट ४० मिनटजतिको बसयात्रापछि राति झण्डै ९ बजेतिर हामी होटल आइपुगेका थियौँ । हिजोको यात्राको व्यस्तताले गर्दा अलि थकित त थियौँ तर पनि त्यसलाई वास्ता नगरेर आज हामी बिहानै मर्निङ्गवाक्मा निस्केका छौँ । बिहान अबेरसम्म कोठामा निदाइरहँदा शारीरिक विश्राम त हुन्छ तर शारीरिक स्फूर्ति र नवीन दृश्यावलोकन गरिएपछि प्राप्त हुने मानसिक सन्तुष्टि भने सुतुवाले पाउँदैन । बिहानको बेइजिङ प्रायः शान्त छ । सडक पूरै खाली त होइन तर सजिलै गन्न सकिने पातलो सङ्ख्यामा देखिन्छन् सवारी साधनहरू । हामी बाटो काट्न जेब्राक्रससम्मै

पुग्नुपर्दैन । अरू पनि पेटीको अनुशासनमा बाँधिएका छैनन् । यतिखेर बिहानको सात बजेको छ । कोही २/३ जनाको टोलीमा दौडेका पनि भेटिन्छन् । यसबेला सडक दायाँबायाँ झ्याम्म परेका रूखहरूको हरियालीले सबैको मन खिचेको छ । अलि पछि वा दिउँसो भने हरियालीतिर ध्यान दिन कसैलाई फुर्सद हुँदैन । हरियाली र त्यसको स्वच्छताको अनुभव बिहानको हिँडाइमा मात्र अनुभव हुन्छ । दिउँसो भने मान्छे बेहिसाब व्यस्त रहन्छ यस महानगरीमा । यो संसारकै सबैभन्दा ठूलोमध्येको एक महानगर हो । काठमाडौँजस्ता त यहाँ बीसौँ महानगर अटाउँछन् होला । यसबेला सडक माथिमाथि वारपार उडिरहेका पंक्षीहरूको चिरबिर प्रष्ट सुनिन्छ । तिनलाई दिउँसोको व्यस्त सडकले आफ्नो स्वच्छन्दतामा बाधा उत्पन्न गर्दछ । हामी ४/५ मिनट हिँड्दै केहीबेर उभिएर टहलिँदै विनागन्तव्य हिँडिरहेका छौँ । हाम्रो गन्तव्यलाई ठाउँ विशेषले होइन, घडीले निर्धारण गर्छ । जहाँ पुगिन्छ, त्यहीँ ठाउँले बाँधोस् न मनलाई, हिँडिरहेको बाटोले पर्खाओस् न यात्रालाई, देखिएका दृश्यहरूले आफैँतिर डाकिरहून् न आँखालाई, किन चाहियो गन्तव्य र ! गन्तव्यले त यात्रामा हिँड्नलाई बढी सचेत मात्र गराउँछ, निस्फिक्री रहन दिँदैन ।

जता पुगे पनि अडिन मन नलाग्ने ठाउँ छैनन् । हामी सडक पेटी भएर हिँड्न रुचाउँछौँ । सडकका किनारमा एक बित्ताभन्दा पनि साना फूलका बिरुवाहरू झपक्कै फुलिरहेका छन् । तिनले भुइँलाई छपक्कै ढाकेका छन् । कति सुन्दर छन् ती बाटिका भने, तिनकै छेउमा उभिएर नियालेर हेरिरहौँ जस्ता । रङ्गीन भुइँफूलहरूको लहर अखण्डित छ । तिनलाई कामदारहरू झारुबाट पानी हाल्दैछन् । ती बाटिकाका बीचबीचमा ३/४ जना बस्न सकिने बेञ्चहरू छन् । एकैछिन विश्राम गरेर बाटिकाको सौन्दर्यलाई स्थिरतापूर्वक नियाल्दै हामी हिँड्छौँ । बाटिकाको निर्माणमा कला छ, फूलहरूमा सौन्दर्य त छँदै छ, तिनको सजावटमा उच्च सिर्जना एवं कौशलको प्रयोग भएको छ । पेटीका पछिल्तिर दोकानहरू लहरै छन्, तिनका अघिल्तिरका बाटिकाको सौन्दर्यले ती दोकानहरूको आकर्षण बढेको छ । तिनीहरूका सिसाका झ्यालमा बाटिकाका फूलहरू प्रतिबिम्बित भएका छन् । अनुशासित शहरीया जीवनको झलक हरेक सडकमा अनुभव गर्न सकिन्छ । बिहानको स्वच्छताको अनुभव सडकमा हिँड्दा नै प्राप्त हुन्छ ।

बेइजिङमा ठूला मल वा डिपार्टमेन्टल स्टोरहरू पाइला-पाइलामा भेटिन्छन् । तिनका गेटमा पुलिसको पहरा चौबीसै घण्टा भइरहन्छ । ती सुरक्षाकर्मी आफ्नो ड्युटीमा यति केन्द्रित हुन्छन् कि ती मूर्ति हुन् कि मानिस हुन्, नजिकै पुगेर हेर्दा मात्र थाहा हुन्छ । हामी हिँड्दा पसलहरू खुलेका थिएनन् । हामी हिँड्दाहिँड्दै एउटा स-सानु खोलाको किनारमा पुग्यौँ । त्यसभन्दा उता जाँदा

फर्किन ढिला हुने भएकोले पुल नतरी एउटा छहारीमा बस्यौँ र खोलावरपरको प्राकृतिक सुन्दरतातिर केहीबेर आँखा डुलायौँ । किनार पूरै रूखबिरुवाले भरिएको छ । नजिकैका पार्कहरूमा बिस्तारै डुलिरहेका मानिसहरू देखिन्छन् । बेइजिङका पार्कहरूमा केही दिनपहिले हामी पुगेको शहर चेच्याङमा जस्तो कुङ्फुको अभ्यास गर्नेहरू देखिएनन् । हुन त हामी कति नै पो हिँडेका छौँ र आज ! नदीका छेउमा बस्दा अमित र मैले बाग्मतीको कुरा गर्‍यौँ । प्रकृतिले धर्तीलाई जहाँ पनि सुन्दर बनाएको हुन्छ; असुन्दर बनाउने त चेतनशील प्राणी भनिएको मानिसले नै हो । काठमाडौँलाई आधुनिक शहर हुन नसकेको मानवबस्तीको भीड मात्र हो भन्न सकिन्छ एक हिसाबले । शहरी सभ्यताको प्रभाव बढाउन हरियालीयुक्त सडक, नदी, पार्क, खुला मैदानआदि अनिवार्य हुन्छन् । उपत्यकाका साना-ठूला सबै नदीहरूलाई हरित मार्ग बनाउन नसकिने होइन नै । काठमाडौँका नदीहरूको अव्यवस्थापनको स्मृतिले हामीलाई केहीबेर उदास बनाए पनि हाम्रा आँखामा बेइजिङको चित्र थियो । हामी पाँच मिनट त्यहाँ बसेर अब फर्कौँ भन्दै सडकको अर्को किनारबाट फर्क्यौँ । नदीको मिहीन व्यवस्थापनले शहरको सुन्दरता साँच्चै बढाउँछ । सडक किनार झन् सुन्दर पुष्पबाटिकाले भरिएको छ । साना फूलजस्तै रङ्गीन चराहरू स-साना डालीहरूमा फूलसँगै झुत्ती खेलिरहेका छन् । स-साना समूहमा ती सुन्दर पंक्षीहरू हार मिलाएर रोपिएका बेग्लाबेग्लै पुष्पलहरमा उफ्रिइरहेका छन् । हामी केही सेकेण्ड उभिँदै तिनका स्वच्छन्द प्रभाती नृत्यको आनन्द लिँदै हिँड्दछौँ । सवारी साधनहरू अलि बढ्न थालेका छन् । तर, ध्वनि प्रदूषणको अनुभव हुँदैन ।

जति पर पुग्यो, उति नवीनताको अनुभूति हुने ! त्यसैकारण देशभित्र वा विदेशमा नयाँ, नौला ठाउँहरूमा पुगेर नवीन स्मृतिबोध गर्न मानिस सदा उत्सुक रहँदै आएको छ । आँखालाई सडकमा अलमल्याउन सवारीसाधनको यान्त्रिक गतिशीलता छैन, हामी बिनासतर्कता पेटी वा सडकमा हिँड्दै छौँ । सडकको सरसफाई मिहीनरूपमा गर्दै छन् महानगरका कर्मचारीहरू, उनीहरूको दैनिक ड्युटी हुनुपर्छ त्यो । उनीहरूले सफा गरिसकेका सडकहरूमा सानो टुक्रा फोहोर कतै पनि बाँकी छैन । समयबद्धताले व्यक्ति र समाजलाई अनुशासित बनाउँछ । बेइजिङ शहरको सुन्दरतामा अनुशासित चिनियाँहरूको ठूलो श्रम र बुद्धि मिसिएको छ । हामी कुरा गर्दै होटल आइपुग्यौँ । २०७४ आषाढ १० गतेको बिहान होटलबाट निस्केको झण्डै ३ घण्टामा फर्क्यौँ हामी, अब तालिकाअनुसार चल्नु छ दिउँसोको कार्यक्रमहरूमा । बेइजिङमा रहँदाको स्मृतिलाई आजको बिहानले सञ्चित गरिरहने छ पछिसम्म पनि । ■■



## दीपक नेपाल

# भो श्रद्धाञ्जली चाहिएन

जिउ दुखेर थ्याच्च बसेपछि
घाँटी क्याक्क पारेर पानी नपसेपछि
अस्पतालका पङ्क्तिहरूमा खडा गरियो
अस्पतालभित्र नअटाएपछि
समाचारका पङ्क्तिहरूमा अटाइयो
फलानो अस्पतालमा बेड नपाएर बिरामीको बिजोग
एकमुठ्ठी श्वास जानै लाग्दा
अस्पतालदेखि अस्पताल भाग्दा
अस्पतालका पेटीसम्म पाउन सकिनँ भने
भो श्रद्धाञ्जली चाहिएन !

घरनजिकैको रूखको अक्सिजन नपुगेपछि
अस्पतालमा बल्लतल्ल बेड त पाइयो
अक्सिजन पाइएन
‘ए सरकार, अक्सिजन देऊ न !’ भन्दा
अध्यादेश दिइयो
अस्पतालमा अक्सिजन नपुगेर हरिबिजोग छ
सरकारलाई सांसद नपुगेर महाबिजोग छ
आर्यघाटमा चिता
त्यही रूख काटेर बनाउने त होला ?
भो श्रद्धाञ्जली चाहिएन !

सडकमा जिन्दावाद-मूर्दावाद भनिदिएकै हो
साथीभाइको खेदो खनिदिएकै हो
उठभन्दा उठ, बसभन्दा बस
सैनिकभन्दा बफादार भएर

सबै मानिदिएकै हो
आज म उठ्न र बस्न नसक्दा
एउटा बेड किन पाउँदिनँ सरकार ?
जिउँदो हुँदा त पाइनँ पाइनँ
मुर्दा भइसक्दा पनि
दुई घडीलाई आर्यघाट पाउँदिनँ भने
भो श्रद्धाञ्जली चाहिएन !

आस मरेपछि जिन्दगीको
वरिपरि खोजिरहेँ खोजिरहेँ साथीभाइ र तिमीलाई
थियो त केवल रित्तो भित्तो र तिम्रो मृगतृष्णा
तिमीले छोडेपछि प्रिय बनेको यो कर्णफुसफुस
ग्यालरीभरिका तिम्रा तस्वीर सुमसुमाउँदै
अतीतका सुन्दर क्षणहरूमा हराउँदै गर्दा
शरीरका पीडाहरू कतिखेर हराए पत्तै भएन
तिमी साथमै भइदिएको भए
म अहिले नै संसारबाट हराउनुपर्ने थिएन कि ?
भो श्रद्धाञ्जली चाहिएन !

शब्दहरूमा शब्द मिसाउन
अन्तिम पटक तिमीलाइ सम्बोधन गरेँ
तिमी त मुहारपुस्तिकामा टाँसिएका
नियतिको भागिदार बनेका तस्वीरहरूलाई
श्रद्धाञ्जली दिन व्यस्त रहिछौ
अन्तिम श्वाससँगै मरेको आस
नटाँस्नु है मेरो लास
कारुणिक र भावुक पङ्क्तिहरू लेखेर
फेसबुकको भित्तामा
भो श्रद्धाञ्जली चाहिएन !!

■■

*बेलकोटगढी-७, रातमाटे, नुवाकोट*
*९८४१०२५५०४*

विश्वनाथ 'प्रेम'

# जहाँ जून छन



जहाँ जून छन् शान्तिका धप्प बल्ने
जहाँ घाम छन् अन्धकारबीच जल्ने
फहराइरहेको आकाशिएर............
विजयको पताका त्यही देश मेरो
.......................त्यही देश मेरो ।

जहाँ धर्म छन् कर्मका पाखुरामा
जहाँ वीर छन् विश्वका टाकुरामा
शिखर छन् सयौँ स्वर्गका शिर छुने
त्यहीँ जिउन पाइरहूँ लाख जुनी ।
नसोधे मलाई खै तेरो देश भनेर......२
यो छातीभरि पूर्ण नेपाल हेर
................ पूर्ण नेपाल हेर ।

जहाँ कृष्ण छन् गण्डकीका कलामा
जहाँ जानकी पौरखीका हलामा २
जहाँदेखि झर्छन धरामा बिहानी
त्यहीँको म माटो त्यहीँको म पानी ।
सफल हुन्छ जीवन जहाँ जन्मिएर ......२
त्यहीँ दिव्य संसार हो देश मेरो
...............सार हो देश मेरो ।

जहाँ चेतना खुल्दछन् सिर्जनामा
जहाँ धुलमा ध्यानका छन् खजाना २
हजारौँ महासभ्यताका कहानी
त्यहीँको म कैलाशको जिन्दगानी
बगेको छ अमृत जहाँ छल्किएर ......२
त्यही प्रेम प्रज्ञान हो देश मेरो
..................ज्ञान हो देश मेरो,
विजयको पताका त्यही देश मेरो ।।

■■

*शब्द /सङ्गीत : विश्वनाथ 'प्रेम'*
*स्वर : विश्वनाथ 'प्रेम' र नीरा रानाभाट*

*(वि.सं. २०४३ मा आयोजित राष्ट्रव्यापी खुला देशभक्ति गीत प्रतियोगितामा प्रथम स्थान (स्वर्णपदक) प्राप्त गीत)*

प्रकाश थापामगर

# ग्रील पसल



आइतमान सुनार ग्रील पसलतिर हेर्दै सुस्तरी के-के भुनभुनाए; कसैले बुझ्न सकेनन् ।

उनको मुहारमा निराशा झल्किन्थ्यो । घरी उनी ग्रील पसलको ताल्चा हेर्थे, घरी अलि वर आएर ग्रील पसलभित्र चिहाएर हेर्थे ।

नजिकै बसेकी एक जना महिलाले ती सबै क्रियाकलाप हेरिरहेकी थिइन् ।

“ए भाइ ! के भयो र ?” घरको दोस्रो तलाको बार्दलीबाट उनी कराइन्- “लकडाउन छ भन्ने थाहा छैन ?”

“थाहा छ हो, थाहा छ ।” आइतमान सुस्तरी भुनभुनाए, ‘के-के न आफूलाई मात्रै थाहा भएझैँ गर्छ ।”

वास्तवमा आइतमानलाई लकडाउन छ भन्ने थाहा नभएको होइन ।

२०७६ चैत्र १५ गते । लकडाउन लगाएको पाँचौँ दिन । कोरोनाको सङ्क्रमण नेपालमा नफैलियोस् भनेर सरकारले लकडाउन लगाएको थियो । आइतमान चौथो दिनसम्म त घरमै बसे, अत्तालिँदै अत्तालिँदै । पाँचौँ दिन भने उनलाई सहिनसक्नु भयो । दिनभरि त उनी चुपचाप बसे । साँझ ५ बजेतिर उनी निस्किए पैदलै, आफूले काम गर्ने गरेको ग्रील पसलतिर ।

o o o

आइतमान सुनार कैलालीबाट काठमाडौँ आएका थिए । तर उनको पुख्र्यौली घर कैलाली थिएन । उनी डोटीका स्थायी वासिन्दा थिए, पहिले । पछि तराईमा रोजगारी पाइएला भनेर कैलालीको धनगढी झरेका थिए । डोटीको विकट जमीनमा उनले आफ्नो गुजारा नहुने ठानिसकेका थिए । त्यसैले आफ्ना सात भाइहरूको जिम्मामा मुस्किलले दुई-हल लाग्ने पाखोबारी त्यत्तिकै छोडेर धनगढी झरे । पुख्र्यौली सम्पत्तिमा विधिवतः अंशवन्डा लागेन; अहिलेसम्म पनि लागेको छैन । भाइहरूमध्ये राइँलो त्यहीँ बसेको छ, बाँकी छ भाइहरू जताकतै पुगेका छन्: कोही नेपाल, कोही भारत, कोही साउदी अरब । उनी आफैँ भने काठमाडौँमा छन् ।

धनगढी झर्नुअगाडि नै उनको विवाह भइसकेको थियो । श्रीमतीसहित दुई छोरी र एउटा छोरा छन् उनका । दुई-वटी छोरीहरू ठूला सन्तान हुन् । छोरीहरू जेठी भएको परिवारमा अलिकति सजिलो त उनलाई भयो नै । छोरीहरूले आमा-बाबालाई सघाए । घरधन्दामा सघाए । त्यही भएर होला, आज आइतमानको बुढाबुढीलाई घरायसी कामधन्दाको चिन्ता छैन । दिनभरिको थकानले घर आएर उनी पल्टिन्छन्, खाटमा । ठूली छोरी तात्तातो चिया लिएर आउँछे र, भन्छे, "बाबा ! थकाइ लाग्यो होला । यो सुकुमेल राखेको चिया पिउनुस् त, टाउको हलुङ्गो हुन्छ ।"

घरमा छोरीको यो सेवासत्कार सम्झिँदा आइतमान फुरुङ्ग हुन्छन् तर, मनमनै आफैलाई प्रश्न गर्छन्, 'सबैका छोरीहरू मेरी ठुलीजस्तै हुन्छन् होला र ?' फेरि उनी आफैँ जवाफ दिन्छन्, 'होइन, होइन, सबैको त्यस्तो हुँदोरहेनछ ।'

उनी सम्झिन्छन्, उनीसँगै काम गर्ने काइँला तामाङकी छोरीहरू त त्यस्ता छैनन् रे ! काइँला भन्थे, बिहानै उठेर आफूलाई काममा जाने चिन्ता, तर छोरीहरू भने मेकअप र मोबाइलमा मस्त । छिमेकको एउटा घरमा वाइफाई जोडिएको रहेछ । त्यही वाइफाईबाट मोबाइल चलाएर रमाउने उनकी छोरीहरू । 'चिया पका न छोरी' भनेर १० पटक भन्दा बल्लतल्ल कालो चियासम्म आउँछ; त्यो पनि कानमा इयरफोन, हातमा मोबाइल, आँखा त्यही मोबाइलतिर । कहिलेकाहीँ त चिया नै ठोक्किन्छ रे काइँलासित ।

काइँलाको परिवार सम्झिँदा आइतमान मनमनै मुस्कुराउँछन्– मुसुक्क मुसुक्क । अनि, भन्छन्- "मेरी छोरी त लाखमा एक छे ।" दुवै छोरीहरू आँखामा राखेर नबिझाउने छन् । कान्छी छोरी पनि ठुलीजस्तै छे । दुवै मिलेर हामी बुढाबुढीलाई खुबै सुख कटाएका छन्, बरु हामीहरूले छोरीहरूलाई सुख दिन सकेनौँ । आइतमान मनमनै कल्पिन्छन् ।

o o o

"ए दाइ ! किन झोक्राएको हो ?" ग्रील पसलअगाडि कोठा बहालमा लिएर बसेकी तिनै महिलाको बोली फेरि गुन्जिन्छ, आइतमानको कानमा ।

"तिमीलाई केही अप्ठ्यारो भयो र बहिनी, म यहाँ बस्दाखेरि" आइतमान झपारेझैँ गरी, तर नम्र लवजमा भन्दछन् ।

"होइन, होइन । किन झोक्राइराख्नुभएको हो भनेर ।" ती महिला अगाडि भन्दछिन्, "अस्ति तपाईं बसेकै ठाउँमा, तपाईंजस्तै झोक्राएर बस्ने एक जना मान्छे घर गएपछि झुन्डिएर मरेछन् । आजभोलि त्यस्तो पनि हुने गरेको छ यतातिर । त्यही भएर हो, सोधेको ।"

“अरू कामले होइन है दाइ, नराम्रो नमान्नुहोला” महिलाले थप स्पष्टीकरण दिइन् ।

आइतमानले जवाफ फर्काए- “ए... हो ? ठीकै छ नि त ! मैले पनि नराम्रो मानेको छैन ।”

उनले ग्रील पसलअगाडि सडकछेउको ढलको लागि बनाइएको सिमेन्टको ब्लकमाथि बसेर मनमनै सोचे, “यी महिला भर्खरै कोठा बहालमा आएकी रहिछन् कि क्या हो ? नत्र भने मैले पनि कुनै न कुनै बेला देख्नुपर्ने । फेरि आफैँले आफ्नो मनलाई सम्झाए आइतमानले– जो-कोहीलाई ग्रील पसलसित के काम पर्छ र ? किराना पसल भए पो मान्छेहरू आइहाल्छन् भन्नु ! त्यसैले उनले ती महिलालाई आजसम्म चिनेका रहेनछन् ।

तर, पाँच दिनभित्रै यहीँका एक जना झुण्डिएर मरेछन्, तर आइतमानलाई थाहा भएनछ । यसप्रति भने आइतमानले मनमनै आफैँलाई धिक्कारे– छिमेकमै भएको घटना पनि थाह नपाएको भनेर ।

० ० ०

धनगढीमा पनि ग्रील पसलमा नै काम गरेका थिए उनले । कमाइ ठीकठीकै थियो । त्यतिखेर जहान नै थोरै थियो । ठुली छोरी मात्रै जन्मिएकी थिई । तीन जनाको परिवार, भनौँ न– दुई जनाको । छोरीले दूधबाहेक के खान्थी र ? पाँचसात हजारले गुजारा चलेकै थियो । छोरी स्कूल पढ्ने बेला भइसकेको थिएन ।

पछि धनगढीमै हुँदा कान्छी छोरी र कान्छो छोरा पनि जन्मियो । अब ठुली छोरीलाई पनि स्कूल पढाउनुपर्ने भयो । बोर्डिङ स्कूलमा त उनले पढाउन सक्ने कुरो भएन । नजिकैको सरकारी स्कूलमा भने पढाउन थाले उनले ठुली छोरीलाई । स्कूल फीस तिर्न नपरे पनि स्कूलको ड्रेस, कापीकलमका लागि केही पैसा खर्च त अवश्य हुन्थ्यो नै । खाजा खान घरमै आउँथी छोरी । स्कूल उनको कोठानजिकै थियो ।

कान्छी छोरीलाई पनि स्कूल पठाउने बेला भएपछि भने आइतमानलाई चिन्ता बढ्यो । अब खर्च बढ्ने भयो, त्यसको जोहो कसरी गर्ने ? उनले छिट्टै आम्दानीको नयाँ स्रोत खोज्नुपर्ने भएको थियो– आयको आकार बढाउनका लागि ।

उनका साथीभाइहरूले पनि फरक-फरक सुझाव दिएका थिए, त्यतिखेर । कसैले भने- ऋण खोजेर यही ठाउँमा अलि ठूलो आफ्नै ग्रील पसल खोल । कसैले भने- भारततिर जाऊ । यस्तो काम जानेको मान्छेले उता पनि राम्रै तलबको काम पाउँछ : महिनाको २०-२५ हजार भारु त केही गरे नि आउँछ । कसैले भने- राजधानी छिर; नेपाली २५-३० हजार त त्यता पनि कमाइहाल्छौँ । फेरि आफ्नो देश भनेको आफ्नो देश नै हो । ढुक्कसँग छाती फुलाएर बाँच्न सकिन्छ ।

उनका अगाडिको परिस्थितिले काठमाडौँ ल्याइपुऱ्यायो । काठमाडौँमा काकाको छोरा थियो पहिलेदेखि नै । उसले एक दिन फोनमा भनेको थियो, "आउनुस् दाइ यतै; मैले पनि यतै जेनतेन गुजारा चलाएकै छु; तपाईंको पनि चल्ला ।" त्योभन्दा पनि आइतमानलाई भाइको अर्कै कुराले मन छोएको थियो । भाइले भनेको थियो- "यता आएपछि नानीहरूको पढाइ पनि राम्रो हुन्छ दाइ । त्यहाँका सप्रेका बोर्डिङ स्कूल र यहाँका बिग्रेका सरकारी स्कूलमा यहींका राम्रा हुन्छन् । यहाँ त सात कक्षासम्म अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्छ ।" भाइले अरू पनि थपेको थियो- "अनि अर्को कुरा दाइ, ग्रीलको काम तपाईंले त पाउनुहुन्छ नै, साथै यहाँ आएपछि भाउजूले पनि काम पाउन सक्नुहुन्छ ।"

अरू सबैको भन्दा भाइको कुरा भरपर्दो लाग्यो आइतमानलाई । एक त आफ्नै देश, त्यसमाथि राजधानी । भाइ उतै छ । दुःख काट्ने नै त हो नि जहाँ गए पनि । अन्त भन्दा आफ्नै देशमा दुःख काट्नु बेस हुन्छ भन्ने लागेको थियो आइतमानलाई ।

विदेश भारत वा अन्त जाने विकल्प उनलाई राम्रो लागेन । दुई छोरी र छोरासहितको उनको परिवार उनी विदेश जाँदा बिचल्लीमा पर्न सक्थ्यो । परिवारका सबैलाई भारततिरै लैजानु सम्भव पनि थिएन ।

ऋण खोजेर पसल थाप्नु त झन् उनका लागि सम्भव नै थिए । बैङ्क, फाइनान्स, सहकारीबाट ऋण पाउन उनीसित धितो राख्ने केही चीज थिएन । व्यक्तिगत रूपमा ऋणसापटी पाउने सम्भावना कमै थियो । पाइहाले पनि केही हजार पाउन सकिन्थ्यो होला । यसरी ऋण खोजेर ब्याज तिर्दै ग्रील पसल चलाउने हिम्मत उनले गर्न सकेनन् । यसरी व्यवहार चलाउन टाट पल्टिएका थुप्रै मान्छे देखेका थिए उनले ।

यी सबै विकल्पका माझमा उनी काठमाडौँ आएका थिए । काठमाडौँ आएर भाइसित सल्लाह गरेर उनले कोठा खोजे । नजिकैको सरकारी स्कूलमा ठुली र कान्छी छोरीलाई भर्ना गरे । कान्छो छोरा अझैँ स्कूल जाने भइसकेको थिएन । उनलाई थाहा थियो— अर्को वर्ष त उसलाई पनि स्कूल पठाउनै पर्दछ ।

भाइले नै यो ग्रील पसलमा काम लगाइदिएको थियो । २५-३० हजार महिनामा कमाइ हुन्थ्यो । त्यसैको भरमा परिवार चलिरहेको थियो ।

० ० ०

नजिकै लट्ठी टकटकाएको आवाज सुनियो । उनले टाउको उठाएर हेरे । उनको अगाडि प्रहरीहरू उभिएका थिए । नजिकै प्रहरीको नीलो वाहन उभिएको थियो ।

उनको अगाडि उभिएको, सायद उमेरले कान्छै होलान्, एक जना प्रहरीले भने– "दाइ, किन बस्नुभएको यहाँ ? तपाईँलाई थाहै छ, अहिले लकडाउन छ नि ! यसरी जहाँ पायो त्यहीँ बस्ने होइन नि ! यसरी त कोरोना फैलिन्छ ।"

प्रहरी भाइको बुद्धिमत्तापूर्ण सम्झाइबुझाइबाट आइतमान प्रभावित भए ।

"हैन भाइ, त्यत्तिकै बसेको" उनले सङ्क्षिप्त जवाफ दिए ।

अर्को प्रहरीले जानेझैँ गरी थपे– "दाइ, तपाईं यही ग्रील पसलमा काम गर्नुहुन्थ्यो र ?"

"हो" आइतमानले जवाफ दिए ।

प्रहरीहरूले भने– "जानुस् दाइ जानुस, घरै भएर बस्नुस् ।"

मनमा त आइतमानलाई धित मरुञ्जेलसम्म त्यही ग्रील पसलनेर बस्ने इच्छाले बुर्कुसी मारिरहेको थियो । अझै उनी त ग्रील पसलको भित्रैसम्म जान चाहन्थे । तर, ताल्चा लागेको बन्द पसलले उनको त्यो इच्छा कुनै पनि अवस्थामा पूरा गर्न सक्दैनथ्यो ।

उनलाई मनमनै पुलिसप्रति रिस पनि उठेको थियो । काम त खोजियो–खोसियो, कमसेकम आफूले काम गर्ने त्यही पसलको छेउमा बसेर मनलाई शान्ति दिन नसकिएकोमा उनले प्रहरीलाई धिक्कारे पनि । तर, साथसाथै प्रहरीको बाध्यता पनि बुझिरहेका थिए उनले । उनी बुझ्न सक्थे, यसरी उनीजस्तै दुईचार जना मान्छेहरू, घर–पसलअगाडि बस्दै जाने हो भने त सडकमा भीड नै जम्मा हुन सक्थ्यो । त्यसरी मानिसहरूको बाक्लो चहलपहल नहोस् भनेर नै सरकारले लकडाउन घोषणा गरेको थियो । त्यो लकडाउनलाई व्यवहारमा लागू गर्ने जिम्मेवारी सरकारले तिनै प्रहरीमाथिसमेत लगाएको थियो ।

आइतमान मन नलागी–नलागी उठे । उनको आँखाले अगाडिको सडकमा हेरिरहेको अवश्य थियो । तर, खुट्टा भने जथाभावीजस्तै बेतालमा चलिरहेका थिए । हातलाई न त आँखाप्रति मतलब थियो, न त खुट्टासित नै । हात वेपर्वाह थियो, साथै बेरोजगार पनि । एक अर्थमा आइतमानको शरीर योजनाबद्ध रूपमा चलिरहेको थिएन । मन असक्षमजस्तै सावित भइसकेको थियो– शरीरका अङ्गहरूलाई नियन्त्रण गर्न ।

तर, आइतमानको दिमाग भने बेग्लै ढङ्गले क्रियाशील भइरहेको थियो थियो । भर्खरैसम्म बसेर उठेको त्यही ग्रील पसलछेउको दृष्य अब उनको टाउकोभित्र घुमिरहेको थिएन । सम्भवतः ग्रील पसलको आगामी प्रभाव र परिणामतर्फ उनको टाउकोभित्रको मस्तिष्कले सोचिरहेको थियो । कडा हाडभित्रको मस्तिष्कले भूमिगत रूपमा सुरक्षित तरिकाले काम गरिरहेको थियो ।

० ० ०

ग्याँस भरेको डेढ महिनाजति भयो होला । बुढीले भन्दै थिई- "अझै पन्ध्र दिन त चलिहाल्छ, त्यसपछि के गर्ने हो ? कसो गर्ने हो ?" आइतमानको मस्तिष्कले पनि यही सोच्दै थियो ।

चामलको बोरा पनि सकिनै थालेको थियो । उनको परिवार अलिकति ठूलो थियो । फेरि उनले आफूलाई सम्झाए– पाँच जनाको परिवार पनि के ठूलो भयो त ? हाम्रा बाजेको पालामा त परिवार झन् कत्रो ठूलो हुन्थ्यो । बाजेबज्यै, हाम्रा बाबाआमा र हामीहरू सबै मिलाउँदा १७ जना थिए रे ! त्यसको तुलनामा उनको पाँच जनाको परिवारलाई के ठूलो मान्नु ? कान्छो छोरा त झन् सानै छ । उसलाई परिवारको सदस्यको रूपमा गन्ने कि नगन्ने ? उसले आजसम्म थालको भाग बसेको छैन ।

२५ किलोको चामको बोरा २०-२२ दिन चल्दैन । चलोस् पनि कसरी ? बिहान-साँझ त्यही खानुपर्ने । अरू कुनै खाजानास्ताको रूपमा खानका लागि केही थिएन । उनले सोचे– चाउचाउजस्ता बाहिरी खाना खानुभन्दा त घरैमा पकाएको चामल नै बेस ! उनले सन्तोष लिए– आफूले आफैँप्रति बाहिरी खानामा खर्च नगरेकोमा ।

पानी त दिनदिनैजसो किन्नुपर्ने ! काठमाडौँका धारा सबै सुकिसकेका छन् । अलि टाढा, पैदलै हिँड्दा एक घण्टा लाग्ने ठाउँमा धारा त थियो तर त्यतिको दूरी पार गरेर त्यहाँ पुग्दा ४०-५० जना पहिले नै पालो पर्खिएर बसिरहेका हुन्थे । अनि फर्केर आउँदा डेढ घण्टाजति पैदलै हिँड्नुपर्ने । बसको रुट पर्दैनथ्यो । परे पनि आउनेजाने भाडा कसरी तिर्ने ? सकिन्नँ, दिनदिनै तिर्न सकिन्नँ ।

यही भएर होला, श्रीमतीले एक पटक भनेकी थिइन्- "जान्न बुढा म पानी लिन– यत्रो दुःख गरेर, यतिका समय लगाएर । काठमाडौँमा पनि अढाइ घण्टा लगाएर पानी लिन जाने हो र ? ४५ रूपैयाँमा एक जार पानी पाइहालिन्छ !"

आइतमानलाई श्रीमतीको कुरा ठीकै लागेको थियो । त्यसपछि उनीहरूले नजिकैको पसलबाट पानी किन्न थालेका थिए ।

नुन, तेल, दाल, चामल, पानी, कोठाभाडा सबैथोक किन्नुपर्ने भएपछि २५-३० हजारमा पाँच जनाको परिवारको लागि महिनाभरिको खर्च कसरी चल्न सक्थ्यो र ? आइतमानलाई भित्रभित्रै हुटहुटी लागिरहेको थियो ।

उनले स्कूल सम्झिए; अनि सम्झिए– कापीकलम, खाजा, ड्रेस, जुत्ता-लगायतका खर्च । लकडाउनका कारण छोरीहरूको स्कूलसित जोडिएको खर्च कम भएका छन् । त्यसमा पनि उनलाई सन्तोष नै लाग्यो । फेरि उनले सम्झिए– यस्तो बेलामा स्कूलको खर्च पनि बेहोर्नुपरेको भए के हुन्थ्यो होला ? उनले आफैँलाई सान्त्वना दिए– स्कूल खुलेको भए त ग्रील पसल पनि खुलेको हुन्थ्यो नि ! जहाँ समस्या, त्यही समाधानको झुल्के घाम !

उनले काइँला तामाङले भनेको कुरा सम्झिए- "दाइ, जस्तो पर्छ, त्यस्तै टर्छ । जहाँ समस्या हुन्छ, समाधान पनि सँगै जोडिएर आउँछ । धेरै चिन्ता नगर आइतमान दाइ ।"

यतिबेर उनलाई काइँला तामाङको सम्झना आइरहेको थियो । ऊ भएको भए मनका कुरा खूबै साटासाट गर्न सकिन्थ्यो । उनको मनले सम्झिरहेको थियो– ग्रील पसलमा कामको चाप कम भएको बेला उनीहरू नजिकैको पसलमा गएर राँगाको सेकुवा र एक गिलास लोकल सुरु गरिहाल्थे । धेरै खानुभएन कामका बेला ! काइँला मस्त मान्छे । धेरैजसो पैसा ऊ आफैँ तिर्न तम्सिरहन्थ्यो । उनको कानमा अहिले पनि गुञ्जिरहेको छ– "साहुनी ! यिः पैसा, हामी दुई जनाको ।" यति भनेर सयको नोट टक्राइदिन्थ्यो साहुनीको अगाडि । अहिले त काइँला पनि गइहाल्यो, सिन्धुपाल्चोक । लकडाउन सुरु हुनुभन्दा एक दिनअघि चैत्र १० गते नै ऊ हिँडेको थियो ।

ooo

"ए बूढा ! घर यता हो यता ।"

आइतमानले यसो बाटोमुनि हेरे । त्यहाँ उनकै श्रीमती पो रहिछन् । उनी सिधै रोडैरोड अगाडि जान थालेको देखेर उनले बोलाएकी रहेछिन् ।

आइतमान आफैँलाई कुरीकुरी लाग्यो । वरपरका देख्नेहरूले के ठानेका होलान् ! सायद सम्झे कि– यसले त दिउँसै लोकल लगाएछ । उनी छिटोछिटो ओरालो झरेर टिनको छाना भएको एकतले घरको कोठाभित्र पसे ।

कोठामा आउँदै गर्दा श्रीमती भने खिलखिलाएर हासिँन् तर छोरीछोराहरूका भने आँखा मात्र हाँसे । किनकि, उनीहरू बाबुको खिल्ली उडाउनु नराम्रो भन्ने राम्ररी जान्दथे । बिउ आइतमानले नै छरेका थिए, अहिले त्यस बोटको फूलबाट सुगन्ध महसुस भइरहेको थियो ।

■■

मित्रमणि पोखरेल

# कोरोनाको महामारी



आयो ‘कोभिड १९’ नाम लिएर फैलियो विश्वको कुनाकाप्चामा
सूक्ष्म अति सूक्ष्म भई घुमफिर गर्दै हिँड्यो मानव बस्ती–बस्तीमा ।

कसरी आयो, कसरी फैलियो यसको कसलाई के थाहा भयो र !
न त अध्ययन भए, न त खोज भए, यसमा कसलाई चासो भयो र ।

लासको चाङ पर्‍यो, कैयौँ चिहान बने, चिता जले, कोलाहाल भयो
कतिको सन्तान गुमे, कतिको संरक्षक गुमे, जतातत‍ै अशान्ति भयो ।

अस्पतालमा बिरामी र लास परे, सरकार कुर्सी तानातानमा भए
स्वास्थ्यमा राजनीति भयो अनि सामग्री खरिदमा भ्रष्टाचार भए ।

महामारीले कसैलाई मालामाल बनायो, कसैलाई कङ्गाल बनायो
हुनेखानेलाई त आनन्दै भयो, गरिखानेहरूलाई थाङ्नामै सुतायो ।

रोजीरोटी गुम्नेहरूलाई न राहातै आयो, न त आश नै पलायो ।
सरकारको मुख ताक्ताताक्दै नागरिक कतिको प्राण नै गयो ।

कोही भेन्टिलेटरमै गए त कोही अस्पताल लग्दा–लग्दैमा परे
कोही अक्सिजन नपाएर गए, कोही उपचार खोज्दा–खोज्दैमा परे ।

हिलो छ्यापाछ्यापमा भए नेताहरू, यता महासङ्कटमा परे जनता ।
कुर्सी र पदमा गुटमुटिएकाहरूले गरे राजनीति, मारमा भए जनता ।

कोरोनाको व्याख्या गर्छन् तर्क–कुतर्क गर्दै यहाँ तर ज्ञान छ र कहाँ !
जुकाझैँ टाठाबाठाहरूले कोरोनाको नाममा स्वास्थ्य–व्यापार गरे यहाँ ।



रामबहादुर बुढा

# ऐतिहासिक विराट क्षेत्र

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट दक्षिण-पूर्वतर्फको करीब ६ कि.मि. सडक प्रयोग गरेर नेपाल-भारत सीमाक्षेत्र जोगवनी पुग्न सकिन्छ । जोगवनी भन्सार नाकाबाट करीब २ कि.मि. दक्षिण-पूर्वतर्फ गएपछि मोरङ जिल्लाकै बुधनगर गाविस, वार्ड नं. ५ को भेडियारी गाउँ आउँछ । सोही भेडियारी गाउँमा प्राचीन विराट राजाको दरबारको अवशेष भएको मानिन्छ ।

२०६९ चैत्र १० गते सुरेन्द्र भण्डारी, योगेन्द्र ढकाल र म विराटनगरबाट जोगवनीसम्म गाडीमा र जोगवनीबाट बुधनगरको भेडियारीसम्म पैदल यात्रा गऱ्यौँ । भेडियारीगाउँमा पुराना इँटाहरूको ढिस्को रहेको र त्यो ढिस्को (थुम्को) भएको ठाउँमा नै राजा विराटको दरबार र मन्दिर रहेको स्थानीय गाउँलेहरूको भनाइ छ ।

भेडियारीगाउँको दक्षिण र पश्चिमतर्फ भारतसितको सिमाना पर्दछ भने पूर्वतर्फ बुधनगर गाविस वार्ड नं. ३ र उत्तरतर्फ वार्ड नं. ४ पर्दछ । भेडियारीको पश्चिमतर्फको नेपाल-भारत सिमानामा अहिले धमाधम सुख्खा बन्दरगाह निर्माण कार्य चलिरहेको छ । भेडियारीगाउँ र त्योवरपर यादव, साहलगायतका मधेशी समुदायहरूको बस्ती छ । भेडियारीको उत्तरतर्फको गाउँमा एउटा ठूलो पक्की बिल्डिङ, त्यो बिल्डिङको वरपर जताततै साना-साना बुकुरा र साना घर भेटिएका थिए ।

विराटनगर पूर्वी नेपालको ठूलो औद्योगिक सहर हो । पहिले विराटनगरको नाम गोग्राहा थियो । १९७३ मा जनरल केशरशमशेर जबरा मोरङतिर शिकार खेल्न गएका बेला गोग्राहादेखि रङ्गेलीसम्म सडक खन्ने काम चलिरहेको थियो । सडक खन्ने क्रममा ठूलो, झण्डै दुई मनको ताल्चा भेटिएको छ । त्यो ताल्चालाई ज्यामीहरूले केशरशमशेरलाई बुझाएछन् । यो ऐतिहासिक विराट राजाको क्षेत्र भएकाले यति ठूलो ताल्चा विराट राजाले नै प्रयोग गरेको हुनुपर्छ भनेर केशरशमशेरले त्यो ठाउँलाई गोग्राहा नभनी "विराटनगर भन्नू" भन्ने निर्देशन दिएछन् । त्यसपछि विराटनगर भन्न थालिएको हो भन्ने जानकारको भनाइ छ ।

पहिलो पटक २०२७ सालमा पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको अगुवाइमा पुरातत्त्व विभागका तत्कालीन महानिर्देशक तारानाथ मिश्रले भेडियारीस्थित एउटा ढिस्कोको उत्खनन गर्ने काम गरेका थिए । प्राचीन इँटाबाट बनाइएका भवन र मन्दिरका अवशेष फेला परेका थिए । ४० वटा प्राचीन मुद्रा फेला परेका थिए । ती मुद्रा राष्ट्रिय सङ्ग्रहालयमा सङ्ग्रह गर्न लगिएको छ ।

अहिले विराट दरबार मानिएको प्राचीन इँटाको थुप्रोवरपर पर्खाल लगाइएको छ । ढिस्कोको नजिकै कम्पाउन्डभित्र एउटा मन्दिर बनाइएको छ ।

२०५४ आषाढ ६ गते गाउँलेहरूको एक भेलाले 'विराट राजा प्राचीन दरबार खोज तथा संरक्षण समिति' गठन गरेको रहेछ । अहिले त्यस क्षेत्रको अध्ययन, उत्खनन र संरक्षणको अगुवाइ सोही समितिले गरिरहेको छ ।

२०२७ सालको उत्खननबाट विज्ञहरूले त्यहाँ प्राप्त सामग्री आजभन्दा झण्डै २२ सय वर्ष पुरानो भएको बताएका छन् ।

२०६८ मा उक्त खोज तथा संरक्षण समितिले नेपाल पर्यटन बोर्डबाट ३५ लाख रुपियाँ निकासा गरी दरबारको भग्नावशेषलाई पर्खालले घेर्ने, गेटपाले घर बनाउने र मन्दिर बनाउने, त्यसवरपर बाटोघाटो निर्माण गर्ने, दरबारको उत्तरपट्टिको पोखरी उत्खनन गर्ने काम गरेको रहेछ ।

२०५२ सालमा चक्रप्रसाद बाँस्तोला पर्यटन मन्त्री भएका बेला तीन लाख रुपियाँ निकासा गरी स्थानीय सत्यनारायण यादवले दान गरेको एक कट्ठा जग्गामा जनश्रमद्वारा तीनकोशे सूचना केन्द्र भवन निर्माण गरिएको रहेछ । तर त्यस क्षेत्रमा पाइएका प्राचीन सामग्रीहरू सूचना केन्द्र भवनमा नराखी खोज तथा संरक्षण समितिका अध्यक्ष कमलकिशोर यादवको घरमा राखिएको छ ।

अध्यक्ष कमलकिशोर यादवको घरमा दराजमा सुरक्षित राखिएका सामग्रीहरू लाहाको चुरी, माटोका दियो, इँटा, माटोको घैला, पत्थरको ढक, पत्थरको बस्ने पिर्का, गणेश, विष्णु, राधाकृष्ण, देवी, सूर्य र बुद्धको माटोका मूर्ति, छठपर्वमा खाने परिकार ठेकवा बनाउने मेसिन (साँचो), माटोको बुट्टा कुँदेका मट्याङग्रा, माटोको कुप्पी, अष्टधातु, लसुनिया मुगा, ढुङ्गाको माला, हात्तीको दाह्राबाट बनाइएको पासा, ढुङ्गामा कुँदिएको चित्रलिपि, प्राचीन सिलौटा, हतियार उधाउने उदिनढुङ्गा, पुराना सिक्कालगायतका सामग्रीहरू सुरक्षित छन् । त्यसवरपर कैयौँ प्राचीन पोखरी, इनार, घर, मन्दिर रहेको र त्यसको उत्खनन गरेमा धेरै कुरा थाहा हुने स्थानीय जनताको भनाइ छ ।

दरबारको भग्नावशेषवरपर जामुन र पिपलका रूखहरू छन् । दरबारको भग्नावशेषको छेउमा जामुनको रूखसँगै एउटा अचम्मको रूख छ, जुन रूखको

बोक्रा कोतर्ने (कोट्याउने) हो भने रातो रगत रङको भाग देखिन्छ । त्यस प्रकारको रूख त्यहाँवरपर कहीँ नभएको, त्यत्ति एउटा मात्र भएको भनाइ स्थानीयको छ । वनस्पति विज्ञानका ज्ञाताहरूबाट त्यो कुन वनस्पति हो ? कुन वनस्पति परिवारको हो ? भन्ने कुरा अवश्य थाहा लाग्नेछ ।

२०२७ को प्रारम्भिक उत्खननबाट त्यहाँको भवन र दरबार करीब २२ सय वर्ष पुरानो भएको बताइए पनि त्यहाँ सङ्कलन गरिएका सबै प्राचीन माटो, ढुङ्गा र धातुका सामग्री कुन-कुन समयमा निर्माण भएका हुन् ? त्यहाँको खेत-जग्गा, बस्तीमुनि प्राचीन भवन, मन्दिर, इँनार, कुवा, पोखरीलगायतका मानवनिर्मित सामग्री हुन सक्ने सम्भावना छन् । उत्खनन गर्दै जाँदा ती कहिले-कहिलेका हुन् र के-के हुन् भन्ने कुरा व्यापक अध्ययन हुन बाँकी नै छ ।

विराट राजाको विराट राज्य महाभारतकालीन राज्य थियो । यसको क्षेत्रफल धरान विजयपुरदेखि गङ्गा नदीसम्म थियो । त्यो राजाको दरबार भेडियारीमा थियो । पाण्डवहरू एक वर्ष गुप्तवास कालमा यही विराट राज्यमा बसेका थिए । यी र यस्ता कैयौँ किंवदन्तीहरू यस क्षेत्रसँग जोडिएका छन् ।

राजा विराटका सालो किच्चकलाई पाण्डवमध्येका भीमले हत्या (वध) गरेका थिए भन्ने भनाइ छ । मोरङको बुधनगर गाविसको भेडियारीस्थित विराट दरबारको भग्नावशेषबाट करीब एक कि.मि. पूर्व ३ बिगाह बढी जग्गा ओगटेको पोखरी छ । त्यहीँनेर किच्चक हत्या भएकोले त्यसलाई किच्चकबधपोखरी भनिएको हो भन्ने भनाइ छ ।

अर्कोतिर, झापाको सदरमुकाम चन्द्रगढीबाट १० कि.मि. तल पृथ्वीनगर गाविसमा देउनिया र मेची नदीको किनारमा किच्चकबध भन्ने स्थान छ । त्यहाँ पनि कैयौँ प्राचीन मन्दिर, मूर्ति, भवन, नाट्यघरका अवेशष फेला परेका छन् ।

ती दुईमध्ये वास्तविक किच्चकबध कुन हो वा दुई जना बेग्लाबेग्लै किच्चक पनि थिए कि ? जे भए पनि ऐतिहासिक, पुरातात्त्विक चीजको उत्खनन, अध्ययन र अन्वेषण हुन जरुरी छ ।

स्मरणीय छ– विराट दरबारबारे विवाद छैन । जस्तो कि भारतका मौर्य सम्राट अशोकले ईसापूर्व २४९ मा लुम्बिनीमा एक स्तम्भ गाडेर छाडेका थिए, जसलाई अशोकस्तम्भ भनिन्छ । वि.सं. १९५३ मा पाल्पाका तत्कालीन गभर्नर खड्गशमशेर जबराको अगुवाइमा लुम्बिनी गई जर्मन पुरातत्त्वविद् फुइरेरको सहयोगमा उक्त स्तम्भको उत्खनन भएपछि गौतम बुद्ध नेपालमै जन्मिएको आधिकारिक पुष्टि भएको थियो, अशोक स्तम्भमा लिखित प्रमाणका आधारमा ।

त्यसैगरी, सुर्खेत उपत्यकाभित्रको काँक्रेविहारलाई लिन सकिन्छ । सुर्खेत उपत्यकाभित्रकै होचो लातीकोइली डाँडामा मान्छेका हातले बनाएका झण्डै दुई हजारभन्दा बढी बुद्ध र अन्य देवीदेवताका मूर्तिहरू राखिएका छन् । ढुङ्गाका मूर्तिहरूको बगैंचा हो, काँक्रेबिहार । विगतमा काँक्रेबिहार अर्थात् त्यो प्राचीन मानव निर्मित चीजहरूलाई स्थानीय जनताले महाभारतकालीन पाण्डवहरूको लामो वनवासको समयमा निर्मित ठान्दथे तर नेपाल सरकार पुरातत्त्व विभागले त्यसको अध्ययन गरेपछि सन् २००५ देखि त्यसलाई (काँक्रे बिहारलाई) मध्यपश्चिमका खस मल्ल शासकद्वारा बनाइएको प्रमाणित भएको छ ।

त्यस्तै, विराटक्षेत्रमा अहिलेसम्म भेटिएका सामग्रीको वैज्ञानिक अन्वेषण हुन जरुरी छ । त्यहाँका प्राचीन भवन, पोखरी, नाट्यशाला जे छन, तिनको उत्खनन हुनुपर्दछ । पुराना चीजहरू सङ्ग्रहालय बनाई संरक्षण, थप उत्खनन, पुरिएका पोखरी, भवन, नाट्यशालालाई पुनर्निर्माण, त्यसको रेखदेख गर्ने स्पष्ट परिपाटी त्यस क्षेत्रमा बाटोघाटो निर्माणजस्ता कार्यमा ध्यान दिई मोरङको विराट दरबार क्षेत्र वा झापाको किच्चकबध क्षेत्रलाई पर्यटकीय गन्तव्य निर्माण गर्न सरकार र स्थानीय जनताले विशेष ध्यान दिन जरुरी छ ।

**सन्दर्भ सूची :**


१. *कमलकिशोर यादवद्वारा लिखित पुस्तिका "विराट राजा प्राचीन दरबार र पर्यटकीय स्थलको परिचय"*

२. *विराट राजा प्राचीन दरबार खोज तथा संरक्षण समितिका अध्यक्ष कमलकिशोर यादवसित २०६९ चैत्र १० गते भेडियारीस्थित उनकै घरमा लिएको अन्तर्वार्ता*

३. *२०६९ चैत्र ११ गतेको कान्तिपुर दैनिक ।*

चतुर्भुज गौतम 'निर्मल श्री'

# कथा लोकु साइडको



"हाकिम सा'ब हुनुहुन्न ।" उताबाट ठाडो जवाफ आइरहेको हुन्छ ।

"कता जानुभा'छ हाकिम सा'ब ?" मेरो सोधाइ हुन्छ ।

"साइडतिर जानुभएको छ ।"

"कतिखेर आउनुहुन्छ होला ?" मेरो सोधाइ हुन्छ ।

"खै ! थाहा भएन ।" प्रत्युत्तर आउँछ ।

"कुन साइडतिर होला ?"

मेरो लगातारको सोधाइले उसलाई सायद रिस नै उठिसकेको थियो कि, जङ्गिएर भनेको हुन्छ उसले-

"लोकुतिर जानुभएको छ ।"

होला त कुनै साइड भनेर हामी दुईजनाले एक-अर्काको आँखामा हेर्‍यौँ । मसँग गएको साथीको काम थियो उक्त कार्यालयमा । काठमाडौँबाट पुर्ख्यौली जिल्ला पाल्पामा घरायसी कामले आएको थियो । जतिसक्यो छिट्टै काम सकेर छिट्टै काठमाडौँ जाने योजनाले आएको रहेछ मित्र ।

काम नहुने भएपछि हामी फर्किनै पर्ने भए पनि मैले फेरि उक्त कर्मचारीलाई सोध्न पुगेँ-

"कार्यालय समयभित्र आइपुग्नु हुन्छ कि हाकिम सा'ब ?"

"भन्न सकिँदैन । लोकुतिर जानुभएको हो; कतिखेर आउनुहुन्छ थाहा भएन । भोलि अलि चाँडै आउनुस् न ।" उसको जवाफ हुन्छ ।

जागिरको क्रममा म पाल्पा गएको ३/४ महिनापछिको कुरा हो यो । पूरै पाल्पा घुमिसकेको पनि थिइनँ मैले । जम्मा १० महिनाको बसाइमा करीब आधा पाल्पा घुमियो होला तर म गएको ३/४ महिना भएको समय भएको हुँदा यो समयमा पूरै तानसेन नगरपालिका पनि घुमिएको थिएन होला भने पूरै पाल्पाको बारेमा कसरी थाहा पाउनु र !

र त, 'लोकु' भन्ने कुनै साइड होला अर्थात् पाल्पाको कुनै गाउँ होला भन्ने लागेको थियो ।

हुन पनि पाल्पाको केही ठाउँहरूको नाम आफूले कहिले नसुनेको भएको हुँदा सुन्दा नै अचम्म लाग्ने नामजस्तो लागेको पनि थियो । उदाहरणका लागि कचल, बल्ढ्याङगढी, पालुङ्ग मैनादी, डम्मक जस्ता नामहरू पहिलो पटक सुन्दा कस्तो नाम रहेछ भन्ने सोचेको थिएँ मैले । लोकु पनि कुनै त्यस्तै अचम्मको नाम होला भन्ने सोचेको थिएँ । त्यसैले उक्त कर्मचारीले भनेको यो लोकु पाल्पाको कुनै गाउँभित्रको सानो बस्ती होला भन्ने सोचेको थिएँ मैले ।

स्वयम् मेरो मित्र पाल्पाली भएपनि लोकु भन्ने ठाउँ पाल्पामा कतातिर पर्छ भन्ने उसलाई समेत थाहा थिएन । विचरा मित्र ! जन्मेको मात्रै पाल्पा रहेछ । बाँकी त सबै काठमाडौँमा छ उसको । दुई–तीन वर्षमा एकपटक आफैँ जानैपर्ने काम पर्‍यो भनेमात्रै तानसेनसम्म गएर तुरुन्तै फर्किने रहेछ । उसलाई त पाल्पाको वस्तुस्थिति मेरो जत्ति पनि थाहा रहेनछ ।

उक्त कार्यालयका कार्यालयप्रमुख नभई मेरो मित्रको काम नहुने, कार्यालयप्रमुख लोकुतिर गएकाले र कार्यालयमा छुट्टी हुने समय ५ बजेसम्म पनि कार्यालयप्रमुख आउन नसक्ने ग्यारेण्टी उक्त कर्मचारीबाट प्राप्त भएपछि भोलि आउनुबाहेक अर्को विकल्प हामीसँग थिएन । हामी उक्त कार्यालयबाट बाहिर निस्केर होटल भिन्तुनातिर चिया पिउन गइरहेका थियौँ ।

मेरो मित्र त्यही मित्र थियो जसले मलाई नेपालमा सबैभन्दा बढी बत्ती जाने जिल्ला पाल्पा हो भनेर अघिल्लो पटक ऊ पाल्पा आउँदा मसँग लामै डिस्कस गरेको थियो । मैले विभिन्न प्राविधिक समस्याहरू देखाई बत्ती जाने कार्य नियमितता हैन; आकस्मिकता हो भनेर आफ्नो कार्यालय र आफ्ना प्राविधिक कर्मचारीहरूको बचाउ गरेको थिएँ ।

काठमाडौँ बस्ने पाल्पाली साथी आफ्नो घरायसी कार्य प्रयोजनका लागि उक्त विकासे कार्यालयमा आएको थियो भने उसको कागजातमा कार्यालयप्रमुखको हस्ताक्षर हुनासाथ उसको कार्य प्रयोजन समाप्त हुने भएकोले एक मिनेटको कामको लागि कार्यालयप्रमुख कार्यालयमा नभइदिँदा एक अतिरिक्त दिन पाल्पामा बस्नुपर्ने अवस्था आएको थियो ।

०००

हिजो ३ बजेपछि उक्त कार्यालयमा गएका थियौँ । २ देखि ३ बजेसम्म सरकारी कार्यालयमा कर्मचारीहरूको खाजा समय हुन्छ भन्ने सोचेर ३ बजेभन्दा पछि गएका थियौँ । कम्तीमा पनि ५ बजेसम्म मात्र कार्यालयको समय भएको र विदा हुने समयतिर कार्यालयप्रमुख कार्यालयमा हुन्छन् नै होला भन्ने सोचेर ।

सबै काम मित्रले दुई दिन लगाएर बनाएको रहेछ, केवल कार्यालयप्रमुखको दस्तखत हुनमात्र बाँकी रहेछ । म पनि कुनै कार्यालयको कर्मचारी भएको र कुनै कार्यालयको कर्मचारी सँगै लिएर गयो भने अर्को कार्यालयले पनि सहज काम गरिदिन सक्ने सम्भावनालाई दृष्टिगत गरेर मेरो पाल्पाली मित्रले मलाई साथै लिएर गएको थियो–आफ्नो सहजताको लागि ।

भोलिपल्ट अलिक चाँडै गयौँ । अघिल्लो दिन खाजा समयभन्दा केही ढिलो जाँदा कार्यालयप्रमुख बाहिर साइडतिर हिँडिदिएकोले भोलिपल्ट खाजा समयभन्दा एक घण्टा अघि नै गयौँ– करीब एक बजेतिर ।

"हाकिम सा'ब हुनहुन्छ होला नि आज त ?" हिजोको उही कर्मचारीलाई मेरो उही प्रश्न हुन्छ ।

हिजोको उही दुई जना मान्छे; आज उही प्रश्न– उक्त कर्मचारीले चिन्यो या चिनेन ! पावर भएको चश्मा नाकको डिलमा राखेर कुनै कागज हेरिरहेको थियो; हामीतिर हेर्दै नहेरी जवाफ दियो -

"अहँ ! हुनुहुन्न हाकिम सा'ब ।"

फेरि बित्याँस पर्‍यो । हिजो उही कर्मचारीले 'भोलि अलिक छिट्टै आउनू' भनेकोले आज केही घण्टा अगाडि नै आएको तर पनि कार्यालयप्रमुख नभएपछि मेरो मित्रको पारो तातिनुको अर्को विकल्प थिएन । तै कन्ट्रोलमै थियो ।

"म बोलेपछि झगडा हुन्छ; तिमीले बोल्नू है !" भनेर नै उसले हिजोदेखि मलाई ल्याइरहेको थियो ।

"हिजो हजुरले नै अलिक छिटो आउनू न भन्नुभएकोले यतिखेर आएको । आज पनि हुनुहुन्न ? आज कता जानुभयो त हाकिम सा'ब ?" प्रश्न गर्नै पर्‍यो । गरेँ ।

"साइडतिर जानुभएको छ ।" उसैगरी हामीतिर फर्किंदै नफर्किएर चश्मा त्यहीँ नाकको टुप्पोमा अड्काएर बोलिरहेको हुन्छ ऊ ।

"ओहो ! कार्यालयप्रमुख भएर हरेक दिन साइड जाने ? आफूले गर्नुपर्ने कामको जिम्मा कसैलाई छोडेर जानुभएको छ कि ?" कार्यालयप्रमुख नभेटिउन्जेल मेरो मित्रले पाल्पा छोडेर जान नपाउने अवस्था भएपछि मैले प्रश्न गर्न पुगेँ ।

"हरेक दिन साइड जाँदा कसैलाई आफूले गर्ने कामको जिम्मा दिएर जानुहुन्छ होला कि हजुर ?" सोध्न पुग्छु मैले ।

"जिल्ला छोडेर बाहिर गएको हो र निमित्त छोड्नलाई । साइड जानुभा'को त हो नि !" हामीतिर हेर्दै नहेरी जवाफ दिइरहेको हुन्छ ऊ ।

“कतिखेर आउनुहुन्छ होला ? हजुरलाई थाहा छ कि ? आज कार्यालय बन्द नहुँदासम्म हाकिम सा’बलाई यतै कुरिराख्ने हो कि ?” अन्तिम विकल्प यही लाग्छ र भन्न पुग्छु ।

“खै ! कतिखेर आउनुहुन्छ भन्नु । लोकुतिर जानुभएको हो । बरु यस्तो गर्नु न ! भोलि फर्स्ट आवरमा आउनु न ।” बल्ल नाकको डिलबाट चश्मा मिलाएर हामीतिर हेर्दै भन्छ उक्त कर्मचारीले ।

“हिजो पनि लोकु साइड, आज पनि लोकु साइड । हैन, यो लोकु भन्ने ठाउँ पाल्पामा एउटै छ कि धेरै छ ?” मेरो मुखबाट फुत्त निस्किन्छ ।

“कस्तो हाकिम होला ! कार्यालय छोडीछोडी साइडतिर जाने । त्यो पनि हरेक दिन लोकु साइड । के ठूलै विकास-निर्माणको काम हुन लागेको छ र पाल्पामा ? हरेक दिन त्यो लोकु भन्ने ठाउँमा हाकिम नै जानुपर्ने ?”

“खै हजुर ! हाम्रो हाकिम सा’ब त हरेक दिन खाजा टाइम हुन थालेपछि लोकुतिर जानुहुन्छ । हजुरकोतिर के छ कुन्नि ?” उल्टै मलाई नै प्रश्न गर्छ उक्त कर्मचारीले । सायद, मेरो अफिस ड्रेस देखेर उसले मलाई पनि कुनै अफिसको कर्मचारी नै हो भनेर सोधिरहेको छ ।

प्रश्न गरिरहेको मैले उसलाई उत्तर दिन छोडेर त्यही अफिसको क्यान्टिनमा चिया खान भनेर जान्छौँ– कार्यालय समय अझै बाँकी छ; हाकिम आउन सक्छन् कि भनेर ?

“कस्तो हाकिम होला ? हरेक दिन साइडतिर जाने ? खालि लोकु साइडमात्रै ।” चियाको चुस्की तान्दै भन्छ मेरो मित्र । “सा... ला... आज पनि बस्नुपर्ने भयो ।”

“के गर्छौ त मित्र ? अफिस छोडेर सँधैँ साइड जाने र त्यो पनि लोकुतिर रे ? हैन यो लोकु भन्ने ठाउँ पाल्पामा कहाँ रहेछ ? जहिले हाकिम त्यहीँ जाने ?”

हामी आपसमा गफिँदै थियौँ । एउटा मान्छेले हामीतिर ध्यान दिइरहेको हुन्छ ।

“हैन सरहरू, जो हिजो पनि देखिनुभा’थ्यो; आज पनि जो देखिनुभा’छ । यो अफिसमा काम थियो नाइ ?”

पाल्पाली लवज प्रयोग गर्दै बोल्दै थियो आगन्तुक । उसको शरीरमा सरकारी अफिस ड्रेसको कपडा अलिक मैलो देखिन्थ्यो र हातमा चियाको खाली ट्रे बोकेर अफिसबाट क्यान्टिन आउँदा हामीले त्यो मान्छे त्यहीँको पियन हो भन्ने अनुमान गऱ्यौँ ।

"हो दाइ ! यो अफिसको हाकिम त सँधैँ लोकुतिर साइड जान्छन् रे ? दुई दिन भैसक्यो कहिले भेटिएनन् तपाईंको हाकिमसा'ब ।" मेरो साथीले भन्न पुग्छ । कहिले आउँछन् तपाईंको हाकिम सा'ब ? भनिदिनू न ?"

"हाम्रो जो हाकिम साबलाई भेट्न त बिहान ११ बजेभित्र जो आइपुग्नुपर्छ सरहरू, नत्र त उहाँ सँधैँ लोकुतिर जो जानुहुन्छ नि !"

"अनि दाइ, यो लोकु भन्ने गाउँ कतातिर रै'छ हँ ?" तपाईंको हाकिम जहिले पनि यही लोकु गाउँमा जाने ।" यो लोकु भन्ने शब्द कुन गाउँको होला भन्ने हिजोदेखि मनमा हुटहुटी भैरहेको थियो ।

"तपाईंलाई थाहा छैन र ? के तपाईंका हाकिम सा'ब र अन्य कर्मचारीहरू जानुहुन्न र लोकुतिर ?"

एउटा पियनले हामीलाई लोकुको अर्थ अर्थ्याइरहेको थियो ।

"अहँ के थाहा हुनु र ? म त पाल्पाको लागि नयाँ मान्छे; यत्रो पाल्पामा लोकु भन्ने कुन गाउँ हो, मलाई के थाहा र ?"

पाल्पा जिल्लाको कुनै एउटा कार्यालयको पियनले लोकुतिर हामी पनि गएका छौँ कि छैनौँ भनेर प्रश्न गरिरहेको छ ।

"लोकु कुनै गाउँ हैन सर । यो कुनै ठाउँको नाम हैन । बाहिर फिल्डमा जाने भनेर अफिसबाट निस्किने तर लोकल कुखुरा खान जाने अवस्थालाई लोकु भनिन्छ । 'लो' अर्थात् लोकल र 'कु' अर्थात् कुखुरा । 'लोकु' अर्थात् 'लोकल कुखुरा' । अब त बुझ्नुभयो सर ?"

विकासे कार्यालयको पियनबाट हामीले लोकुको अर्थ सुनिरहेका थियौँ ।

"सर ! तपाईंहरूको कुनै काम जो पऱ्यो भने भोलि बिहानै ११ बजेभित्र यहाँ आउनुहोला; नत्र हाम्रो हाकिम सा'ब जो दिउँसो भयो कि आजको लोकु कता हो भनेर खोज्दै हिँड्नुहुन्छ ।"

हामी कुनै सपनाबाट ब्युँझिएजस्ता भएका थियौँ । अब आज कुनै काम हुँदैन भन्ने प्रष्ट भैसकेको थियो । भोलिपल्ट बिहान १० बजे मेरो मित्रको कागजातमा ती कार्यालयप्रमुखले हस्ताक्षर गरेपछि ऊ पाल्पा छोडेर काठमाडौँ हिँडिसकेको थियो । उसको काम भएपछि उक्त कार्यालयमा मलाई जानुपरेको थिएन । के थाहा– त्यो दिन पनि कोही लोकुतिर हिँड्यो कि हिँडेन ? त्यसपछिका दिनहरू उक्त कार्यालयमा जानै परेन । कोही लोकुतिर गयो कि गएन ? थाहा भएन ।

०००

यस्तो घटना कुनै एउटा कार्यालयको मात्र हैन; अधिकांश कार्यालयको विशेषता हुन सक्छ। लोकु एउटा साइड हैन तर “लोकल कुखुरा खान फिल्ड जाने” भन्ने लामो शब्दलाई प्रतीकात्मक रूपमा ‘लोकु’ भन्ने शब्दबाट सिँगारिएको रहेछ।

लोकु शब्द पाल्पामा व्यापक रहेछ। “फलानो कहाँ गयो ?” “लोकुतिर”। “कार्यालयप्रमुख कहाँ जानुभयो होला ?” “लोकुतिर ।” “इन्जिनियर सा’ब कहाँ हुनुहुन्छ होला ?” “लोकुतिर ?” “सुपरभाइजर सा’ब, ओभरसियर सा’ब अफिसमा हुनुहुन्छ ?” भनेर सोध्दा “अहँ ! हुनुहुन्न । लोकुतिर जानुभा’छ” भन्ने जबाफ आऊँछ । कसैले व्यङ्ग्यात्मक रूपमा भन्छन् भने कसैले देखेको र भोगेको वास्तविकतामा भिजेर भन्छन् ।

आज कुनै पनि विकासे कार्यालयमा इन्जिनियरिङ पढेर आएको कुनै इन्जिनियर कार्यालय-प्रमुख बनेर आएको छ भने उसले आफूले कार्यालय सञ्चालन गर्न सक्दैन। कुनै सुपरभाइजर वा ओभरसियरको इशारामा नाचिरहेको हुन्छ। वास्तविक साइड जान खोज्दा लोकु साइडतिर लगिन्छ। लोकल कुखुराको फिला र साँप्रा लुछ्न पाएपछि र ८८४८, ओ.डी. भन्ने झोल तान्न पाएपछि कार्यालयमा उपस्थिति अनिवार्य चाहिँदैन ।

अझ हाम्रो प्रायः नेपाल विद्युत् प्राधिकरण जस्तो कार्यालयहरूमा कुनै कार्यालयप्रमुखको स्थान सुपरभाइजरले लिइरहेको हुन्छ । एउटा फोरमेनले आफूलाई इन्जिनियर सोचेको हुन्छ भने त्यही फोरमेनले इन्जिनियरलाई भूमिकाविहीन बनाइरहेको हुन्छ । त्यस्तै, एउटा इलेक्ट्रिसियनले सुपरभाइजरको पोज देखाइरहको हुन्छ ।

आफ्नो भूमिका के हो ? हामी आफैँले थाहा पाउँदैनौ। कार्यालयप्रमुखको नजिक बसेर आसेपासे, भरौटे, कुरौटे र धुपौरेहरूले अधिकांश कार्यालयहरूलाई धमिल्याइरहका छन् । अझ लोकुले त के-के गरेको छ-छ, त्यसको बयान गरिरहनुपर्ला र ? आफैँ स्पष्ट हुन्छ कुरो । जय होस् ।

■■

*नेपाल विद्युत प्राधिकरण*
*कुलेखानी दोस्रो जलविद्युत केन्द्र*
*निबुवाटार, मकवानपुर*


*(यो कथा पाल्पा जिल्लामा एकदमै प्रख्यात छ)*

अरुणबहादुर खत्री 'नदी'

# आगोका फिलिङ्गाहरूमा डुबुल्की मार्दा



नेपाली साहित्यमा मुक्तक लेखन परम्परा पुरानै भए पनि कलम चलाउनेहरूको सङ्ख्या चाहिँ ज्यादै कम देखिन्छ। मुक्तककासङ्ग्रह प्रकाशित गर्ने साहित्यकारहरू औँलामा गन्नुपर्ने अवस्था छ र यसैभित्र कवि डा. श्यामप्रसाद न्यौपाने पनि पर्दछन्। कवि डा. न्यौपानेको 'आगोका फिलिङ्गाहरू' नामक मुक्तक सङ्ग्रह २०७५ सालमा प्रकाशित भएको छ। यसभित्र २८८ वटा मुक्तकहरू राखिएका छन्। कवितालाई निचोरेपछि मात्र मुक्तकको जन्म हुन्छ। आफूले भन्न खोजेको कुरालाई चार हरफमै लेख्नुपर्ने हुँदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतिपूर्ण त हुन्छ नै। त्यसो त एउटा सानो मुक्तकभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ। जीवन र जगत्सँग सम्बन्ध गाँसिएका मुक्तक रचनाहरू सङ्ग्रहित यस कृतिले मुक्तक लेखनका क्षेत्रमा थप योगदान गरेको छ। कविताको सबैभन्दा लघुतम रूपलाई मुक्तक काव्यको रूपमा चिन्ने गरिन्छ। हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै मुक्तक काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित अनेक पक्षलाई नै समेटेर सिर्जना गरिएका हुन्छन्। मुक्तककार श्यामप्रसादले सिर्जनामा बिम्बको राम्रोसँग प्रयोग गरेका छन्। विषयवस्तु प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन्। जसका कारण मुक्तक पठनीय हुन पुगेको छ तर कतिपय मुक्तकहरू शायरी शैलीमा सिर्जिएकाले केही लामा र कण्ठ पार्न कठिन हुनेखालका पनि देखिन्छन्।



*अतीत कहिल्यै बिर्सनुहुन्न महाशय*
*वर्तमानदेखि कहिल्यै तर्कनुहुन्न महाशय*
*विगत र वर्तमानले नै भविष्य निर्माण हुन्छ*
*सदैव आकाशमा फूल सिर्जनुहुन्न महाशय*

नेपाली मुक्तकको प्रमुख प्रवृत्ति प्रणय अनुभूति पनि हो । मुक्तककार डा. श्यामप्रसाद प्रणय अभिव्यक्तिका कुशल शिल्पीका रूपमा दरिएका छन् । उनले सङ्ग्रहमा अरूले दिएको अमृतभन्दा प्रेमिकाले दिएको विषलाई मिठो मान्ने अतिशय भावुकता प्रकट गरेका छन् । धेरैले बोल्न नसकेका र नपाएका कुरा डा. श्यामप्रसादका मुक्तकले बोलेका छन् । सज्जन मानिसलाई अनेक बहानामा किनारा लगाइएको छ, लाभ लिनेले जसरी पनि लाभ लिएकै छन् ।

*अनगिन्ती यादमात्रै पठाएर के गर्नु भा हजुरले*
*जसले जे भन्यो त्यही पत्याएर के गर्नु भा हजुरले*

*अर्काको अस्तित्त्व स्वीकार्ने परम्परा बस्दैन भने*
*दोषीलाई कठघरामा उतार्ने परम्परा बस्दैन भने*
*समाज भाँडिन्छ महोदय, सभ्यता बिनासिन्छ*
*ऐन कानुनलाई दह्रो पार्ने परम्परा बस्दैन भने*

*भ्रमको खेती गर्नुभएन कटुवालहरूले*
*मीठो बिस्कुन चर्नु भएन कटुवालहरूले*

उनले मुक्तकमा लेखेका छन् । गजलकार, कवि एवम् मुक्तककार श्यामप्रसादको आगोका फिलिङ्गाहरू समसामयिकतामा सङ्कलित वर्तमान राजनीतिक परिवेशमा आधारित मुक्तकसङ्ग्रह हो । यस कृतिमा विभिन्न विषय, विभिन्न स्वाद र विषम राजनीतिक अवस्थाका अत्यन्त सान्दर्भिक र बेजोड मुक्तकहरू राखिएका छन् । सबै मुक्तकहरू मुक्तकीय सिद्धान्तमा समलङ्कृत छन् । मुक्तकहरू स्वयम् परिपक्व एवम् सिद्धान्तनिष्ठ सर्जक भएकाले मुक्तकका सम्बन्धमा संस्कृतका विद्वान्हरूको मतद्वारा निर्देशित छन् ।

*अर्काको इशारामा फनक्कै नाच्ने हामीहरू नै*
*गफैगफमा संसार हाक्ने हामीहरू नै* उनको मुक्तकमा लेखिएको छ ।

कति मान्छे आफ्ना कुरा मुस्कानमा भर्ने गर्छन् कति मान्छे आफ्ना कुरा खहरे झैँ पोख्ने गर्छन् । समग्रमा भन्दा कवि डा. श्यामप्रसाद मुक्तक लेखनमा सफल व्यक्तिका रूपमा गनिन्छन् । नीतिका कुरा दिन, सुन्दर समाज निर्माण गर्न,

समाजलाई राम्रो बाटो देखाएर भावी पुस्तालाई मार्गदर्शन गर्न उनी खप्पिस छन् । मान्छेको प्रवृत्ति र सामाजिक बिसङ्गति हैकमवादी स्वर र अहम्वादी प्रवृत्तिले निकै थिचेको देखिन्छ उनका मुक्तकमा । झट्ट सुन्दा समान्य हाँसोजस्तो लागे पनि यसभित्र प्रत्येक इमानदार व्यक्तिको यथार्थ अवस्थाको चित्र लुकेको छ । यसरी नै असलहरू सधैँ किनारा लाग्ने खेल सदियौँदेखि समाजमा चलिआएको छ र त यदाकदा उनका मुक्तकमा विद्रोहको आक्रोश पनि उठेको छ ।

*पीडितको आँसुमा रमाउनेहरूलाई सलाम*
*भ्रष्टाचारले सिनोझैँ गन्हाउनेहरूलाई सलाम*
*सदाचार त एकादेशको कथा पो भो यहाँ*
*देश चुसेर सिसमहल बनाउनेहरूलाई सलाम*

उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन् । आगोका फिलिङ्गाहरू नामक यस मुक्तक सङ्ग्रहभित्रका भावभङ्गी र अस्तित्त्व सबै लालित्यले भरिपूर्ण पारेका छन् डा. श्यामप्रसादले । आफ्नो सुकोमल मुक्तकमा मुक्तककार डा. श्यामप्रसादको मीठो र गहकिलो मुक्तकयात्रा आगामी दिनमा सबल र सफल बन्ने नै छ । सानो आकारको पुस्तकमा धेरै कुरा अटाइएको उनको यो मुक्तकसङ्ग्रह समसामयिक नेपालको शब्दचित्र नै बन्न पुगेको छ । सबै क्षेत्रमा सुधार र समृद्धिको चाहना राखिएको यो कृति देशको मौलिक स्वरूप हो । उनका मुक्तकभित्र उठाइएका प्रश्नहरू सबै देशप्रेमी नागरिकका प्रश्न हुन् । सारमा भन्दा जीवनका यथार्थहरू जे जस्ता छन् तिनलाई त्यस्तैमा प्रकट गर्दाको मौलिक स्वरूप उनका मुक्तकहरूको मुख्य विशेषता हो । भावी साहित्यिक लेखनमा कवि डा. श्यामप्रसादलाई सफलताको कामना गर्दछु । आगामी दिनमा उनका अन्य कृतिहरू हामीले पढ्न पाउने ठूलो आशामा बाधिएको छु ।

प्रकाशकः लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपाल
संस्करणः प्रथम, वि.सं. २०७५
मूल्यः रु.१७५ ।–

■■

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव- कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौँ एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युत्कर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षकः
हितेन्द्रदेव शाक्य
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षकः
मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गःसी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरूः
कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमील्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू
१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६
३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-

३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान– ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल– ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक– ९८४१२७८६५८
४०. सरोज अर्याल– ९८४६०८८२३१
४१. यादवराज घले– ९८४१३६१६९६
४२. उषा सिंह– ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल– ९८४१८३५६८५
४६. राजु शर्मा– ९८४१४२६४६२
४७. रीता खनाल– ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई– ९८४९३६५९९७
४९. सुभाष दाहाल– ९७५१००८२२६
५०. सिन्धु यादव–
५१. नवराज भट्ट–
५२. रङ्गराज सिंखडा–
५३. भोजराज पौडेल–
५४. अनिरुदप्रसाद यादव– ९८४१५०२३५८
५५. हरिकृष्ण शाह– ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय– ९८४१३९०१९३
५७. दीपक दाहाल– ९८४९१७४७९९
५८. आर.आर. चौलागाई– ९८४५३५१०००
५९. कृष्णहरि दाहाल– ९८५११९९००२
६०. गोसाईं के.सी.– ९८५१०१२२५३
६१. मधुकर थापा–
६२. ओमप्रकाश घिमिरे– ९८४१६३५९१९
६३. सुजाता थापा– ९८४१३८९४३१
६४. दीपकराज आचार्य–
६५. गङ्गालाल श्रेष्ठ–
६६. राजकुमार रमण– ९८४१२३४३५३
६७. उमा घिमिरे– ९८४१९३२५४२
६८. रीता खनाल– ९८४१६०२१७२
६९. समीरा नेपाल–
७०. दीपक ढकाल– ९८४३८४८८९५
७१. शङ्कर खड्का– ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु– ९८४१८१८२५७
७३. प्यारु राणा– ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी– ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ– ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल– ९८५११९०६७५
७९. कोमल कौशिक– ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने– ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी– ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल– ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित– ९८५११०४५६७
८४. केशवराज वाग्ले–
८५. राजु के.सी.– ९८४१४०२७३५
८६. चण्डिका रायमाझी– ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी– ९८४१४०२८३६
८८. तारादत्त भट्ट– ९८५११३५३९२
८९. शारदा पराजुली– ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट– ९८४८०२४९६५
९१. कपिलदेव महतो– ९८४१२७२७६६
९२. थर्कबहादुर थापा– ९८४१२२४९३९
९३. इन्दिरा पौडेल–
९४. शारदादेवी भट्टराई– ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ– ९८१०३६३९३०
९६. टीकाराज कार्की– ९८५१०६९५६८
९७. प्रकाश आचार्य– ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान– ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना– ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल– ९८४१५४८३९३
१०१. शिव राई– ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी– ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई– ९८४१२२८४५९
१०४. सुशीला लामा– ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ– ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती– ९८५१०३६७७६
१०७. चूडामणि आचार्य– ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम– ९८५८४२६८८
१०९. इन्दिरादेवी दाहाल– ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'– ९८४९४४७४८९
१११. बलराम पुडासैनी– ९८४१४०५००७
११२. केदारराज सिलवाल– ९८५१०९४४५९
११३. भरतकुमार खड्का– ९८५१०३४६७५
११४. भोला शर्मा– ९८४१३३७७७२

११५. उर्मिला शर्मा- ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाईं- ९८४३०५१४५०
११८. बलराम चौलागाई- ९८४९२३५४९६
११९. मनोज सिंह- ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल- ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित- ९८४१७६२९४०
१२३. देवीमाया दाहाल- ९८४१३३३७९४
१२४. निर्मला सुवेदी- ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने- ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी- ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल- ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल- ९८४१५४८३७८
१३०. कल्पना कोइराला- ९८४१८०३२००
१३१. थीरकुमार खत्री- ९८४१५७०९२२
१३२. सोमराज शाह- ९८४१०२७९२७
१३३. सङ्गीता कार्की- ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती- ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले- ९८४१५१०५४७
१३९. प्रशून अधिकारी- ९८५११६६८१०
१४०. रामहरि गौतम- ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल- ९८४५४६०५२
१४२. मदन तिम्सिना- ९८५११९८३४५
१४३. हरराज न्यौपाने- ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र- ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी- ९८४१४७५२८७
१४६. मनोज सिलवाल- ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल- ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी- ९८४१२४२६५५
१५०. शम्भु बस्नेत- ९८५१०७४००४
१५१. हरिहर बराल- ९८४१३०५२४२
१५२. केदार प्र. धिताल- ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर- ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा- ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी- ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल- ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई- ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई- ९८४१३२०३१०
१६२. मणिराज नेपाल- ९८५१०४००५६
१६३. दीपा खकुरेल- ९८४१४४८५३०
१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५
१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७
१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११
१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५

१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शमशेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी...........................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६४. मधुकर बस्नेत - ९८४१७९०७४८
२६५. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६६. हरिबहादुर थापा - ९८४९००२१२३
२६७. सुमनराज मानन्धर - ९८४९३९३१६९
२६८. तेजकान्त उपाध्याय -९८५५०३१९६४
२६९. रञ्जित शाह - ९८४९१२४५९०
२७०. विवेक तिम्सिना - ९८५११९९२७३
२७१. सरस्वती केसी - ९८४१८२७७५१

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिबिम्व | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जित | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दु:खी माइला) | २०७६ |



# नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'